सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ फागुन २०८२, बुधबार (18 Feb 2026, Wednesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३०० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-



नेकपा संयुक्तको घोषणापत्र

एक व्यक्ति दुईपटकसम्म मात्र प्रधानमन्त्री हुन पाउने



'लोकतन्त्र र आर्थिक विकासका विश्वव्यापी मानकहरूको घरेलुकरण हुन सकेन भने राष्ट्रले अवसरबाट फाइदा लिन सक्दैन, संकटहरू समाधान गर्न सक्दैन र आर्थिक रूपले पराधीन बन्दै जान्छ। आज नेपाल त्यही दुष्चक्रमा फस्दै गएको छ,' घोषणापत्रमा भनिएको छ।

(विस्तृत पृष्ठ ३)

निर्वाचनपछिको सम्भावित संकट



● देवराज गुरुङ

(पृष्ठ ४)

श्रम मन्त्रालयको प्रतिवेदन भन्छ-

श्रममन्त्रीले खारेज गरेको कार्यविधिविपरीत ९,५०० रुपैयाँ लिएर कामदारको स्वास्थ्य परीक्षण

(विस्तृत पृष्ठ ६)

कर्नर किक

● रवि मिश्र



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

यसपटक 'इतिहास'कै दबाबमा ओली

गृहजिल्ला झापाबाट विगतमा फराकिलो मतान्तरले जित्दै आएका ओलीले यसपटक 'क्षेत्र सुरक्षित' गर्ने उच्च दबाब झेलिरहेका छन्, प्रतिकूल नतिजाले राजनीतिक इतिहासमा पार्ने प्रभावको आकलन गरेर झापा ५ मै केन्द्रित भएका छन्

०४८ देखि ओलीका चुनावी कमान्डर एमाले नेता देवेन्द्र दाहाल भन्छन्-

नागरिकले अध्यक्षकै कुराकानी सुन्न जरुरी भएकाले मसिनो गरी लागेका छौं



विगतका निर्वाचनमा धेरै सहज अवस्था थियो। अहिले नयाँ र पुरानोको नाराले केही समस्या भएजस्तो सुनिएको छ। तर, हल्ला गरिएजस्तो गाह्रो अवस्था नै त होइन। जनतामा छरिएका भ्रम चिर्नका लागि पनि मसिनो ढंगले लाग्नुपर्ने अवस्था छ। त्यहीअनुसार जनतासँग संवाद गर्ने कार्यक्रम बनाएर लागेका हौं। सामाजिक सञ्जालले जनतामा अन्योल सिर्जना गरेको छ। नागरिकले अध्यक्षकै कुराकानी सुन्न जरुरी भएकाले मसिनो गरी लागेका छौं। त्यही भएर हामीले उहाँ (ओली) लाई जनतासँग लिएर आएका हौं।

झापामा **चिरञ्जीवी घिमिरे**

'राजनेता'को ब्रान्डिङ, देशभर दौडधुप, आवश्यकताअनुसार काठमाडौंमै बसेर चुनावी समन्वय र थोरै समय मात्र आफ्नो निर्वाचन क्षेत्रमा सक्रिय। विगतका धेरैजसो निर्वाचनमा एमाले अध्यक्ष केपी ओलीको 'रुटिङ' यस्तै रहन्थ्यो। तर, यसपटकको निर्वाचनमा उनको 'रुटिङ'मा धेरै बदलाव आएको छ, उम्मेदवार रहेको झापा ५ मै केन्द्रित छन्। विगतमा फराकिलो मतान्तरले जित्दै आएका ओलीले यसपटक 'क्षेत्र सुरक्षित' गर्ने उच्च दबाब झेलिरहेका छन्।

२३-२४ भदौको जेन-जी विद्रोहमा सत्ता गुमाएका ओलीलाई एमालेले भावी प्रधानमन्त्रीको 'फेस' बनाएको छ। तर, मनोनयन दर्ताको एक महिनामा उनी आफ्नो निर्वाचन क्षेत्र झापा ५ र काठमाडौंमा सीमित बनेका छन्। बदलिएको परिस्थितिमा ओली झापामा जसरी केन्द्रित छन्, यसले उनी २१

» पृष्ठ २ मा क्रमशः



चुनाव प्रचारका लागि कमल गाउँपालिका- १ मा एमाले अध्यक्ष केपी ओली

बालेनको इन्ट्रीले फेरिएका ओली, १० दिनमै सय टोलमा घरदैलो

ओली आफ्नो निर्वाचन क्षेत्रमा केन्द्रित हुनुमा मुख्यतः जेन-जी विद्रोह र रास्वपा वरिष्ठ नेता बालेन शाह चुनाव लड्न उनकै क्षेत्रमा आउनुलाई मानिएको छ। विगतमा पटक-पटक राप्रपासँग तालमेल हुने गरेकोमा यसपटक ओली एक्लै मैदानमा छन्, यो पनि अर्को दबाब छ। विगतमा मतदाता भेट्न घरदैलो न्यून गर्ने उनी यसपटक टोलटोल पुग्ने प्रयासमा छन्। माघ अन्तिम साता मात्रै उनले कमल गाउँपालिका, गौरीगन्ज गाउँपालिका र गौरादह नगरपालिकाका ८० वटा टोलमा घरदैलो र मतदाता भेटघाट गरेको एमालेले जनाएको छ। बिचमा काठमाडौं गएर आइतबार पुनः फर्किएका उनले मंगलबारसम्म दमक नगरपालिकाका विभिन्न वडाका १५ टोलमा घरदैलो गरेका छन्। यसपटक ओलीले मतदाताको तिखा प्रश्नको पनि सामना गरिरहेका छन्।

■ ओलीले सार्वजनिक गरे आफ्नो प्रतिबद्धतापत्र

भ्रष्टाचार नियन्त्रणदेखि सुकुमवासीलाई लालपुर्जा बाँड्नेसम्मका योजना

झापा/ पार्टीको औपचारिक घोषणापत्र नआउँदै एमाले अध्यक्ष एवं झापा ५ का उम्मेदवार केपी ओलीले मंगलबार आफ्नो प्रतिबद्धतापत्र सार्वजनिक गरेका छन्। ओलीको प्रतिबद्धतापत्रमा राष्ट्रिय र स्थानीय मुद्दा चार बुँदा र ४२ वटा उपबुँदामा समेटिएको छ।



घरदैलोको क्रममा दमक नगरपालिका- ९, अमरसिंह चोकमा आयोजित कार्यक्रममा ओलीले देशमा सुशासन, भ्रष्टाचार नियन्त्रण, राष्ट्रियताको सवालदेखि झापा ५ को विकासको सन्दर्भ उल्लेख गरेर प्रतिबद्धतापत्र ल्याएका हुन्। ओलीले झापा ५ मा आव ०८२/८३ मा बजेट विनियोजन भई हाल रोकिएका र अधुरा विकास निर्माणका काम पूरा गर्न सशक्त पहलकदमी गर्ने वाचासमेत गरेका छन्।

भूमिहीन, दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने कार्यलाई तीव्रता दिने प्रतिबद्धता छ। आदिवासी, जनजाति, दलित, सन्थाल, मुस्लिमलगायत पछाडि पारिएका सबै समुदायका नागरिकको जीवनस्तर उकास्ने कार्यक्रम ल्याउने, सबै ग्राभेल सडक कालोपत्रे गर्ने, अन्न, फलफूलका लागि शीतभण्डार स्थापना गर्नेलगायत प्रतिबद्धता छ। प्रत्येक पालिकामा एक-एक सुविधासम्पन्न खेलमैदान निर्माण र क्रमशः वडास्तरसम्म खेलमैदान विस्तार गर्ने प्रतिबद्धता ओलीको छ।

त्यस्तै, ओलीले सबै सामुदायिक विद्यालय, क्याम्पसलाई भौतिक र शैक्षिक रूपमा सक्षम बनाउने, कृषि क्षेत्रमा सिँचाइ पुऱ्याउने, कृषिलाई आधुनिकीकरण, बजारीकरण र यान्त्रीकरणमा पहल गर्ने, जैविक मल

» पृष्ठ २ मा क्रमशः

डेढ वर्षपछि बंगलादेशमा दलीय सरकार

नयाँ प्रधानमन्त्री रहमानले लिए शपथ, आज कार्यभार सम्हाल्दै



बंगलादेशका ११औं प्रधानमन्त्री तारिक रहमानले बुधबार बिहान सावरस्थित राष्ट्रिय सहिद स्मारकमा श्रद्धाञ्जली अर्पण गरेपछि उनी सरकारको सचिवालय भवन १ (मन्त्रिपरिषद् विभाग भवन) मा गए स्थानीय समयअनुसार १२:३० बजे कार्यभार सम्हाल्नेछन्।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

डेढ वर्षदेखि राजनीतिक संक्रमणमा रहेको दक्षिण एसियाली मुलुक बंगलादेशमा आमनिर्वाचनमार्फत म्यान्डेड पाएका तारिक रहमानले प्रधानमन्त्रीको शपथग्रहण गरेका छन्। रहमानले देशको ११औं प्रधानमन्त्रीका रूपमा पद तथा गोपनीयताको शपथ लिएसँगै नयाँ सरकारका २५ मन्त्री र २४ राज्यमन्त्रीले पनि शपथ लिएका छन्।

राष्ट्रपति मोहम्मद साहबुद्दिनले जातीय संसद् भवनको साउथ प्लाजामा प्रधानमन्त्री र मन्त्रीहरूलाई शपथग्रहण गराएका छन्। रहमानले राष्ट्रिय संविधान र राज्यको सार्वभौमसत्ताको संरक्षण, रक्षा र पालन गर्ने प्रतिबद्धतासहित शपथ लिएका छन्। सरकारी एजेन्सी बंगलादेश संघवाद संस्था

» पृष्ठ २ मा क्रमशः

भारतसँग पहिलोपटक पारस्परिक कानुनी सहायता सम्झौतामा हस्ताक्षर

अब अन्तरदेशीय अपराधमा दुवै देशका सुरक्षाकर्मीले संयुक्त अनुसन्धान गर्न पाउने



● **पाराश्वर ढुंगाना**
सचिव, कानुन मन्त्रालय

फौजदारी विषयमा दुई मुलुकबिच पारस्परिक कानुनी सहायता आदानप्रदान गर्ने उद्देश्यले सम्झौता गरिएको हो। यो सम्झौताले फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन तथा न्यायिक कारबाहीका क्रममा प्रमाण संकलन तथा आदानप्रदानलगायत विषयमा दुवै मुलुकका सक्षम अधिकारीबिच सहयोग आदानप्रदान गर्नका लागि विधिवत् मार्गप्रशस्त गर्नेछ।

नवराज मैनाली/नयाँ पत्रिका

नेपाल र भारतबिच फौजदारी विषयमा पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ। पहिलोपटक भएको यस्तो सम्झौताले अन्तरदेशीय अपराधको संयुक्त अनुसन्धानदेखि एक-अर्का देशबाट प्रमाण आदानप्रदानलाई बाटो

» पृष्ठ २ मा क्रमशः



हस्ताक्षरपछि सम्झौता आदानप्रदान गर्दै नेपालका तर्फबाट कानुन मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराई र भारतका तर्फबाट नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव

अधिकांश दल र उम्मेवारको खर्च–आम्दानी 'गुपचुप'

राजनीतिक दल र उम्मेदवारले चुनावसँग सम्बन्धित सबै आम्दानी र खर्च छुट्टै बैंक खातामार्फत गर्नुपर्ने निर्वाचन आचारसंहिता भए पनि अधिकांश दलको बेवास्ता, ६८ दलमध्ये ६ दलले र साढे ६ हजार उम्मेदवारमध्ये ७३३ ले मात्र खाता खोले



● **सीता पुन श्रीस**
सहप्रवक्ता, निर्वाचन आयोग

छुट्टै खाता खोलेर दल र उम्मेदवारको खर्च व्यवस्थापन गर्ने आयोगको यो पहिलो प्रयास हो। व्यक्तिगत खातामा आयोगले पहुँच राख्ने विषयमा समस्या हुने भएकाले निर्वाचन प्रयोजनका लागि अलग्गै खाता खोल्न भनेका हौं। बैंक खाता नखोली निर्वाचन प्रचारप्रसार खर्च गर्दा आचारसंहिता उल्लंघन हुन्छ। तर, खाता नखोले के कारबाही हुन्छ भन्ने अहिलेसम्म आयोगले निर्णय लिइसकेको छैन।

पवन तिमिल्सिना/नयाँ पत्रिका

निर्वाचन खर्च र आम्दानी व्यवस्थित एवं पारदर्शी बनाउन छुट्टै बैंक खाता सञ्चालन गर्नुपर्ने निर्वाचन आचारसंहिता रहे पनि अधिकांश दल र उम्मेदवारले यसलाई बेवास्ता गरेका छन्। मतदानका लागि १५ दिन मात्रै बाँकी रहे पनि मंगलबारसम्म ६ दल र ७३३ उम्मेदवारले मात्रै चुनावकेन्द्रित खाता खोलेका छन्। २१ फागुनको निर्वाचनका लागि प्रत्यक्षमा ६५ दलबाट ३,४०६ र समानुपातिकमा ६३

» पृष्ठ २ मा क्रमशः

खाता खोल्न कुन–कुन दलले लगेका छन् सिफारिस

प्रत्यक्षमा ६५ दलबाट ३,४०६ र समानुपातिकमा ६३ दलबाट ३,१३५ उम्मेदवार

दल : नेपाली कांग्रेस
खाता सञ्चालक : गगनकुमार थापा र उमेश श्रेष्ठ
बैंक : ललितपुरको पुल्चोक शाखामा रहेको प्राइम कमर्सियल बैंक

दल : जनता समाजवादी पार्टी
खाता सञ्चालक : अशोककुमार राई र शरणकुमार राई
बैंक : राष्ट्रिय वाणिज्य बैंकको ग्वार्कोस्थित शाखा

दल : राष्ट्रिय जनमोर्चा
खाता सञ्चालक : सुधा शर्मा र मदन शर्मा
बैंक : ग्लोबल आइएमई, कपन शाखा

दल : नेपाली कम्युनिस्ट पार्टी
खाता सञ्चालक : एविन्द्र पराजुली र खेमराज पौडेल
बैंक : ग्लोबल आइएमई, कोटेश्वर शाखा

दल : नेपालका लागि नेपाली पार्टी
खाता सञ्चालक : सुशीलचन्द्र अधिकारी र दीपककुमार पोखरेल
बैंक : राष्ट्रिय वाणिज्य बैंक, भोटाहिटी शाखा

दल : नेपाल कम्युनिस्ट पार्टी (संयुक्त)
खाता सञ्चालक : समीर गौतम र हरिबहादुर खड्का
बैंक : काठमाडौंको मैतीदेवीमा रहेको राष्ट्रिय वाणिज्य बैंकमा खाता खोल्न सिफारिस पाएको थियो।

मतदाता शिक्षामा आयोगले खोज्यो कलाकार र इन्फ्लुयन्सरको साथ



■ मंगलबार कलाकार र कन्टेन्ट क्रियटरहरूसँगको छलफलमा निर्वाचनकेन्द्रित सही सूचना प्रवाह गर्न अनुरोध गर्दै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भने–

निर्वाचनका वेला फैलिने मिथ्या सूचनाविरुद्ध सामग्री बनाएर योगदान गरिदिनुहोला। सत्यतामा आधारित सामग्री बनाएर फैलाउन अनुरोध गर्दछौं, यो साझा दायित्वको विषय पनि हो। निर्वाचनबाहेक विकल्प छैन भन्ने सन्देश पुऱ्याउन भूमिका खेल्न आयोग यहाँहरूलाई आह्वान गर्दछ।

निर्वाचन सुरक्षामा सशस्त्र प्रहरी

आजदेखि ५४१ स्ट्राइकिङ र १,२५२ मोबाइल टोली परिचालित



नयाँ पत्रिका

निर्वाचन सुरक्षाका लागि आजदेखि पूर्ण रूपमा सशस्त्र प्रहरी परिचालन हुने भएको छ। देशैभरि ५४१ स्ट्राइकिङ र एक हजार २५२ मोबाइल टोली सशस्त्र प्रहरीले खटाएको छ।

दोस्रो घेरामा रहेर निर्वाचनमा सुरक्षा दिने जिम्मेवारी सरकारले सशस्त्र प्रहरीलाई दिएको छ। सोहीअनुसार देशैभरि स्ट्राइकिङ र मोबाइल टोली परिचालन गरिएको सशस्त्र प्रहरीका प्रवक्ता डिआइजी विष्णुप्रसाद भट्टले बताए।

'सबै निर्वाचन क्षेत्रमा बुधबारदेखि नियमित रूपमा ५४१ स्ट्राइकिङ र एक हजार २५२ मोबाइल

» पृष्ठ २ मा क्रमशः

डेढ वर्षपछि...

पृष्ठ १ बाट क्रमशः

(बिएसएस)का अनुसार विगतमा राष्ट्रपति भवन (बंगबन्धु भवन)मा हुँदै आएको शपथ यसपटक संसद्को साउथ प्लाजामा पहिलोपटक भएको थियो।

२१ साउन ०८१ मा तत्कालिन प्रधानमन्त्री शेख हसिना नागरिक विद्रोहका कारण देशबाट भागेर सत्ताच्यूत भएको १८ महिनापछि बंगलादेशमा निर्वाचित सरकार आएको छ। बंगलादेशमा करिब दुई दशकपछि बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) सत्तामा फर्केको छ। यसपटक निर्वाचनमा यसअघिको सत्तारूढ दल अवामी लिग प्रतिबन्धित थियो। लिगकी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री शेख हसिना हाल भारतमा निर्वासित छिन्।

शपथग्रहण समारोहमा दक्षिण एसियाली मुलुक नेपाल, भारत, पाकिस्तान, श्रीलंका, मालदिभ्स र भुटान सरकारका प्रतिनिधि एवं कूटनीतिक समुदायसहित करिब १२ सय पाहुना आमन्त्रित थिए। नेपाल सरकारका तर्फबाट परराष्ट्रमन्त्री बालानन्द शर्माले शपथग्रहणमा सहभागिता जनाए। सोमबार राति ढाका गएका शर्माले प्रधानमन्त्री रहमानसँगको शिष्टाचार भेटमा प्रधानमन्त्री सुशीला कार्कीका तर्फबाट बधाई ज्ञापन गरेका छन्।

समारोहमा परराष्ट्रमन्त्री शर्मासहित भारतका सभामुख ओम बिरला, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे, माल्दिभ्सका राष्ट्रपति मोहम्मद मोइजु, पाकिस्तानका योजना, विकासमन्त्री अहसन इकबल, श्रीलंकाका स्वास्थ्य तथा जनसञ्चारमन्त्री नलिन्दा जयतिसालगायत थिए। शपथ समारोहमा प्रधानन्यायाधीश, निवर्तमान मुख्य सल्लाहकार मोहम्मद युनुस, अन्तरिम सरकारका प्रतिनिधि, प्रमुख निर्वाचन आयुक्त, सर्वोच्च अदालतका न्यायाधीश, राजनीतिक दलका नेता, सुरक्षा अंगका प्रमुख, कूटनीतिक नियोगका पदाधिकारी र प्रतिनिधि सहभागी थिए।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उपयुक्त समयमा भारतको औपचारिक भ्रमणका लागि बंगलादेशका समकक्षी रहमानलाई निमन्त्रणा गरेका छन्। उनले रहमानलाई चिठी पठाएर बधाई दिएका छन्। चीनका प्रधानमन्त्री ली छ्याङले पनि बधाई सन्देश पठाउँदै रहमान नेतृत्वको सरकारसँग बिआरआई कार्यान्वयनलगायतका द्विपक्षीय मुद्दामा सहकार्य गर्ने इच्छा व्यक्त गरेका छन्।

बंगलादेशका ११औँ प्रधानमन्त्री रहमानले बुधबार कार्यभार सम्हाल्ने भएका छन्। ढाका ट्रिब्युनका अनुसार उनले बुधबार बिहान सुरुमा सावरस्थित राष्ट्रिय सहिद स्मारकमा श्रद्धाञ्जली अर्पण गरेपछि उनी सरकारको सचिवालय भवन-१ (मन्त्रिपरिषद् विभाग भवन) मा गएर कार्यभार सम्हाल्नेछन्। उनको सचिवालयका अनुसार प्रधानमन्त्री रहमानले बुधबार स्थानीय समयअनुसार १२:३० बजे प्रधानमन्त्री कार्यालयमा कार्यभार सम्हाल्नेछन्।

बुधबारै रहमानले मन्त्रिपरिषद् बैठक बोलाएका छन्। मन्त्रिपरिषद् बैठकपछि प्रधानमन्त्री रहमानले विभिन्न मन्त्रालयका सचिवहरूसँग छलफल कार्यक्रम राखेका छन्। रहमानले प्रधानमन्त्रीको शपथग्रहण गर्नुअघि संसद्को शपथ लिएका थिए। बिएनपी संसदीय दलको बैठकले उनलाई नेता चयन गरेको थियो। बिएनपी संसदीय दलको बैठकले बिएनपी सांसदहरूले ड्युटी फ्री गाडी र सरकारी आवासगृह प्रयोग नगर्ने निर्णय गरेका छन्।

बंगलादेशको नयाँ मन्त्रिपरिषद्का २५ मन्त्रीमध्ये १७ जना नयाँ अनुहार हुन्। यसैगरी, २४ जना राज्यमन्त्रीमध्ये सबै नयाँ अनुहार हुन्। प्रधानमन्त्री रहमान पनि पहिलोपटक मन्त्रिपरिषद् सदस्य भएका हुन्।

जाँदाजाँदै युनुसको विवादास्पद प्रस्ताव

सेभेन सिस्टर्स, नेपाल र भुटानसँग कनेक्टिभिटी

बंगलादेशको अन्तरिम सरकारबाट बिदाइ हुने क्रममा सोमबार राति देशवासीका नाममा दिएको बिदाइ सम्बोधनमा निवर्तमान मुख्य सल्लाहकार मोहम्मद युनुसले भारतका उत्तर-पूर्वी (सेभेन सिस्टर्स) राज्यहरूलाई नेपाल र भुटानसँग जोडेर कनेक्टिभिटी अघि बढाउन प्रस्ताव गरेका छन्। उनले उत्तरपूर्वी भारतका अरुणाचल प्रदेश, आसाम, मणिपुर, मेघालय, मिजोरम, नागाल्यान्ड र त्रिपुरालाई संकेत गरे पनि यी राज्यहरूको नाम भने लिएनन्।

'हाम्रो खुला समुद्र केवल भौगोलिक सीमा होइन, यो बंगलादेशका लागि विश्व अर्थतन्त्रसँग जोडिने खुला ढोका हो। यो क्षेत्र नेपाल, भुटान र सेभेन सिस्टर्ससँग मिलेर ठुलो आर्थिक सम्भावना बोकेको छ,' युनुसले भनेका छन्। युनुसको अभिव्यक्तिको भारतमा विरोध भएको छ। नेपाल र भुटानले त्यसबारे बोलेका छैनन्। बंगलादेशकै नयाँ सरकारले पनि उनको धारणाबारे केही टिप्पणी गरेको छैन। युनुसको कार्यकालमा भारत-बंगलादेश सम्बन्ध असहज भएको छ। यसअघि पनि युनुसले भारतका उत्तरपूर्वी राज्यबारे विवादित धारणा राखेका थिए।

सम्बोधनमा युनुसले बंगलादेशले सार्वभौमसत्ता, राष्ट्रिय हित र मर्यादासहितको परराष्ट्र नीति पुनःस्थापित गरेको दाबी गरेका छन्। उनले बंगलादेश कसैको नरहेको तथा अन्य राष्ट्रहरूको निर्देशनमा नचल्ने बताए। युनुसले बंगलादेशमार्फत समुद्री पहुँच, आपसी सम्पर्क सञ्जाल (कनेक्टिभिटी), व्यापार सम्झौता र आर्थिक क्षेत्रहरूमा आधारित गहिरो उप-क्षेत्रीय आर्थिक सहकार्यको प्रस्ताव पनि राखेका थिए।

भारतसँग पहिलोपटक...

पृष्ठ १ बाट क्रमशः

खुल्नेछ। बुधबार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सम्झौतामा हस्तक्षर भएको हो।

सम्झौतामा नेपालका तर्फबाट कानुन मन्त्रालयका सहसचिव विनोदकुमार भट्टराई र भारतका तर्फबाट नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले हस्ताक्षर गरेका छन्। हस्ताक्षर कार्यक्रममा कानुनमन्त्री अनिलकुमार सिन्हा, सचिव पाराश्वर ढुंगाना तथा परराष्ट्र मन्त्रालयका प्रतिनिधि र भारतीय राजदूतावासका कर्मचारीको उपस्थिति थियो।

लामो समयदेखि भारतसँग यस्तो सम्झौताका लागि छलफल हुँदै आएकोमा अहिले सम्झौता गर्न सफल भइएको कानुन मन्त्रालयका सचिव ढुंगाना बताउँछन्। 'फौजदारी विषयमा दुई मुलुकबिच पारस्परिक कानुनी सहायता आदानप्रदान गर्ने उद्देश्यले सम्झौता गरिएको हो,' उनी भन्छन्, 'यो सम्झौताले फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन तथा न्यायिक कारबाहीका क्रममा प्रमाण संकलन तथा आदानप्रदानलगायत विषयमा दुवै मुलुकका सक्षम अधिकारीबिच सहयोग आदानप्रदान गर्नका लागि विधिवत् मार्गप्रशस्त गर्नेछ।' सम्झौताका लागि गत ३० असोजमा बसेको मन्त्रिपरिषद् बैठकले स्वीकृति दिएको थियो। यसको प्रक्रिया भने गत वर्ष केपी ओलीकै सरकारको पालादेखि अघि बढेको थियो। गत साउनमा सम्झौताको मस्यौदा नेपालले भारतलाई पठाएको थियो।

दुई देशबिच लामो खुला सीमा भएको र अन्तरदेशीय अपराधको पनि सञ्जाल रहेकाले त्यसको नियन्त्रणका लागि यो सम्झौता महत्त्वपूर्ण हुने कानुन कार्यान्वयन गर्ने अधिकारीहरू बताउँछन्। सम्झौतामा प्रमाण आदानप्रदान मात्र नभई अन्तरदेशीय अपराधको संयुक्त अनुसन्धान गर्न सक्ने प्रावधानसमेत रहेको सचिव ढुंगाना बताउँछन्। 'कुनै ट्रान्सनेसनल अपराधमा संयुक्त रूपमा अनुसन्धान गर्न सक्ने व्यवस्था पनि गरेका छौँ,' उनले भने, 'अपराध नियन्त्रणमा यो सम्झौता दुवै देशका लागि महत्त्वपूर्ण हुनेछ।' संसद्लाई जानकारी गराएपछि यस्ता सम्झौता कार्यान्वयनमा जाने संवैधानिक प्रावधान छ।

सचिव ढुंगाना यस सम्झौताले नेपालमा हुने वित्तीय अपराध न्यूनीकरण गर्न तथा अनुसन्धान, अभियोजन र न्याय निरूपणलाई थप प्रभावकारी बनाउन कोसेढुंगा साबित हुने बताउँछन्। पछिल्लो समय बढेको संगठित अपराध, सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानीको नियन्त्रण तथा पारस्परिक मूल्यांकनमा समेत सकारात्मक सहयोग पुग्ने मन्त्रालयका अधिकारी बताउँछन्।

सम्झौताअनुसार कुनै पनि अपराधको विषयमा व्यक्ति उपस्थित गराउन नसक्ने अवस्थामा साक्षी, बकपत्र तथा बयान गराउने, प्रमाण झिकाउने, म्याद तामेली गर्ने तथा अनुसन्धानका लागि अन्य सूचनाको आदानप्रदान हुनेछ। अनुसन्धानमा रहेको कुनै नेपाली नागरिकले भारतमा आर्थिक कारोबार गरेको अवस्थामा बैंकको विवरणसमेत पाउन अब सहज हुनेछ।

अपराध अनुसन्धानमा सहकार्यसम्बन्धी दुई देशबिच कुनै सम्झौता तथा संयन्त्र नहुँदा दुवै देशका कानुन कार्यान्वयन गर्ने अधिकारीले दुःख झेल्दै आएका छन्। सन् १९५३ मै भारतसँग नेपालको सुपुर्दगी सन्धि भएको थियो। त्यो सन्धिअनुसार नेपालले प्रक्रिया पूरा गरेर भारतमा अपराध गरी नेपाल आएका सुच्चा सिंहलाई पक्राउ गरी भारतलाई बुझाएको थियो। पन्जाबका मुख्यमन्त्री सरदार प्रतापसिंह कायरोको हत्या गरी नेपाल आएका सुच्चालाई नेपालले २ फेब्रुअरी १९६६ मा अदालतबाट निर्णय गरेरै भारतीय सुरक्षाकर्मीलाई सुपुर्दगी गरेको थियो। अनेक विवादपछि नेपालमा पक्राउ परेको करिब एक वर्षपछि मात्र उनको सुपुर्दगी भएको थियो। तर, पछि कुनै सुपुर्दगी नभएपछि उक्त सन्धि निष्क्रियजस्तो भयो।

०६० मा पनि सचिवस्तरमा सुपुर्दगी सन्धिमा हस्ताक्षर भए पनि सरकारले त्यसलाई अनुमोदन नगर्दा कार्यान्वयन हुन सकेको छैन। सुपुर्दगी सन्धि नहुँदा दुई देशबिच अनौपचारिक रूपमा अभियुक्तको लेनदेन हुने गरेको छ। जसले अनावश्यक विवाद हुने गरेको छ।

चीनसँगको सन्धि ६ वर्षसम्म पनि भएन कार्यान्वयन

भारतसँग गरेजस्तै सम्झौता ६ वर्षअघि नै नेपाल सरकारले अर्को छिमेकी चीनसँग गरेको थियो। तर, त्यो अझै कार्यान्वयनमा आउन सकेको छैन।

चिनियाँ राष्ट्रपति सी जिनपिङको पाँच वर्षअघि भएको नेपाल भ्रमणमा यससम्बन्धी सन्धिमा हस्ताक्षर भएको थियो। २६ असोज ०७६ मा हस्ताक्षर भएको सन्धिलाई सरकारले चार महिनापछि मन्त्रिपरिषद्बाट पारित गरी संसद्मा दर्ता गरिएको थियो। तर, संसद्को सभामा पेस गरेर जानकारी नदिँदा सन्धि कार्यान्वयन हुन सकेको छैन।

३ माघ ०७६ मा 'फौजदारी विषयमा पारस्परिक कानुन सहायतासम्बन्धी सन्धि' अनुमोदनका लागि संसद्मा दर्ता भएको थियो। ०७९ पछि नयाँ संसद् बनेकोमा पछि पेस भएन। प्रचण्ड र केपी ओली नेतृत्वको सरकारले भूराजनीतिक कारण देखाएर कार्यान्वयनमा चासो नदिएको स्रोत बताउँछ।

कानुन मन्त्रालयका एक अधिकारीका अनुसार भारतसँग भन्दा पहिला चीनसँग यस्तो सम्झौता कार्यान्वयन गर्दा भारत रिसाउन सक्ने भएकाले नै रोकिएको हो। 'अब भारतसँग पनि हस्ताक्षर भएपछि दुवै देशसँगको पारस्पारिक कानुनी सहायता सन्धि सम्भवतः कार्यान्वयनमा जान्छ,' ती अधिकारीले भने।

नेपालले पारस्परिक सन्धि गरेको चीन पहिलो देश हो। आपराधिक सूचनाको आदानप्रदानका लागि गरिएको सन्धिमा 'फौजदारी विषयमा पारस्परिक कानुनी सहायता उपलब्ध गराई दुई राष्ट्रबिच प्रभावकारी सहयोगलाई सुदृढ गर्ने उद्देश्य' रहेको उल्लेख छ। फौजदारी कारबाहीको कागजात तामेल गर्ने, व्यक्तिहरूको बयान तथा बकपत्र गराउने, प्रमाणको कागजात, प्रमाण तथा अभिलेख उपलब्ध गराउने, व्यक्ति रहेको स्थान पत्ता लगाउने, सनाखत गर्ने, निरीक्षण वा परीक्षण गर्नेदेखि अनुसन्धानका लागि व्यक्तिलाई हिरासतमा राख्नेसम्मका प्रावधान समावेश छन्।

चीनले सन्धि कार्यान्वयनको विषयमा बारम्बार चासो राखेपछि नेपाली अधिकारीहरूले आन्तरिक प्रक्रिया पूरा नभएको बताउँदै आएका छन्। एक-अर्का देशले प्रक्रिया पूरा भएको 'नोट' पठाएपछि कार्यान्वयन हुने त्यतिवेला संसद्मा पेस भएको सन्धिमा उल्लेख छ।

सन् २०१६ देखि नै चीनसँग यस्तो सन्धिको प्रयास भएको थियो। ०७६ मा त्यतिवेला सुपुर्दगी सन्धिमा समेत हस्ताक्षर गर्ने चीनको चाहना थियो। त्यसका लागि गृह मन्त्रालयले अध्ययन समितिसमेत गठन गर्‍यो र गृहकार्य नपुगेको भन्दै सुपुर्दगी भने रोकिएको गृह मन्त्रालय स्रोत बताउँछ।

सरकारले ०७० मै पारस्परिक कानुनी सहायता ऐन ल्याएको थियो। ऐन ल्याएको १२ वर्षपछि बल्ल दुई देशसँग यस्तो सम्झौता भएको छ। यस्तो सन्धि नहुँदा विदेशबाट प्रमाण झिकाउन गाह्रो हुँदै आएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा प्रहरीले गुनासो गर्दै आएका छन्। एक वर्षभन्दा कम कैद र ५० हजार रुपैयाँभन्दा कम सजाय हुने मुद्दामा पारस्परिक कानुनी सहायता नदिइने ऐनमा उल्लेख छ। त्यस्तै, म्याद तामेलीदेखि सम्पत्ति जफतसम्मका काममा कानुनी सहायता आदानप्रदान हुने गरेको छ।

अपराध तथा भ्रष्टाचार गरेर विदेशमा सम्पत्ति लुकाउने प्रवृत्ति बढकाले ती देशसँग भने यस्तो सन्धि अत्यावश्यक रहेको अख्तियारका अधिकारी बताउँछन्। पछिल्लो समय अन्तरदेशीय र प्रविधिमा आधारित अपराध बढ्दै गएको अवस्थामा पारस्परिक कानुनी सहायता र सुपुर्दगी दुवै सन्धि आवश्यक रहेको प्रहरी अधिकारी बताउँछन्।

मन्त्रालयका सचिव ढुंगाना भने अन्य देशसँग पनि पारस्परिक कानुनी सहायतासम्बन्धी सम्झौता गर्नका लागि गृहकार्य भइरहेको बताउँछन्।

आजदेखि...

पृष्ठ १ बाट क्रमशः

टोली खटिनेछन्,' उनले भने, 'भयरहित, निष्पक्ष, स्वतन्त्र र विश्वसनीय निर्वाचन गराउन सशस्त्र प्रहरी प्रतिबद्ध छ।' डिआइजी भट्टका अनुसार २१ माघदेखि नै सशस्त्रले हरेक निर्वाचन क्षेत्रमा आफ्नो बेस बनाएर परिचालन सुरु गरिसकेको छ। सशस्त्रले २ माघदेखि मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयको सुरक्षा हेर्न थालेको थियो।

निर्वाचन सुरक्षाका साथै सीमामा पनि सशस्त्र सुरक्षाको नियमित जिम्मेवारीमा सशस्त्र प्रहरी खटिएको छ। निर्वाचनका वेला थप चनाखो भई खटिन सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले निर्देशन दिएका छन्। भारतीय पक्षसँग समन्वय गरेर सीमा सुरक्षामा थप सक्रियता बढाइएको डिआइजी भट्ट बताउँछन्।

सशस्त्र प्रहरीको करिब ३४ हजार जनशक्ति निर्वाचनमा प्रत्यक्ष रूपमा खटिँदै छन्। सबै निर्वाचन क्षेत्रमा बेस बनाएर खटिन समस्या भएपछि यसपटक सशस्त्रले १५ हजार ११० निर्वाचन प्रहरी भर्ना गरेर खटाएको छ।

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति : २०८२/११/०६ गते)

यस कार्यालयबाट मिति २०८२/०८/०९ गतेका दिन अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचनाअनुसार दर्ता हुन आएका बोलपत्रहरूको मुल्याङ्कन गर्दा तपशिलबमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आएबमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा (२) र कृषि विकास बैंक लि., आर्थिक प्रशासन विनियमावली २०६४ को विनियम ८० (ख) को उपविनियम (२) र विनियम १०६ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

क्र.स	बोलपत्रको विवरण	छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना	कबोल रकम भ्याट र इन्सुरेन्ससहित
१.	Invitation Number : ADBL/CS/01/2082/83 Construction of Office Works and Other Allied Electrical & Networking works at ADBL Branch Tansen, Palpa	J. M. Nirman Sewa Kohalpur-3, Banke	रु.३७,४८,०९४।०९ (अक्षरेपी सैंतिस लाख अठ्चालिस हजार चौरान्नब्बे र ०९/१००)

कृषि विकास बैंक लि.
स्थायी सम्पत्ति तथा नयाँ परियोजना विकास विभाग
मुख्य कार्यालय : रामशाहपथ, काठमाडौं

यसपटक इतिहासकै...

पृष्ठ १ बाट क्रमशः

फागुनको निर्वाचनमा निकै ठुलो दबाबमा छन् भन्ने देखाएको छ। राप्रपाले एमालेसँगको गठबन्धन अस्वीकार गरेको छ।

मनोनयनयता ओली तीनपटक झापा आएका छन् र कुल १४ दिन बसेका छन्। पछिल्लोपटक आइतबार काठमाडौंबाट झापा झरेका उनी अझै केही दिन बस्ने एमालेले जनाएको छ। देशदौडाह ओलीको कार्यसूचीमा परेको छैन। झापामा पनि आफ्नो निर्वाचन क्षेत्रबाहेक उनी गएका छैनन्। बरु एमाले उम्मेदवार उनलाई भेट्न दमक पुग्ने गरेका छन्। ०७९, ०७४, ०७० का निर्वाचन हेर्ने हो भने ओली यसपटक फेरिएका देखिन्छन्।

देशदौडाहमा निस्कने अनि झापा पुग्दा आफ्नो घरमा मतदाता, कार्यकर्तालाई भेट दिने ओली यसपटक भने मतदातालाई भेट्न गाउँ-गाउँ पुगिरहेका छन्। यसअघि उनी निर्वाचनका सभा र छलफलमा गएर सम्बोधन गर्दै आएका थिए। अहिले मतदाताका तीखा प्रश्नको सामना उनले गरिरहनुपरेको छ। विगतमा यस्तो दृश्य कमै देखिन्थ्यो। आफूमाथिको आरोपको सफाइसमेत ओलीले दिइरहेका छन्।

एमाले झापा अध्यक्ष प्रेम गिरीले यसपटक चुनावी रणनीति बदलिएकाले ओली देशदौडाहमा नरहेको प्रतिक्रिया दिए। 'उहाँ आफैँ उम्मेदवार भएका कारणले झापा ५ मा सक्रिय हुनुभएको छ। झापा र काठमाडौंबाट नै बराबर देशभरको चुनावी कमान्ड गरिरहनुभएको छ,' उनले नयाँ पत्रिकासँग भने, 'झापामा लामो ग्यापपछि आउनुभएको कारण पनि यहाँ समय दिनुभएको हो। तर, सबै चुनावी रणनीति मिडियालाई भन्न मिल्दैन।'

हुन त जेन-जी आन्दोलनमा सत्ताको नेतृत्वमा रहेका ओली, गृहमन्त्री रमेश लेखकसहित अधिकारीमाथि १२ असोजदेखि स्थानहद (काठमाडौं उपत्यकाबाहिर जान रोक) लगाएको थियो। तर, २३ र २४ भदौको घटनासम्बन्धी जाँचबुझ आयोगले बयान लिएपछि मात्र २१ पुसमा ओलीको स्थानहद फुकुवा गरेको थियो।

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि झापा ५ मा ओली र बालेनसँगै २४ जनाको उम्मेदवारी परेको छ। यो क्षेत्रमा ८१ हजार ८१ पुरुष, ८२ हजार २९६ महिला र दुईजना अन्य गरी एक लाख ६३ हजार ३७९ मतदाता छन्, जसमा नौ हजार ९० नयाँ मतदाता थपिएका हुन्। यो क्षेत्रमा ६१ मतदानस्थल र १८५ मतदान केन्द्र छ।

जेन-जी विद्रोह र बालेनको इन्ट्रीले फेरिएका ओली

एमाले अध्यक्ष केपी ओली आफ्नो निर्वाचन क्षेत्रमा सीमित हुनुमा मुख्यतः जेन-जी विद्रोह र रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले ओलीकै क्षेत्रबाट उम्मेदवारी दिनुलाई मानिएको छ। विगतमा पटक-पटक राप्रपासँग तालमेल हुने गरेकोमा यसपटक ओली एक्लै मैदानमा छन्, यो पनि ओलीका लागि अर्को दबाब छ।

जेन-जी विद्रोहमा राज्यतर्फबाट बल प्रयोग भएको विषयमा तत्कालीन प्रधानमन्त्री ओलीमाथि प्रश्न उठ्ने गरेका छन्। अनि त्यही विद्रोहताका जेन-जीबाट प्रधानमन्त्रीको अफर पाएका र अहिले भावी प्रधानमन्त्रीका रूपमा रास्वपाबाट चुनावी मैदानमा उत्रिएका बालेनका कारण ओलीमाथि चुनौती थपिएको विश्लेषण छ। त्यही भएर ओली यसपटक झापामा धेरै समय बिताइरहेका छन्।

मनोनयन दर्ताका लागि ५ माघमा झापा आएका ओली चार दिनसम्म निर्वाचन क्षेत्रमा सक्रिय भए। उनले यहाँका कार्यक्रमलाई सम्बोधन गर्ने तथा रिसाएका कार्यकर्ता फकाउने प्रयास गरे। घोषणपत्र लेख्न भनेर ९ माघमा काठमाडौं गए। तर, २३ माघमा पुनः झापा आए। त्यसपछि एक हप्ता निर्वाचन क्षेत्रमा बिताएका उनले कमल गाउँपालिका, गौरीगन्ज गाउँपालिका र गौरादह नगरपालिकाका ८० वटा टोलमा घरदैलो र मतदाता भेटघाट गरेको एमालेले जनाएको छ।

२९ माघमा काठमाडौं गएका ओली आइतबार पुनः झापा आएर मतदाता भेटघाटमा व्यस्त छन्। मंगलबार प्रतिवद्धतापत्र पनि सार्वजनिक गरेका छन्। यसपटक दमकका घरघरमा पुगेर मत माग्ने एमाले झापा ५ निर्वाचन परिचालन समितिले जनाएको छ। ओली अझै केही दिन झापा ५ मा नै बसेर मतदाता भेट्नेछन्। उनी दमक २ स्थित एमालेका एक कार्यकर्ताको घरमा बसिरहेका छन्।

जेन-जी आन्दोलनपछि ओलीमाथि मतदातामा देखिएको निराशा र यही वेला लोकप्रिय रहेका बालेन झापा ५ मा आएपछि ओलीको शैली फेरिएको हो। हुन त बालेन पनि ओलीजस्तै मतदाताका घरघरमा पुगिरहेका छन्। तर, सँगसँगै बालेन देशदौडाहमा पनि छन्।

ओली यसपटक निवासमा कार्यकर्ता भेटघाटसँगै घरदैलामा पनि छन्। उनको परम्परागत निर्वाचन क्षेत्रमा बालेनको आगमनसँगै यो निर्वाचन क्षेत्रले देशकै ध्यान केन्द्रित गरिरहेको छ। यो निर्वाचन क्षेत्रलाई 'इलेक्सन इपिसेन्टर'का रूपमा हेरिएको छ।

विगतको तुलनमा असहज महसुस ठानेर ओलीको सक्रियता बढेको दमक बहुमुखी क्याम्पसका पूर्वक्याम्पस प्रमुख मोहन भण्डारीको बुझाइ छ। उनका अनुसार विगतको तुलनमा ओलीलाई यसपटक केही असहजता देखिएको छ। 'पानी परेन भने छाता ओड्नुपर्दैन, पानी परेपछि छाताको जोहो गर्ने हो। सक्रियता पनि आवश्यकताअनुसार हुने हो। यसपटक आवश्यकता ठानेर सक्रियता बढाएको हुनुपर्छ,' उनले भने, 'सामान्य र सहज हुँदा सक्रियता धेरै चाहिएन। यसपटक अलिक मिहिनेत गर्नुपर्छ भन्ने उहाँले नै सोच्नुभएको हुन सक्छ। नयाँप्रति अहिलेको जुन हल्ला छ, त्यसले असहज महसुस गरेर बढी सक्रिय हुनु भएको हुन सक्छ।'

एमालेले पनि विगतभन्दा केही असहजता भएका कारण ओली घरदैलोमा निस्किएको जनाएको छ। ०४८ सालदेखि ओलीको चुनावी कमान्ड सम्हाल्दै आएका एमाले नेता देवेन्द्र दाहाल ०६४ अघिको निर्वाचनसम्म ओलीले सहज रूपमा जित्दै आएको बताउँछन्। ०६४ को पहिलो संविधानसभा निर्वाचनमा तत्कालीन माओवादीको हल्लाका कारण ओली निर्वाचनमा पराजय हुनपुगेको उनको भनाइ छ। यद्यपि, ०६४ पछिका तीन निर्वाचनमा ओलीले सहज ढंगले चुनाव जितेको एमाले झापा ५ का निर्वाचन परिचालन समिति संयोजक दाहाल बताउँछन्।

'०४८ मा त झापा जिल्लाभरि एमालेले जितेको थियो। जो उठाउँदा पनि जित्ने अवस्था थियो। पछिका निर्वाचनमा पनि जनताले माया नै गर्नुभयो। उहाँ(ओलीले) सहजै जित्नुभयो,' दाहालले भने, '०६४ को निर्वाचनमा माओवादीको होहल्ला थियो। जनतालाई नयाँलाई मूलधारमा ल्याऊ भन्ने पनि थियो। त्यसवेला अनेक खालका षड्यन्त्र हुँदा उहाँ हार्नुभएको थियो। त्यसपछि अहिलेसम्म सबै निर्वाचन सहजै जित्नुभएको छ।'

विगतका तुलनमा २१ फागुनमा हुने निर्वाचनमा केही असहजता रहेको उनी बताउँछन्। विगतभन्दा अहिले परिस्थिति फेरिएका कारण सक्रियता बढेको दाहालको भनाइ छ। यद्यपि, बाहिर हल्ला भएजस्तो नभई ओलीको जित निश्चित भएको उनी दाबी गर्छन्।

'अहिले नयाँ र पुरानोको नाराले केही समस्या भएजस्तो सुनिएको छ। तर, हल्ला गरिए जस्तो गाह्रो अवस्था नै त होइन। जनतामा छरिएका भ्रम चिर्नका लागि पनि मसिनो ढंगले लाग्नुपर्ने अवस्था छ। त्यहीअनुसार जनतासँग संवाद गर्ने कार्यक्रम बनाएर लागेका हौँ,' दाहालले नयाँ पत्रिकासँग भने, 'सामाजिक सञ्जालले जनतामा अन्योल सिर्जना गरेको छ। नागरिकले अध्यक्षकै कुराकानी सुन्न जरुरी भएकाले मसिनो गरी लागेका छौँ। त्यही भएर हामीले उहाँ (ओली)लाई जनतासँग लिएर आएका हौँ। यसले जनता र उहाँबिचमा आत्मीयता पनि बढेको छ।'

ओलीका चुनावी शृंखला

ओलीले ०४८ को चुनावबाट संसदीय राजनीति थालेका हुन्। योबिचका सातमध्ये ६ निर्वाचन उनले झापाबाटै जितेका छन्। ०६४ मा भने पराजित भएका थिए। ०७० यताको निर्वाचनमा ओलीले पाएको मतपरिणामलाई हेर्दा ओलीलाई झापा ५ सहज देखिन्छ। तर, बदलिँदो परिस्थिति र बालेनको चुनौतीले उनीमाथि दबाब छ। ०७० को दोस्रो संविधानसभा निर्वाचनमा ओलीले तत्कालीन झापा ७ (हालको झापा ५)बाट निकटतम प्रतिस्पर्धी कांग्रेसका सुरेशकुमार योङहाङलाई आठ हजार २४५ मतान्तरले पराजित गरेका थिए। ओलीले १९ हजार २८७ मत पाउँदा योङहाङले ११ हजार ४१ मत पाएका थिए। ०७४ को प्रतिनिधिसभा निर्वाचनमा उनले निकटम प्रतिस्पर्धी कांग्रेसकै खगेन्द्र अधिकारीलाई दोब्बर मतान्तरले हराए। तत्कालीन माओवादी र राप्रपाको साथ पाएका ओलीले ५७ हजार १३९ मत प्राप्त गर्दा अधिकारीले २८ हजार ८४२ मत मात्र पाएका थिए।

तीन वर्षअघि ०७९ को प्रतिनिधिसभा निर्वाचनमा पनि ओलीले कांग्रेसका अधिकारीभन्दा झन्डै दोब्बर मत पाएका थिए। ओलीले ५२ हजार ३१९ मत प्राप्त गर्दा अधिकारीले २८ हजार ५७६ मत पाएका थिए। उनीहरूबिच २३ हजार ७४३ मतान्तर थियो। यद्यपि, त्यो वेला ओलीलाई राप्रपाको र कांग्रेसका अधिकारीलाई तत्कालीन माओवादीको साथ थियो। यसपटक ओलीले झापामा राप्रपासँग तालमेल गरेका छैनन्। एक्लाएक्लै निर्वाचनमा लड्दा पनि निर्वाचन क्षेत्रमा ओलीको सक्रियता बढ्दो छ।

मतदाताले ओलीसँग के चाहेका छन् ?

२४ माघमा कमल गाउँपालिका- १ का मतदाता मोहनबाबु शेर्मालि जेन-जी आन्दोलनमा नेताहरूको घरमा भेटिएको भनिएको पैसाको बारेमा प्रश्न गरेका थिए।

जवाफमा ओलीले भने : कसको घरबाट निस्कियो ? मेरोबाट त निस्किएन। सबैको जिम्मा त मैले लिन सक्दिनँ। अरूको कारोबार त मैले थाहा पाउँदिनँ नि ! शेरबहादुरजीको घरमा देखाइएको पैसा अर्कै देशमा कहीँकतै एआईबाट फोटो बनाएर यस्तो देखियो भन्छन्। एउटा हजारको नोट त देखाउँदै हिँडेर जलेको नोट देखियो भनेको मैले पनि देखेँ। हजार-दुई हजार त होला। तर, जुन देखाइयो त्यो नक्कली हो। दुष्प्रचारको भ्रममा पर्नुहुँदैन। मैले भनेको छु म आफू पनि भ्रष्टाचार गर्दिनँ, अरूलाई पनि गर्न दिन्नँ। हामी छानबिन गर्छौँ प्रमाणित भए कारबाही गर्छौँ। तर, अहिलेको त प्रमाणित हुने कुरा छैन।

२४ माघमा कलम १ का सुकुमवासीले पटकपटक जिताउँदा पनि धनीपुर्जा नपाएको गुनासो गरे।

जवाफमा ओलीले भने : के-के भएको तपाईंहरूले बुझ्नुभएको छ ? जब आयोगले धनीपुर्जा वितरण गर्न थाल्छ सरकार ढल्छ। फेरि आयोग खारेज हुन्छ। फेरि अर्को आउँछ बाँड्न लागेपछि भंग गरिदिन्छ। अस्ति आयोग खत्तम गर्‍यो। हामीले आयोग अदालतबाट लडेर ल्याएका छौँ।

२५ माघमा कमल गाउँपालिकाका मतदाताले आदिवासी रंगशाला र औद्योगिक पार्क नबन्नुको प्रश्न सोधे।

जवाफमा ओलीले भने : रंगशाला बनाउन तपाईंहरू सहमत भए रंगशाला बन्छ। अर्बौँको रंगशाला बनाउनु छ, यहाँ उपभोक्ता समिति बनेको छ। उपभोक्ता समिति त फुटबल खेल्ने होला। रंगशाला बनाएपछि फुटबल खेल्न जतिवेला पनि पाइँदैन। त्यसको नियम हुन्छ। हामीले पहल गरेर बनायौँ भने पनि त्यहाँ त नियमअनुसार बस्नुपर्छ। हामीले नै कार्यक्रम गर्न पाइँदैन। गाउँको उपभोक्ता समितिले बजेट कसरी ल्याउँछ ? नहुने कुरा गरेर राजनीति गरेर हुँदैन। उपभोक्ता समिति बनाएर अनेक खालका कुरा नगरौँ। त्यसलाईचाहिँ ठेक्का लगाऊँ भन्ने कुरा गरेका हौँ। त्यसवेला केही राजनीतिक दल बनाउन दिन्नौँ भनेर उफ्रने, अनेक समस्या पैदा गर्नेतिर लागे। त्यस्तो नगर्दा बनिहाल्थ्यो नि ! यो रंगशालाको कुरा मैले उठाएको हो। अरूको कल्पना पनि थिएन। प्रहरीसँग जग्गा पनि मैले लिएको हो। औद्योगिक पार्क पनि बन्छ। तर, त्यो बनाउन नदिन विभिन्न शक्ति लागेका छन्। त्यसलाई हामीले पराजित गर्नुपर्छ। हामी त्यसमा लागेका छौँ।

२६ माघ सीमावर्ती गाउँ गौरीगन्जका मतदाताले सोधे : चुनाव सकिएको तीन वर्षपछि यो गाउँमा तपाईंको पाइला पर्‍यो। ०४८ देखि चुनाव लड्दै आउनुभएको छ। योबिचमा दुईपटक पाइला टेक्नुभयो। अघिल्लो चुनावका वेलामा टावर (मोबाइलको टावर) दिन्छु भनेर मुखले बोलेर जानुभयो। हामीलाई व्यक्तिगत केही परेन। यहाँको बाटो कहिले बन्छ ? कि यो गाउँमा मधेशी छ भनेर हेप्नुभएको हो ?

ओलीले जवाफमा भने : हुलाकी राजमार्ग बनेको देख्नुभएको छ। पाडाजुंगीसम्मको बाटो पनि बनेको देख्नुभएको छ। विद्यालय बनेको देख्नुभएको छ। अरू बाटो पनि देख्नुभएको छ। केही बाँकी होला। के गर्नुपर्छ हामी गर्छौँ।

२७ माघमा चीन नेपाल औद्योगिक पार्क प्रभावित जनताले आसु झार्दै उचित मुआब्जा नपाएको गुनासो गरे। उनीहरूले एमालेका तल्लो तहका कार्यकर्ताले ओलीसम्म कुरा नपुर्‍याएको गुनासो गर्दै कार्यकर्ता खराब भएको बताए।

ओलीले जवाफमा भने : मैले त यो कुरा थाहा पाएको छैन। मैले भन्ने त तपाईंहरूलाई मुआब्जा दिनुपर्छ भन्ने हो।

४ फागुन दमकमा पत्रकारले यसपटक निर्वाचनलाई चुनौतीपूर्ण ठान्नुभयो भन्ने प्रश्न सोधे।

ओलीको जवाफ : मैले चुनावलाई चुनौतीपूर्ण ठान्नुपर्ने कारण नै छैन। किनभने यस क्षेत्रमा मात्र होइन देशमै मेरो नेतृत्वको सरकारले गरेका काम जहाँ उभिनुभएको छ। देख्न सक्नुहुन्छ।

भ्रष्टाचार...

पृष्ठ १ बाट क्रमशः

कारखाना स्थापना गर्ने, खानेपानीका सबै अधुरा आयोजना पूरा गर्ने प्रत्येक घरपरिवारलाई स्वच्छ खानेपानीको प्रबन्ध गर्ने पहल गर्ने उल्लेख गरेका छन्। यसबाहेक सबै नदीमा आवश्यकताअनुसार तटबन्ध निर्माण गर्ने, लामो समयदेखि अलपत्र परेको दमक-चिसापानी सडक पुनः ठेक्का लगाउँदै निर्माण सम्पन्न गर्नेलगायत विषय प्रतिबद्धता-पत्रमा भनिएको छ। विगतमा अलपत्र रहेका आयोजना पूरा गर्ने ओलीले प्रतिबद्धता जनाएका छन्।

लामो समयदेखि अलपत्र परेको कमल ५ स्थित आदिवासी रंगशाला निर्माण गर्ने प्रतिबद्धता-पत्रमा उल्लेख छ। यो रंगशाला ०७२ सालमा नाम परिवर्तन हुँदै मदन भण्डारी नामांकन गरेपछि काम अघि बढ्न सकेको थिएन। एमाले-कांग्रेस गठबन्धनको सरकारका पालामा ओलीकै दबाबमा नाम परिवर्तन भएको थियो। आदिवासी-जनजाति समुदायको विरोधपछि काम हुन सकेको थिएन। ०६७ सालमा शिलान्यास भएको यो रंगशाला हालसम्म अलपत्र छ। ओली त्यसयता पटक-पटक प्रधानमन्त्री हुँदा पनि निर्माणको रंगशाला निर्माणमा चासो दिएका छैनन्।

दमक ३ मा प्रस्ताव गरिएको मदन भण्डारी रंगशाला निर्माणमा पहल गर्ने प्रतिबद्धता-पत्रमा उल्लेख छ। चालू आर्थिक वर्षको बजेटमा समावेश भएको यो रंगशालाको काम अघि बढ्न सकेको छैन। ओलीको प्रतिबद्धता-पत्रमा दमक ३ मा रहेको बिजनेस टावर (भ्युटावर) सञ्चालनमा ल्याउँदै आसपासका जग्गामा ल्यान्डपुलिङ गर्न पहल गर्ने उल्लेख छ। यो भ्युटावर उद्घाटनको एक वर्ष बितिसक्दासमेत सञ्चालनमा आउन सकेको छैन।

दमक, कमल र गौरादहको संगमस्थलमा बन्ने भनिएको चीन-नेपालमैत्री औद्योगिक पार्क निर्माण कार्यसम्पन्न गर्ने ओलीको प्रतिबद्धता-पत्रमा उल्लेख छ। यो पार्क ओलीले पाँच वर्षअघि शिलान्यास गरेका थिए। तर, यसको काम अगाडि बढ्न सकेको छैन।

अधिकांश दल...

पृष्ठ १ बाट क्रमशः

दलबाट ३,१३५ उम्मेदवार छन्।

निर्वाचनमा भाग लिन आयोगमा दर्ता ६८ दलमध्ये ६२ दलले हालसम्म खाता नखोलेको निर्वाचन आयोगको तथ्यांक छ। यस्तै, आयोगका अनुसार मंगलबारसम्म ७३३ उम्मेदवारले निर्वाचन प्रयोजनका लागि खाता खोलेका छन्। बैंक खाता नखोली निर्वाचन प्रचार-प्रसार खर्च गर्दा आचारसंहिता उल्लंघन हुने भए पनि कारबाहीबारे आयोगले केही निर्णय लिएको छैन।

आयोगका अनुसार आयोगका अनुसार हालसम्म नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (संयुक्त), राष्ट्रिय जनमोर्चा, नेपाली कम्युनिस्ट पार्टी, नेपालका लागि नेपाली पार्टी र जनता समाजवादी पार्टीले खाता खोल्नका लागि सिफारिस लगेका छन्। नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र उज्यालो नेपाल पार्टीलगायतका ६२ वटा दलले निर्वाचनकेन्द्रित खाता खोल्ने प्रक्रिया सुरु गरेका छैनन्।

आयोगले छुट्टै खाता खोल्ने व्यवस्था मिलाउन पत्राचार गरेपछि १२ माघमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई निर्वाचन प्रयोजनका लागि अलग्गै खाता खोल्न सहजीकरण गर्न सर्कुलर जारी गरेको थियो। सोहीअनुसार आयोगको सिफारिसमा दल र उम्मेदवारले अलग्गै खाता खोलेका हुन्। हालसम्म आयोगबाट ९५७ जना उम्मेदवारले बैंक खाता खोल्नका लागि सिफारिस बुझेको आयोगको भनाइ छ। बैंकर्स संघले मंगलबारसम्म ७३३ उम्मेदवारले निर्वाचन प्रयोजनका लागि खाता खोलेको जानकारी आयोगलाई दिएको थियो। आयोगले सोमबार नेपाल बैंकर्स संघका पदाधिकारीसँग छलफल गरेर राजनीतिक दल र उम्मेदवारका लागि छुट्टै खाता खुलाउन सहजीकरणका लागि अनुरोध पनि गरेको थियो।

आयोगले प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयहरूको सिफारिसमा आमनिर्वाचन अभियान समूह (वा यस्तै मिल्दो अन्य कुनै) का नेपाली मुद्रा (रुपैयाँ, पैसा) को आम्दानी खर्च कारोबार गर्न सक्ने गरी प्रत्येक राजनीतिक दल तथा ती दलबाट प्रतिनिधित्व गर्ने उम्मेदवार (समानुपातिक समेत) एवं स्वतन्त्र उम्मेदवारहरूलाई छुट्टै बैंक खाता खोली सञ्चालन गर्ने व्यवस्था गरेको छ।

निर्वाचन आचारसंहिताअनुसार राजनीतिक दल र उम्मेदवारले चुनावसँग सम्बन्धित सबै आम्दानी र खर्च छुट्टै बैंक खातामार्फत गर्नुपर्छ। उम्मेदवारले खर्च गर्न जिम्मेवार पदाधिकारी तोक्नुपर्ने हुन्छ भने दलले पनि सोही खाताबाट मात्रै खर्च गर्नुपर्ने व्यवस्था छ। २५ हजार रुपैयाँभन्दा बढी आर्थिक सहयोग बैंक वा वित्तीय संस्थामार्फत लिनुपर्ने प्रावधान छ। नगद सहयोग प्राप्त भएमा रसिद दिएर रकम सम्बन्धित खातामा जम्मा गर्नुपर्छ।


सुनसरीका चारै क्षेत्रमा पुरानालाई नयाँको चुनौती

खानेपानी, बाढी, हात्तीआतंक, सुकुमवासीलगायतका समस्या समाधान गर्ने दलहरूका वर्षौंदेखिका प्रतिबद्धता भएका छैनन् पूरा

सुनसरीमा **आरबी कटवाल**

सुनसरीमा यतिवेला चुनावी सरगर्मी बढेको छ। चार निर्वाचन क्षेत्र रहेको सुनसरीमा पुराना र नयाँ उम्मेदवारबिच प्रतिस्पर्धा हुँदै छ। निर्वाचन आयोगको तालिकाबमोजिम सोमबारबाट औपचारिक रूपमा पार्टीहरूले चाली तथा प्रचारप्रसार सुरु गरेका छन्। कुनै पार्टीले जेन-जी आन्दोलनले खोजेको मुद्दा पार्टीको पुरानै एजेन्डा रहेको र कतिपयले सो मुद्दालाई यसपटकको निर्वाचनमार्फत उठाएका छन्। जिल्लामा मुख्य रूपमा कांग्रेस, एमाले, नेकपा र रास्वपाबिच प्रतिस्पर्धा छ। पुराना उम्मेदवार र पुराना पार्टीलाई नयाँ पार्टीका रूपमा उदाएका रास्वपा र श्रम संस्कृति पार्टी चुनौतीका रूपमा उभिएका छन्।

सुनसरीमा कुल पाँच लाख ८० हजार ९४५ जना मतदाता छन्। जसमा दुई लाख ८६ हजार ६९१ महिला, दुई लाख ९४ हजार २५२ पुरुष र दुई अन्य छन्। कुल १६७ मतदानस्थल र ६२४ मतदान केन्द्र रहेको जिल्लामा ११० उम्मेदवार प्रतिस्पर्धामा उत्रिएका छन्। कुनै क्षेत्रमा नयाँ अनुहारका उम्मेदवार छन् भने कतिपय क्षेत्रमा पटक-पटक दोहोरिएका उम्मेदवार छन्। नेकपाले घोषणापत्र सार्वजनिक गरिसकेको छ भने अन्यले केही दिनमै सार्वजनिक गर्ने तयारी गरेका छन्।



मतदाता

महिला : २,८६,६९१
पुरुष : २,९४,२५२
अन्य : २
कुल मतदाता : ५,८०,९४५
मतदानस्थल : १६७
मतदान केन्द्र : ६२४
उम्मेदवार : ११०

सुनसरी १ मा श्रम संस्कृति र रास्वपाबिच प्रतिस्पर्धा

यो क्षेत्रमा कांग्रेसबाट सुजेन्द्र तामाङ, श्रम संस्कृति पार्टीका सभापति हर्कराज राई, नेकपाबाट सूर्यबहादुर भट्टराई, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गोमाङ (सरिन) र एमालेबाट टीकाराम लिम्बूलगायत प्रतिस्पर्धामा छन्। धरानमा ०७९ को स्थानीय तह निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिँदै नगर प्रमुखमा विजयी बनेका हर्कलाई जिल्लामा निकै चासोका साथ हेरिएको छ। ०७९ को प्रतिनिधिसभा सदस्यको निर्वाचनमा एमालेको समर्थन पाएको जनता समाजवादी पार्टीका नेता अशोक राई विजयी भएका थिए। उनले १७ हजार पाँच मत पाएका थिए। रास्वपाकी गोमाङले १६ हजार ६०६ मत प्राएकी थिइन्। ०७९ को निर्वाचनमा समानुपातिकतर्फ एमालेले २० हजार ९८ प्राप्त गरेको थियो। रास्वपाले १७ हजार २७१, कांग्रेसले ११ हजार ७५० र नेकपा (तत्कालीन माओवादी)ले ४ हजार ६५६ मत प्राप्त गरेका थिए। जिल्ला निर्वाचन कार्यालयका अनुसार सुनसरी १ मा एक लाख ५० हजार ३९३ मतदाता छन्। ४१ मतदानस्थल र १६१ मतदान केन्द्र कायम गरिएको छ।

सुनसरीको १ केही रामधुनी र बाँकी सबै धरान क्षेत्र पर्छ। धरान वा क्षेत्र १ मा वर्षौंदेखि खानेपानीको समस्या छ। पटक-पटक नेताहरूले सोही खानेपानीको एजेन्डालाई लिएर निर्वाचनमा भाग लिएका छन्। अघिल्लो स्थानीय तह निर्वाचनमा खानेपानी समस्या समाधान गर्ने भनेर स्वतन्त्र रूपमा आएका हर्कराज राई मेयर पदमा विजयी भए। राईले खानेपानी समस्या समाधानका लागि केही काम गरे पनि समस्या पूर्ण रूपमा समाधान भएको छैन। धनीपुर्जाविहीन सबैभन्दा बढी धरानमै छन्। भूमि समस्या समाधान आयोगका अनुसार धरान उपमहानगरमा १३ हजार ३२८ परिवार धनीपुर्जाविहीन छन्।

सुनसरी २ मा पुरानासँग नयाँको भिडन्त

सुनसरी २ मा एमालेका सुजन लामा, कांग्रेसका राजीव कोइराला, नेकपाकी रामकुमारी चौधरी, रास्वपाका लालविक्रम थापा, नेकपा संयुक्तका अतीत नेपाललगायत २८ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। यस क्षेत्रमा ०७९ को निर्वाचनमा एमालेका उम्मेदवार भीम आचार्य ३२ हजार ८ मत प्राप्त गरेर विजयी भएका थिए। उनका निकटतम प्रतिस्पर्धी कांग्रेसका सीताराम मेहताले २६ हजार ५८ मत प्राप्त गरे। निर्वाचनमा समानुपातिकतर्फ एमालेले २५ हजार १६९, कांग्रेसले २० हजार ६२६, रास्वपाले १६ हजार ९३७ र राप्रपाले ६ हजार ९६६ मत प्राप्त गरेको थियो। यस क्षेत्रमा एक लाख ५८ हजार ९१० मतदाता छन् भने ४० मतदानस्थल र १६७ मतदान केन्द्र छन्।

सुनसरी २ मा बुढीखोला, सेहरा खोला, पानीपिया, खेतीखोलालगायत खोलाबाट हुने बर्सेनि बाढी र हात्तीआतंकको समस्या मुख्य छन्। सुरक्षाको समस्या पनि यस क्षेत्रमा रहेको छ।

सुनसरी ३ मा एमालेलाई कांग्रेस र रास्वपाको चुनौती

सुनसरी ३ मा पटक-पटक दोहोरिएका पुरानै उम्मेदवारसँग नयाँको प्रतिस्पर्धा हुँदै छ। यस क्षेत्रमा कांग्रेसबाट विजयकुमार गच्छदार प्रतिस्पर्धामा छन्। उनी आठौँपटक यस क्षेत्रमा प्रतिस्पर्धा गर्दै छन्। एमालेकी भगवती चौधरी, रास्वपाका अशोककुमार चौधरी, नेकपाका दुर्गेशकुमार चौधरी, राप्रपाका घनश्याम गुरुङलगायत २३ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। यस क्षेत्रबाट ०७९ को निर्वाचनमा एमालेकी भगवती चौधरी ४० हजार ७८८ मत पाएर विजयी भएकी थिइन्।

कांग्रेसका विजयकुमार गच्छदारले ३५ हजार ६०० मत प्राप्त गरेका थिए। निर्वाचनमा समानुपातिकतर्फ एमालेले ३३ हजार ९०२, कांग्रेसले २९ हजार ६८०, रास्वपाले ६ हजार ८३८ र नेकपाले ३ हजार ९७५ मत प्राप्त गरेका थिए। ४४ मतदानस्थल र १४६ मतदान केन्द्र रहेको यस क्षेत्रमा एक लाख ३४ हजार ३०२ मतदाता छन्।

सुनसरी ३ मा वर्षौंदेखि सुकुमवासीहरूको समस्या छ। हरेकपटकको निर्वाचनमा उम्मेदवार सोही मुद्दा बोकेर अघि बढ्छन्। तर, समस्या समाधान भएको छैन।

सुनसरी ४ मा मुख्य दलका प्रतिस्पर्धी पुरानै

सुनसरी ४ मा मुख्य दुई पार्टीका उम्मेदवार पुरानै छन्। कांग्रेसका ज्ञानेन्द्रबहादुर कार्की, एमालेका जगदीशप्रसाद कुसियत, नेकपाबाट महमद महफुज अन्सारी, रास्वपाबाट दीपककुमार साह, राप्रपाबाट प्रेमप्रसाद भट्टराईलगायत ३३ जना उम्मेदवार प्रतिस्पर्धामा छन्। ०७९ को निर्वाचनमा एमालेका कुसियतलाई तत्कालीन माओवादीसँगको गठबन्धनमा कांग्रेसका कार्कीले ११२ मतान्तरले पराजित गरेका थिए। निर्वाचनमा समानुपातिकतर्फ कांग्रेसले २८ हजार ८२, एमालेले २० हजार ५७३, जनता समाजवादी पार्टीले ६ हजार ५६५, राप्रपाले ५ हजार ६१० र रास्वपाले ५ हजार ६८ मत पाएका थिए। ४२ मतदानस्थल र १५० मतदान केन्द्र रहेको यस क्षेत्रमा एक लाख ३७ हजार ३४० मतदाता छन्।

सुनसरी ४ मा हात्ती प्रभावित क्षेत्र पर्ने भएकाले हात्तीको समस्या अलिअलि छ। ०६५ मा कोशी बाँध फुटेपछि पीडित बनेको बाढीपीडितको समस्या पनि उस्तै छ। पुराना पार्टीका उम्मेदवार जितेर गएपछि गाउँमा कहिल्यै देख्न नपाएको अधिकांश मतदाताको भनाइ छ। कोशी गाउँपालिका- ३ का मोहम्मद सलिमले शिक्षा, स्वास्थ्य, रोजगारका लागि कुनै काम नभएको र अब जित्ने उम्मेदवारले सामान्य बाटोघाटो, कारखाना स्थापना, स्वास्थ्य चौकी निर्माण गरिदिए मात्र राहत हुने बताए। 'मत लिएपछि नेता आउँदैनन्, हाम्रो समस्या लामो समयदेखि उस्तै छ,' उनले भने, 'धेरै ठुलो केही चाहिँदैन, जित्नेले कारखाना, बाटो, गुणस्तरीय शिक्षा, स्वास्थ्य चौकी बनाइदिए हुन्छ।'

परिवर्तनकै पक्षमा छौं, पार्टीपछि अब देश बदल्छौं



● **केदार भण्डारी**, सभापति, कांग्रेस सुनसरी

सुनसरीका चारमध्ये तीन क्षेत्रमा जित सुनिश्चित छ। क्षेत्र १ मा अलि बढी मिहिनेत गरिरहेका छौं। जेन-जी आन्दोलनले खोजेको परिवर्तनकै पक्षमा छौं। युवाहरूले पनि सबै बुझेको अवस्था छ। निर्वाचन गराउन पठाएका मन्त्रीहरूले नै राजीनामा दिन थालेपछि झन् युवाहरूले धेरै कुरा बुझेका छन्। सुशासन, रोजगारीलगायत क्षेत्रलाई समेटेर केन्द्रले र स्थायी क्षेत्रगत समस्या समाधानका लागि उम्मेदवारहरूले प्रतिबद्धतापत्र तयार गरिसक्नुभएको छ।

संगठन बलियो र सबै उम्मेदवार सक्षम छन्, जित्छौं



● **परशुराम यादव**, अध्यक्ष, एमाले सुनसरी

हाम्रो सबैभन्दा राम्रो पक्ष भनेको संगठन हो। उम्मेदवार पनि चारैवटा क्षेत्रमा उत्कृष्ट, सक्षम र योग्य हुनुहुन्छ। विगतको प्रतिनिधिसभा निर्वाचन र स्थानीय तहको वडासहितको निर्वाचनको नतिजालाई विश्लेषण गर्दा हामी बलियो छौं। सबैले देश बनाउने एमाले मात्र हो भन्ने बुझिसकेका छन्। सबै क्षेत्रमा छलफल गर्दै क्षेत्रगत आवश्यकता पूरा गर्ने गरी उम्मेदवारहरूले प्रतिबद्धतापत्रसमेत तयार गर्नुभएको छ।

स्थानीय तहको मुद्दा पनि बोकेका छौं



● **मोहन निरौला**, संगठन विभाग प्रमुख, रास्वपा सुनसरी

घरदैलो र सामान्य भेटघाट सकिएको छ। सोमबारबाट औपचारिक रूपमा प्रचारप्रसार गरिरहेका छौं। सबैतिर माहोल राम्रो छ। सबै उम्मेदवारले प्रतिबद्धतापत्र तयार गर्नुभएको छ। जसमा स्थानीय समस्या र स्थानीय तहका मुद्दा समावेश छन्। केन्द्रको पर्खाइमा छौं, सार्वजनिक भएपछि थप छाँटकाँट गरेर बाहिर ल्याउँछौं। खास त्यो पत्र उम्मेदवारको होइन, जनताको हो।

मतदाताबाट राम्रो प्रतिक्रिया आइरहेको छ



● **सत्य घले गुरुङ**, प्रवक्ता, श्रम संस्कृति पार्टी

फिल्डमा खटिरहेका छौं। जनताको कुरा सुन्ने र भेटघाटमा लागिरहेका छौं। चारवटै क्षेत्रका हाम्रा उम्मेदवार इमानदार र योग्य हुनुहुन्छ। जितको आधार पनि त्यही हो। धेरै हल्लाखल्लाभन्दा पनि धेरै मतदातासँग प्रत्यक्ष भेटघाटलाई जोड दिइरहेको छौं। क्षेत्र १ मा सुरक्षित मत प्राप्त गर्छौं। अन्य तीनवटा क्षेत्रमा ठुला र पुराना दलका उम्मेदवारसँग प्रतिस्पर्धा हुन्छ। कामका आधारमा जनताबाट राम्रै प्रतिक्रिया आइरहेको छ।

अन्य पार्टीको सरकारबाट जनता निराश छन्



● **पप्पु मण्डल**, अध्यक्ष, नेकपा सुनसरी

नेकपाकै एजेन्डामा देश चलिरहेको छ। गणतन्त्र नेकपाकै संघर्षले ल्याएको जनताले बुझेका छन्। जेन-जी आन्दोलनपछि जनता निराश छन्। अन्य पार्टीको सरकारविरुद्ध आन्दोलन थियो। जेन-जी र नेकपाको माग पहिलेबाटै एउटै छ। जनताले खोजेको आधारभूत गाँस, वास, कपास, शिक्षा, स्वास्थ्यलगायतको क्षेत्रको सुनिश्चितता नेकपाले गर्छ।

पोखराका थप पाँच विद्यालयका बसचालक मापसेमा

कास्कीमा **रोहितराज पराजुली**

पोखराका थप पाँच विद्यालयका चालकले मादक पदार्थ सेवन गरी सवारी चलाएको भेटिएको छ। सोमबार पाँच विद्यालयका चालक मापसे गरेको भेटिएकोमा मंगलबार थप पाँच विद्यालयका बसचालक मापसे गरी सवारी चलाएको अवस्थामा प्रहरीसहितको संयुक्त टोलीले नियन्त्रणमा लिएको हो।

मंगलबार बिहानको विद्याथी लिन हिँडेको अवस्थामा पोखरा महानगरपालिका- १ सिम्पानीस्थित करुणानिधि एजुकेसन फाउन्डेसन (केफ) माध्यमिक विद्यालय, पोखरा- ७, रत्नचोकस्थित रत्नज्योति बोर्डिङ स्कुल, पोखरा- ९, नयाँबजारस्थित गुरुकुल विद्यासदन बोर्डिङ स्कुल, पोखरा- २१, बागमारास्थित इमानुयल बोर्डिङ स्कुल र पोखरा- १६, लामाचौरस्थित गण्डकी बोर्डिङ स्कुलका बसचालकले मादक पदार्थ सेवन गरी चालएको अवस्थामा चालकसहित बसलाई खटिएको संयुक्त टोलीले नियन्त्रणमा लिएको हो। जिल्लाका विभिन्न स्थानमा सञ्चालनमा रहेका विद्यालयका सवारीसाधनका चालकले मादक पदार्थ सेवन गरी सवारी चलाउँदै आएको भन्ने गुनासोपछि पोखरामा चेकिङलाई कडाइ गरिएको जिल्ला प्रहरी कार्यालय, कास्कीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले बताए। पोखरा महानगरपालिकाका प्रतिनिधि, जिप्रका कास्की र मातहतका कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालय, कास्कीबाट संयुक्त रूपमा खटिएको चेकिङ टोलीले चेकजाँचका क्रममा पाँच विद्यालयका बस र चालकलाई नियन्त्रण लिएको बस्नेतले बताए।

बस्नेतका अनुसार मंगलबार करुणनिधिको ग.१क ४७६३ नम्बरको बस र चालक सर्वीजित रेग्मी, रत्नज्योतिको ग.१क ५९६२ नम्बरको बस र चालक गोविन्द क्षेत्री, गुरुकुलको ग.१क १९५७ नम्बरको बस र चालक दलबहादुर सुनार, इमानुयलको ग.१क ५००८ नम्बरको बस र चालक मनबहादुर तामाङ तथा गण्डकीको ग.१क ६६२३ नम्बरको बस र चालक रोनिश खनाल छन्। पक्राउ परेका चालकलाई सार्वजनिक मुद्दा चलाउने र विद्यालयलाई समेत आवश्यक कारबाही गरिने बस्नेतले बताए।

आज कांग्रेस र रास्वपाको चुनावी सभा

जनकपुरधाममा **हदिश खुद्दार**



कांग्रेसले बुधबार प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै चुनावी प्रतिज्ञापत्र सार्वजनिक गर्दै छ। कांग्रेस मधेश प्रदेश समितिले मंगलबार पत्रकार सम्मेलन गरी जनकपुरधामस्थित तिरुहुतिया गाछीमा बुधबार आयोजित चुनावी सभामा प्रतिज्ञापत्र सार्वजनिक हुने जानकारी गराएको हो। सभालाई कांग्रेसको मधेशकेन्द्रित पहिलो औपचारिक चुनावी शक्ति प्रदर्शनका रूपमा लिइएको छ।

मधेश प्रदेश सभापति तथा मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशका आठै जिल्लाबाट नेता-कार्यकर्तालाई परिचालन गरिएको र कम्तीमा एक लाख जनसहभागिता रहने लक्ष्य राखिएको जानकारी दिए। 'प्रदेशका सबै जिल्लाका संगठनात्मक संरचना सक्रिय पारिएको छ। यो कार्यक्रम सभा मात्र नभई आगामी निर्वाचनका लागि संगठन सुदृढीकरणको अभ्यास पनि हो,' उनले भने। सभामा पार्टीका सभापति गगन थापासहित केन्द्रीय पदाधिकारीहरू उपस्थिति रहने जनाइएको छ। केन्द्रीय नेतृत्वको सहभागितालै मधेशमा कांग्रेसको चुनावी अभियान औपचारिक रूपमा तीव्र हुने विश्वास गरिएको छ।

यादवका अनुसार सार्वजनिक गरिने प्रतिज्ञापत्रमा मधेशको समग्र विकासलाई प्राथमिकतामा राखिएको छ। विशेषगरी रोजगारी सिर्जना, कृषि आधुनिकीकरण, सिँचाइ तथा भण्डारण संरचना विस्तार, शिक्षा र स्वास्थ्य सेवाको गुणस्तर सुधार, सडक तथा अन्य पूर्वाधार विकास, लगानीमैत्री वातावरण निर्माण र सुशासनका विषय समेटिएका छन्।

उनले मधेशमा देखिएको बेरोजगारी, कृषि उत्पादनमा स्थिरता तथा आधारभूत सेवा प्रवाहका चुनौतीलाई ध्यानमा राखेर नीति तथा कार्यक्रम तयार पारिएको दाबी गरे। 'मधेशको आर्थिक रूपान्तरणविना देशको समृद्धि सम्भव छैन भन्ने दृष्टिकोणका साथ प्रतिज्ञापत्र तयार गरिएको छ,' उनले भने।

कांग्रेसले सभालाई निर्वाचनअघि जनमत निर्माण गर्ने महत्त्वपूर्ण अवसरका रूपमा लिएको जनाएको छ। 'कांग्रेस व्यवस्था होइन, अवस्था बदल्नुपर्छ भन्ने सोचका साथ चुनावी मैदानमा उत्रिएको छ,' यादवले भने। उनका अनुसार देशलाई लयमा ल्याउन, सुशासन कायम गर्न र भ्रष्टाचार नियन्त्रण गर्न व्यवस्थाभन्दा पनि अवस्था परिवर्तन आवश्यक रहेको सन्देशसहित मधेशबाट चुनावी प्रतिज्ञापत्र सार्वजनिक गर्न लागिएको हो।

'जब-जब मधेशमा कांग्रेस बलियो हुन्छ, तब-तब देशभर राम्रो मतपरिणाम आएको इतिहास छ,' उनले भने, 'यो निर्वाचनमा पनि ०४८ कै जस्तो मतपरिणाम आउँछ। यसमा हामी ढुक्क छौं। यसपालिको निर्वाचनमा देशका १६५ वटै निर्वाचन क्षेत्रमा कहीँ कुनै बागी उम्मेदवार छैनन्, कांग्रेसजन एकजुट भएर चुनावमा लागेका छन्।'

रास्वपाले धनगढीमा आज चुनावी सभा गर्दै

धनगढी/ राष्ट्रिय स्वतन्त्र पार्टीले धनगढीमा बुधबार चुनावी सभा गर्दै छ। चुनावी सभालाई रास्वपा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह बालेनले सम्बोधन गर्ने कार्यक्रम छ। चुनावी सभाका लागि सभापति लामिछाने मंगलबार बेलुकी काठमाडौंबाट नियमित हवाई उडानमार्फत धनगढी आइपुगेका छन्। बालेन भने बुधबार बिहान आउने बताइएको छ। सुदूरपश्चिम महोत्सव सञ्चालन हुँदै आएको धनगढीस्थित मैदानमा रास्वपाको परिवर्तन उद्घोष सभा हुन लागेको हो। बिहान ११ बजे सुरु हुने सभालाई सम्बोधन गरेपछि सभापति लामिछाने र बालेन सुर्खेत जाने बताइएको छ। सभा आयोजक समितिका संयोजक कवीन्द्र ठकुल्लाले सभा शक्ति प्रदर्शनभन्दा पनि विचार प्रवाहमा केन्द्रित रहने बताए। उनले धेरै ठाउँबाट मान्छे उतारेर सभामा शक्ति प्रदर्शन गर्न नखोजिएको बताए।

संक्षेप

अमेरिका मानव तस्करी गर्नेविरुद्ध सम्पत्ति शुद्धीकरण मुद्दा

काठमाडौं/ अमेरिकामा मानवतस्करी गरेर गरेका अभियोग लागेका दुई अभियुक्तसँग करोडौंको सम्पत्ति भेटिएको छ। उनीहरूविरुद्ध प्रहरीले सम्पत्ति शुद्धीकरणको कसुरमा मुद्दा दायर गरेको छ। रुकुम पश्चिमको बाफीकोट-२ का कलबहादुर बस्नेत र रुकुम पूर्वको सिस्ने गाउँपालिका-२ का अमित बस्नेतविरुद्ध मानव बेचबिखन अनुसन्धान ब्युरोले सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालत, काठमाडौंमा सोमबार मुद्दा दायर गरेको हो। कुलबहादुरले ७० करोड ६० लाख ५३ हजार ७३३ तथा अमितले २७ करोड ४५ लाख २९ हजार रुपैयाँबराबरको रकम कारोबार गरी शुद्धीकरण गरिएको भेटिएपछि मुद्दा दायर गरिएको ब्युरोका एसपी राजन लिम्बूले जानकारी दिए। उनीहरूमध्ये कुलबहादुर मानव बेचबिखनको कसुरमा डिल्लीबजार कारागारमा छन् भने अमित फरार छन्। उनीहरूले २५० भन्दा धेरै व्यक्तिलाई गैरकानुनी बाटोबाट अमेरिका पठाएको प्रहरीले जनाएको छ। धेरैजसो पैसा बैंकिङ कारोबारमार्फत नै लेनदेन गरेको अनुसन्धानमा खुलेको छ।

राजनीतिक तहमा भएका सहमति कार्यान्वयनमा प्रतिबद्ध छु : चिनियाँ राजदूत

काठमाडौं/ नवनियुक्त चिनियाँ राजदूत झाङ माओमिङले नेपाल र चीनका राजनीतिक नेतृत्वबिच विगतमा भएका सहमति कार्यान्वयनमा आफू सक्रिय हुने प्रतिबद्धता जनाएका छन्। उनी काठमाडौं आएपछि पहिलोपटक चिनियाँ नयाँ वर्ष (वसन्त उत्सव)का अवसरमा मंगलबार पाटन दरबार क्षेत्रको रोयल स्क्वायरमा आयोजित कार्यक्रममा देखिएका हुन्। 'यस वर्ष चीनको १५औं नयाँ पञ्चवर्षीय योजना कार्यान्वयन सुरु भएको छ। दुई देशबिच उच्च राजनीतिक तहमा विगतमा भएका सहमति कार्यान्वयनका लागि राजदूतका रूपमा प्रतिबद्ध छु,' राजदूत माओमिङले भने, 'दुई देशबिच पुस्तौंदेखिको रणनीतिक सहकार्य तीव्र गतिमा अघि बढोस् भन्ने चाहन्छु। दुई देशबिच दीर्घ इतिहास छ, प्राचीन एवं जनस्तरको सम्बन्ध सुदृढ गर्नुपर्छ।' उनले दुई देशको सम्बन्ध नयाँ ऐतिहासिक मोडमा रहेको पनि बताएका छन्। 'राष्ट्रहरूको सम्बन्ध जनताको आत्मीयताबाट हुन्छ र जनताको हृदयबाट सम्बन्ध अघि बढ्छ,' राजदूत माओमिङले भने, 'हामी नेपाल र चीनको मित्रताको परम्परालाई निरन्तरता दिइरहेका छौं। सभ्यता, विविधता, आपसी सिकाइमा जोड दिन्छौं।'

बेपत्ता एकको शव भेटियो, मृतकको संख्या १४ पुग्यो

रामेछाप/ गत सोमबार काठमाडौंबाट ओखलढुंगा जाँदै गरेको बस तामाकोशीमा दुर्घटनामा परी हराइरहेका एक युवकको शव मंगलबार फेला परेको छ। योसँगै मृतकको संख्या १४ पुगेको छ। गत सोमबार रामेछापको मन्थली नगरपालिका-६ भलुवाजोरस्थित लिलौतीको भिरमा बस दुर्घटनामा परी तामाकोशी नदीमा झरेको थियो। बस दुर्घटनास्थलबाट करिब २५० मिटर दक्षिण सुनकोशी नदीमा शव फेला परेको हो। शव रामेछाप जिल्लाको उमाकुण्ड गाउँपालिका- ६, गुप्तेश्वरका २४ वर्षीय विशाल तामाङको पुष्टि भएको जिल्ला प्रहरी कार्यालय रामेछापका सूचना अधिकारी राजन तिम्सिनाले जानकारी दिए। मृतकको शव मंगलबार दिउँसो सुनकोशी नदी किनारमा स्थानीयले देखेपछि प्रहरीमा खबर गरेका थिए। घटनास्थल पुगेका प्रहरी र मृतकका आफन्तले शव पहिचान गरी घटनास्थलमा मुचुल्का उठाई शव पोस्टमार्टमका लागि मन्थली अस्पताल ल्याइएको छ।

■ नेकपा संयुक्तको घोषणापत्र

एक व्यक्ति दुईपटकसम्म मात्र प्रधानमन्त्री हुन पाउने

नयाँ पत्रिका

चन्द्रदेव जोशी र घनश्याम भुसाल नेतृत्वको नेकपा संयुक्तले 'विकासको नेपाली बाटो : सुशासन र रोजगारी, समाजवादको तयारी' नारासहित चुनावी घोषणापत्र सार्वजनिक गरेको छ। लोकतन्त्र र आर्थिक विकासका विश्वव्यापी मानकहरूको घरेलुकरण हुन नसके राष्ट्रले फाइदा लिन नसक्ने भन्दै संयुक्तले जनताको जीवनमा नयाँ सम्भावनाको ढोका खोल्न दलको भूमिका महत्त्वपूर्ण हुने बताएको छ।

'लोकतन्त्र र आर्थिक विकासका विश्वव्यापी मानकहरूको घरेलुकरण हुन सकेन भने राष्ट्रले अवसरबाट फाइदा लिन सक्दैन, संकटहरू समाधान गर्न सक्दैन र आर्थिक रूपले पराधीन बन्दै जान्छ। आज नेपाल त्यही दुष्चक्रमा फस्दै गएको छ,' घोषणापत्रमा भनिएको छ।

भ्रष्टाचारको प्रभावकारी नियन्त्रण गर्न सक्दा राजस्वमा गुणात्मक वृद्धि हुने र उत्पादन पनि बढ्ने संयुक्तको विश्वास छ। 'अहिले सरकारी प्रशासनिक, न्यायिक तथा राजनीतिक क्षेत्रको भ्रष्टाचार सुशासनका लागि सबैभन्दा ठुलो अवरोध बनेको छ। तर, राजनीतिक पार्टीहरूको संरचना र कार्यप्रणालीले नै भ्रष्टाचारलाई निरूत्साहित र दण्डित गर्ने ग्यारेन्टी नगरेसम्म त्यसको प्रभावकारी नियन्त्रण हुन सक्दैन, अर्थात् राजनीतिक नेताहरू भ्रष्टाचारमुक्त छन् भन्ने विश्वास सिर्जना गर्नु अत्यन्तै जरुरी भएको छ। त्यसो नगरी आजका संकटलाई समाधान गर्नका लागि राष्ट्रिय विश्वास सिर्जना हुन सक्दैन,' घोषणापत्रमा छ।

अहिलेसम्म सार्वजनिक पदमा रहेका राजनीतिक, प्रशासनिक तथा न्यायिक क्षेत्रका सबैको सम्पत्ति छानबिन गर्न संवैधानिक तथा कानुनी प्रबन्धका साथ शक्तिशाली सम्पत्ति छानबिन आयोग गठन गर्नुपर्नेमा जोड दिइएको छ। विषयविज्ञहरूबिच प्रतिस्पर्धाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन हुने व्यवस्था गर्नुपर्ने, भ्रष्टाचारसम्बन्धी विषय आकर्षित हुने अवस्थामा तीनै तहका सरकारका नीतिगत निर्णयको परीक्षण हुने व्यवस्था गर्नुपर्नेमा जोड दिइएको छ। पूर्ण समानुपातिक निर्वाचन प्रणालीको संवैधानिक व्यवस्था गर्नुपर्ने, संसद्मा बहुमत हुने दलको नेता प्रधानमन्त्री हुने, तर विधायकहरू मन्त्री हुन नपाउने र प्रधानमन्त्रीले संसद बाहिरबाट मन्त्री चयन गर्ने गरी संवैधानिक व्यवस्था गर्नुपर्ने बताएको छ।

संघीय प्रणालीको प्रभावकारिता, खासगरी प्रदेश तहको प्रभावकारिताका लागि आवश्यक संवैधानिक व्यवस्थाका तथा कानुनी प्रबन्ध गर्नुपर्नेमा संयुक्तले जोड दिएको छ।



एकजना व्यक्ति दुईपटकसम्म मात्र प्रधानमन्त्री हुन, बढीमा चारपटक मन्त्री र सांसद हुन पाउने व्यवस्था गर्नुपर्नेमा संयुक्तले जोड दिएको छ। भ्रष्टाचारजन्य काम गरेको प्रमाणका आधारमा पालिका परिषद्को दुईतिहाइ बहुमतले पालिकाका पदाधिकारीलाई हटाउने सक्ने र सोही कारणले सम्बन्धित पार्टीले प्रत्याह्वान गर्न सक्ने व्यवस्था गर्नुपर्ने, सबै आर्थिक कारोबार डिजिटल माध्यमबाट गर्ने व्यवस्था लागू गर्नुपर्ने, तोकिएको सेवा वा जिम्मेवारीको पारदर्शी परिणामका आधारमा कर्मचारीको मूल्यांकन हुने व्यवस्था गर्नुपर्ने विषय समेटेको छ। कानुनबमोजिम दिनुपर्ने सेवामा ढिलाइ गरेको वा सेवा रोकेको अवस्थामा कर्मचारीमाथि कारबाही हुने व्यवस्था गर्नुपर्नेमा संयुक्तले जोड दिएको छ।

उद्यमी राष्ट्रको निर्माण गर्ने प्रतिबद्धता संयुक्तको छ। 'उद्यमशील राष्ट्र निर्माणको पहिलो सर्त मुलुकको श्रमशक्तिलाई उद्यममा ल्याउनु हो। भूमिहीन वा गरिब किसान, असंगठित क्षेत्रका सहरी तथा ग्रामीण श्रमिकहरू, विदेशमा गएर श्रम गर्ने मौसमी श्रमिकहरू, जमिन भएर पनि ऋणका कारणले अन्यत्र श्रम गर्नुपर्नेहरू, घरधन्दामा टाँसिएका महिलाहरू, परम्परागत पेसाले जीवन धान्न नसक्ने वा ती पेसाबाट उखेलिएका दलितहरू सबैलाई उद्यममा ल्याउनु र उनीहरूलाई न्यूनतम ज्याला वा उपार्जनको संरचनामा ल्याउनु हो। बेरोजगार, अर्धरोजगार र अल्प रोजगारहरूलाई रोजगारी दिनु हो। अहिले कृषिमा आश्रित हरेक परिवारमा महिनामा न्यूनतम ४०-४५ हजार रुपैयाँ भित्रिने व्यवस्था नगर्ने हो भने तिनलाई कृषिमा टिकाउन सकिन्न। आजको गरिबी, बेरोजगारी, युवा पलायनको मुख्य स्रोत संरक्षण नपाएको ग्रामीण कृषि हो। त्यसलाई नभत्काई हुँदैन। त्यसका लागि कृषि क्षेत्रको संरक्षण गर्नैपर्छ। कृषिको संरक्षण भनेको ५१ प्रतिशत किसानको संरक्षण हो। यो काम अरू कसैले जिम्मा लिँदैन, राज्यले नै जिम्मा लिनुपर्छ। कृषिमा संरक्षणको नीतिले पाँच वर्षमा हामी कृषि उत्पादनमा आत्मनिर्भर हुन सक्छौं। त्यसले कृषिमा आधारित उद्योगको ठुलो क्षेत्र खुल्छ। हजारौं नयाँ साना-मझौला उद्योग खुल्नेछन्। त्यसले हाम्रो अर्थतन्त्रको बलियो जग बसाल्नेछ,' घोषणापत्रमा छ।

लोकतन्त्र 'चुनावदेखि चुनावसम्मको गोलचक्कर' मात्रै नभएको संयुक्तले बताएको छ। 'हरेक निर्वाचनले जनताको जीवनमा नयाँ सम्भावनाको ढोका खोल्दैन भने लोकतन्त्रले गति लिँदैन। त्यसका लागि राजनीतिक दलको मुख्य भूमिका हुन्छ,' संयुक्तले भनेको छ। कृषिमा संरक्षणको नीतिले पाँच वर्षमा कृषि उत्पादनमा आत्मनिर्भर हुन सक्ने दाबी संयुक्तको छ। उद्योगसम्बन्धी सबै नीति र योजना १० वर्षमा बेरोजगारी उन्मूलन गर्ने गरी निर्माण गर्नुपर्नेमा जोड दिइएको छ।

निर्वाचनपछिको सम्भावित संकट

२१ फागुनमा सम्पन्न हुने निर्वाचन परिणामले २०८४ सालको आसपास अर्को निर्वाचनको माग गर्न पनि सक्छ



● देवराज गुरुङ

अग्रलेख

चुनावको मिति नजिकिँदै छ । तर, मतदातामा चुनावले उत्साह थप्न सकेको छैन । दलहरूसँग भोट माग्ने ठोस एजेन्डा पनि छैन । अहिलेको बहसको एजेन्डा को नयाँ ? र को पुरानो ? भन्नेमै केन्द्रित छ । आफूलाई नयाँको दाबी गर्ने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँग पुराना भनिएका दलभन्दा फरक वैचारिक आधार देखिँदैन । रास्वपाको वैचारिक आधार के हो ? उदारवाद, सामाजिक लोकतन्त्र, मध्यपन्थी, सुधारवाद ? 'नयाँ राजनीति' शब्द वैचारिक प्रतिबद्धता हो कि 'ब्रान्डिङ' ? वर्ग, पहिचान, संघीयता र धर्मनिरपेक्षताबारे सुस्पष्ट दार्शनिक दृष्टिकोण के छ ? पुराना दलको घोषणापत्रभन्दा रास्वपाको नीति र दस्तावेज कुन बिन्दुमा मौलिक छ ? यी प्रश्नको उत्तर आफूलाई नयाँ भन्न रुचाउने दलले दिन जरुरी छ । होइन भने मुखले भनेकै आधारमा जनताले रास्वपालाई नयाँ भनेर मान्नुपर्ने अवस्था छैन । घोषणापत्र कस्तो हुने ? भन्नेमा रास्वपा मात्रै होइन, अन्य कतिपय दलसमेत अझै प्रस्ट छैनन् । चुनावको मुखमा घोषणापत्र सार्वजनिक गर्न डराउनुले दलहरूको थप आत्मविश्वास मापन गर्न सहयोग पुऱ्याएकै छ । घोषणापत्रविनै मतदातासँग मत माग्न पुगेका दलले आफ्ना उम्मेदवारलाई प्रधानमन्त्री वा मन्त्री बनाउनेभन्दा अर्को एजेन्डा मतदातालाई देखाउन सकेका छैनन् ।

■ सदन केका लागि ?

सदन मन्त्री बनाउने 'सिँढी' हो कि नीति बनाउने 'मञ्च' ? सांसदको हैसियत कार्यकारी बन्ने हो कि कार्यकारीमाथि निगरानी राख्ने ? बहुमतको गणित ठुलो कि विचारको गहिराइ ? सांसदले नीति बनाउने कि बजेट बोकेर पुल-सडक खोज्ने ? विकासका नाममा उपभोक्ता समिति चलाउने कि दीर्घकालीन कानुन निर्माण गर्ने ? संसद् ताली बजाउने ठाउँ हो कि असहमति राख्ने साहसको थलो ? यस विषयमा राजनीतिक दल र उम्मेदवार नै दोधारमा छन् । आजसम्म हाम्रो राजनीति रुलमल्लिएको पनि यसैमा हो । नेपालका राजनीतिक दल र नेताले जनतालाई बुझाउन नसकेको सबैभन्दा महत्त्वपूर्ण पक्ष भनेकै सांसदको काम, कर्तव्य र अधिकारको विषय हो । विकास गर्ने निकायलाई जिम्मेवार बनाउने संयन्त्र निर्माण गर्न नसक्नु हाम्रो राजनीतिको अर्को कमजोरी हो । आजसम्म मतदाताले नेतालाई नीतिगत मुद्दामा प्रश्न नगर्नु र विकास निर्माणको विषयलाई केन्द्रमा राखेर प्रश्न गर्नु यसैको उपज हो । चुनाव हुनु र नयाँ सरकार बन्नुले मात्रै चुनावलाई वैधानिकता दिँदैन । अर्थात्, चुनाव हुनु मात्रै समस्याको सामाधान होइन । चुनाव समस्याको बहस गर्ने प्रस्तानविन्दु मात्र हो । निर्वाचनले राजनीतिक प्रतिस्पर्धा टुंग्याउँछ, तर शक्ति-सन्तुलनको नयाँ चरण सुरु गर्छ । यदि सहमति, संस्थागत मर्यादा र नीति-आधारित राजनीति भएन भने निर्वाचनपछिको समय नै सबैभन्दा अस्थिर बन्छ । त्यति वेला न सदनको औचित्य स्थापित हुन सक्छ न चुनावको ।

■ नागरिकको अपेक्षा

यतिवेला नागरिकको अपेक्षा तीव्र छ । तर, सो अपेक्षालाई हल गर्न कुनै पनि राजनीतिक दल सक्षम देखिँदैनन् । दलहरूको सक्षमता त्यो दलले बोकेका एजेन्डा र विचारले मात्र निर्धारण गर्न सक्छ । वैकल्पिक भनिएका रास्वपालगायत दल पनि राजनीतिक प्रयोगशालामा प्रयोग भइसकेको नाम मात्रैका वैकल्पिक दल हुन् । खासमा उनीहरूसँग पनि दौडने गतिलो एजेन्डा छैन । भ्रष्टाचार नियन्त्रण र सुशासन मूर्त वैचारिक नारा होइन । यो त पपुलिजमको उभार मात्रै हो । रास्वपाले आक्रोशको मत ग्रहण त गर्ला, तर त्यसलाई सही ठाउँमा अवतरण गराउने क्षमता उसमा देखिन्न । त्यसका लागि वैचारिक एजेन्डा आवश्यक पर्छ । आजसम्म रास्वपाले आफ्नै वैचारिक एजेन्डा पस्कन सकेको छैन । रास्वपाजस्तो आफूलाई वैकल्पिक भन्न रुचाउने दलले आफ्नै राजनीतिक एजेन्डा जनतालाई भन्न कन्जुस्याइँ गर्न हुँदैन । राजनीतिक दलले आफ्ना एजेन्डा जतिसक्दो चाँडो जनतामाझ लानैपर्छ । किनभने, एजेन्डाले मात्र राजनीतिक दलको मार्ग निर्धारण गर्ने हो ।

अर्कातर्फ नागरिकको सोच (युटोपिया) र मानसिकता धेरै माथि छ । तर, हाम्रो धरातल धेरै तल छ । हाम्रो राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, चेतनाजस्ता आधारभूत कुरा जमिनमै छन् । आजको भोलि नै त्यसलाई चुड्की पड्काएर अर्थात् छुमन्तर



गरेर हामीले अपेक्षा गरेको 'युटोपिया'मा पुऱ्याउने आधार हाम्रो राजनीतिले निर्माण गर्न सकेको छैन । त्यसका लागि गतिलो आधार स्तम्भ भनेको वैचारिक धरातल नै हो । रातारात नयाँ राजनीतिक विचार र नेतृत्व जन्मिने कुरालाई राजनीतिले शास्त्रले स्विकार्दैन । पुरानोलाई स्विकार्न नसक्ने र नयाँ छिटै नबन्ने हुँदा नागरिक निराशामै रहन्छन् । त्यो अझै बढेर ठुलो चाङ बन्नेवाला छ । जब अपेक्षा र वास्तविकताबिचको दूरी बढ्छ, निराशा स्थायी बनिरहन्छ ।

> चुनाव हुनु र नयाँ सरकार बन्नुले मात्रै चुनावलाई वैधानिकता दिँदैन । चुनाव हुनु मात्रै समस्याको सामाधान होइन । चुनाव समस्याको बहस गर्ने प्रस्थानविन्दु मात्र हो ।

पछिल्लो समय, नागरिकमा नकरात्मकताको 'ग्राफ' ह्वात्तै बढेको छ । एकले अर्कोलाई स्वीकार गर्न सक्ने स्थिति नै छैन । असन्तुष्टि र नकरात्मकताको पोकोले सामाजिक सञ्जालले दुर्गन्धित बनाएको छ । त्यसलाई रोक्ने उपाय के हुन सक्छ ? त्यसको ग्राफ कहाँसम्म पुग्ला ? त्यसले समाजलाई कता लैजाला ? त्यसलाई रोक्ने राजनीतिक यन्त्र के हो ? यसको उत्तर आज कसैसँग छैन । त्यसलाई हल गर्न सक्ने राजनीतिक विचार, दल वा व्यक्ति आजसम्म देखेको छैन । क्षणिक समयका लागि कुनै व्यक्ति वा समूहमा थुप्रिनु समस्या समाधान हुनु होइन । त्यसले क्षणिक समयका लागि एउटा समूह वा व्यक्तिलाई हिरो त बनाउला तर निकास दिँदैन । उल्टै थुप्रिएको नकरात्मकताको चाङले थप शक्ति ग्रहण गर्छ र थप शक्तिशाली बन्न जान्छ । के त्यतिवेला हाम्रो देशको सत्ता संयन्त्रले त्यो शक्तिलाई थेग्न सक्ला ? सकेन भने के होला ? सधैँ असन्तुष्टिको चाङले देशलाई कता डोऱ्याउला ? असन्तुष्टिलाई थिग्राउने राजनीतिक मेकानिजम के हुन सक्छ ? कुनै राजनीतिक दलसँग यसको उत्तर छ कि छैन ? 'देश बनेन' भन्ने भाष्य आज बजारमा जबर्जस्त चलेकै छ । के-के पक्षमा सुधार आयो भने देश बन्ने हो ? बनेको देश कस्तो हुन्छ ? हाम्रो आँखाले बनेका देख्ने देश युरोप, अमेरिकामा पनि नागरिक असन्तुष्ट छन्, आन्दोलित छन् भनेर कहिले देख्ने ? प्रश्न मात्र गर्ने आफ्नो कर्तव्य नदेख्ने नागरिक र त्यसैको आडमा विचारशून्यतामा राज गर्न रुचाउने राजनीतिक प्रवृत्तिले नेपाली समाजलाई आजको अवस्थामा पुऱ्यायको तथ्य सत्य हो ।

■ चुनावको चक्रव्यूह

निराशाको पहाड जहाँको त्यही रहिरहँदा राजनीतिले फेरि माग्ने भनेको चुनाव नै हो । त्यसैले, यही २१ फागुनमा सम्पन्न हुने निर्वाचनको परिणामले २०८४ सालको आसपासमा अर्को निर्वाचनको माग गर्न पनि बेर छैन । यसरी नागरिकमा चरम असन्तुष्टि रहिरहँदा देशले अर्को संकट भोग्नुपर्ने स्थिति आउने पक्का छ । संकटको समयमा संविधान, व्यवस्था, राजनीतिक दलमाथि प्रश्न उठ्ने मात्र होइन, ती संस्था बच्ने कि नबच्ने ? भन्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । आगामी निर्वाचन परिणामलाई एकथरी समूहले नस्विकार्ने परिस्थिति पनि सिर्जना हुन सक्छ । निर्वाचनको वैधातामाथि प्रश्न उठ्न सक्छन् । चुनावको प्राराम्भिक चरणलाई हेर्दा स्पष्ट बहुमत आउने स्थिति कुनै दलको देखिँदैन । त्यसको विकल्प भनेको गठबन्धन सरकार नै हो । त्यसले फेरि एकपटक नागरिकमा निराशा थप्न सक्छ । संसदीय व्यवस्थामा निराशाको सामाधान खोज्ने सबैभन्दा उत्तम उपाय चुनाव नै हो । तर, निरन्तर चुनाव समाधान होइन, नयाँ चक्रव्यूह पनि बन्न सक्छ ।

■ लोकप्रियतावादको लहर

यतिवेला लोकप्रियतावादको लहर चलेको भनेर सामाजिक सञ्जालमा हाउगुजी बनेको छ । तर, नेपालमा पञ्चायतकालीन अवस्थादेखि नै 'पपुलिजम'को अभ्यास हुँदै आएको भन्ने तथ्य नयाँ तथा पुराना दलले यति छिटै बिर्सिन हुँदैन । पञ्चायतकालमा, गाउँ फर्क राष्ट्रिय अभियान, दलविहीन पञ्चायती व्यवस्था, दल होइन देश ठुलो, एक भाषा, एक भेष, एक देशलगायत नारा 'पपुलिजम'कै नमुना थिए । समग्रमा माहेन्द्रीय राष्ट्रवाद सबैभन्दा खतरनाक 'पपुलिस्ट' नारा थियो । नेपाली कांगेसको नवउदारवाद, नेकपा एमालेको वृद्धाभत्ता, ग्यासको पाइपलाइन, रेलमार्ग, समृद्ध नेपाल : सुखी नेपाली आदि पनि पपुलिजमकै नमुना हुन् । त्यस्तै हालको नेकपा तथा तत्कालीन माओवादीको देशलाई स्विट्जरल्यान्ड बनाउने नारा पनि त्यसैको नमुना हो । रास्वपाको भ्रष्टाचार नियन्त्रण, सुशासन, पुरानो दल, नेता, विचारजस्ता अर्मूत नारा पनि पपुलिस्ट नै हो । ती नाराले राजनीतिक दललाई निश्चित कालखण्डमा सत्ताको मालिक पनि बनायो । अहिलेको निर्वाचनमा पनि पपुलिजमको लहर चल्नुलाई कुनै नौलो मान्नुपर्ने कारण छैन । तर, हाल देखिएको पपुलिस्ट दल र उम्मेदवारमा अहिलेको समस्या मोचन गर्ने अनुहार देखिँदैन । नागरिकमा असन्तुष्टिको पहाड चुल्याउनुभन्दा अर्को औषधि आजको निर्वाचनसँग पनि पक्कै छैन । यही असन्तुष्टिको हावा हुन्डरी केही वर्षपछि राजसंस्था नै ठिक भन्नेतर्फ मोडिने खतरा पनि उत्तिकै छ । सायद राजा र राजसंस्था पनि त्यही वैधानिक बाटोको पर्खाइमा देखिन्छन् । लोकप्रियतावादको हुन्डरीले फेरि एकपटक तानाशाह वा दलविहीन व्यवस्थाको माग गऱ्यो भने देश अर्को खतरामा फस्छ । त्यो खतरा आजको सामाजिक सञ्जालमा गाली गरेजस्तो सहज पक्कै हुनेछैन । त्यतिखेर आजको जस्तो खुला लोकतन्त्रको बाटो हामीले गुमाइसकेका हुनेछौं । त्यतिवेला पछुताउनुभन्दा अर्को विकल्प हामीसँग हुँदैन ।

३ प्रश्न

पूर्वस्वास्थ्यसचिव
डा. सुशीलनाथ प्याकुरेललाई



हामीकहाँ कतिपय ल्याब परीक्षण गर्न भारतकै भर पर्नुपर्ने अवस्था किन छ ?

अहिले त धेरैजसो परीक्षण नेपालमै हुन थालेका छन् । बढी नै सेन्सेटिभ र विशेष प्रकृतिका केही परीक्षणका लागि नमुना भारत पठाउनुपरे पनि बाँकी परीक्षण यहाँका ठुला सरकारी अस्पताल र केही स्तरीय निजी ल्याबमै हुन थालेको छ । कतिपय निजी ल्याबको रिपोर्ट विश्वासिलो नहुने भएकाले पनि भारत जाने क्रम देखिएको होला । बिरामीमा पनि थोरै बढी खर्च भए पनि भारत गएपै परीक्षण गराऊँ र ढुक्क होऊँ भन्ने मानसिकताले काम गरेको हुन सक्छ । फेरि जता पनि बिचौलिया त हुने नै भए । त्यसैले, कतिपयले उताका ल्याबसित सम्पर्क गरेर यताबाट आफूले पठाएका बिरामी या तिनका नमुनाअनुसार कमिसन खानकै लागि पनि त्यसरी पठाइरहेका हुन सक्छन् । अन्यथा, अत्यन्त सीमित रोगको परीक्षणका लागि बाहेक भारत जानैपर्ने अवस्था अहिले छैन ।

यस्तो अवस्थाले बिरामीमा आर्थिक भार थपिन्न र ?

यहाँ परीक्षण हुन नसकेर भारत जानुपर्दा या उता परीक्षणका लागि नमुना पठाउनुपर्दा खर्चिलो त हुने नै भयो । तर, सबै बिरामीलाई सबै प्रकारका परीक्षण गर्नुपर्दैन । अहिले यहाँ बिमा सुविधा लागू भएपछि खासै आवश्यक नपर्ने परीक्षण पनि गरिहाल्नैं न त भन्ने प्रवृत्ति बढी देखिन थालेको छ । त्यसैले, परीक्षण गराउने क्रम बढेकाले त्यस्तो देखिएको हो । यहाँ ल्याबको अभावमा भारत जान बाध्य हुनुपऱ्यो भने त्यसले सम्बन्धित बिरामीलाई आर्थिक भार पक्कै थपिन्छ ।

स्वदेशमै त्यस्ता परीक्षण गर्न मिल्ने ल्याब तयार गर्न सकिन्न ?

अत्याधुनिक सुविधायुक्त ल्याब तयार गर्न आवश्यक मेसिन निकै महँगा छन् । मेसिनसँगै त्यसका लागि त्यसैअनुसार जनशक्ति पनि आवश्यक पर्छ । यो सबैको व्यवस्थापन हुन सकेमा ल्याब तयार गर्न नसक्ने भन्ने हुँदैन ।

प्रेरक प्रसंग

गधा र कुकुरको दौड

एकपटक एउटा गधा र कुकुरबिच को छिटो दौडिन सक्छ भन्ने विषयमा विवाद भयो । उनीहरूले आफूहरूबिच दौड प्रतियोगिता नै गर्ने सहमति गरे । उनीहरूले जसले दौड प्रतियोगिता जित्छ, ऊ राजा हुने र हार्ने उसको सेवक बन्ने सर्त लगाए । निश्चित मिति, समय र स्थानमा दौड सुरु भयो । दुवैले जोडले दौडिन सुरु गरे ।



कुकुरले सोच्यो- यो गधासितको दौड पनि कुनै दौड हो ! यसलाई त म ख्यालख्यालमै हराइदिन्छु । दौड जितेपछि म राजा हुन्छु र यो गधा मेरो सेवक हुनेछ । तर, जब दौड बजारको दोस्रो गल्लीमा पुग्यो, त्यहाँका स्थानीय कुकुरले दौडमा सहभागी कुकुरलाई घेरे । सबैले उसमाथि आक्रमण नै गरे । सबैको आक्रमणबाट मुस्किलले ज्यान जोगाएर ऊ अघि बढ्यो । अर्को गल्लीमा पुग्दा फेरि उसको जम्काभेट अन्य स्थानीय कुकुरसित भयो । पुरानै कहानी दोहोरियो । ऊ त्यहाँबाट पनि ज्यान जोगाएर मुस्किलले अघि बढ्यो । यतिखेरसम्म ऊ अलिअलि घाइते पनि भइसकेको थियो । यसैगरी, अघि बढ्दै जाँदा उसले प्रत्येक गल्लीमा आफ्नै समुदायका साथीसित जुध्नुपऱ्यो । सबैले उसलाई रोक्ने खोजे । सबैले उसलाई अघि बढ्न दिएनन् । सबैतिर संघर्ष गर्दागर्दै कुकुर बल्ल तोकिएको अन्तिम बिन्दुमा पुग्यो । त्यहाँ पुग्दा त गधा उहिल्यै त्यहाँ पुगेर राजा बनिसकेछ । सर्तअनुसार कुकुरले गधाको सेवक नबनी धरै पाएन । आफ्नै समुदायका कारण यसरी प्रतियोगिता हारेर आफू गधाको सेवक बन्नुपरेकोमा कुकुर सारै दुःखी भयो ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

राज्यले ल्याब बनाउन सक्दैन ?

नेपाली नागरिकको स्वास्थ्यसित सम्बन्धित ४२ थरीका ल्याब परीक्षण गर्न भारतका ल्याबको भर पर्नुपर्ने समाचार पढियो । के एउटा देशका लागि एउटा ल्याब तयार गर्नु ठुलै महाभारतको विषय हो र ? के देशले चाहेमा देशभित्रै यस्ता सबैथरीका नमुना परीक्षण गर्न सकिने सुविधासम्पन्न अत्यावश्यक ल्याब स्थापना गरी सञ्चालन गर्न नसक्ला र ?

हुन त ल्याब स्थापना गरी जनशक्ति व्यवस्थापन गरेर त्यसलाई सञ्चालन गर्नु कठिन र महँगो दुवै हुन पनि सक्छ । तर, नागरिकको जीवनभन्दा मूल्यवान् एउटा राज्यका लागि अर्को के नै हुन सक्ला र ? आखिर यहाँ ल्याब स्थापनाभन्दा भारतमा नमुना परीक्षणका लागि पठाउनु सस्तो नै पर्ने भए पनि त्यसका लागि समय लाग्छ । रिपोर्ट समयमै नआउन सक्छ । खर्चका हिसाबले पनि बिरामीलाई महँगो पर्छ । यस्तो अवस्थामा राज्यले देशकै प्रमुख सरकारी अस्पतालमा यस्ता सुविधा उपलब्ध हुने व्यवस्था मिलाउन सके एकातिर हरेक वर्ष बिदेसिने करोडौं रुपैयाँ स्वदेशमै रहन्छ भने अर्कातिर नागरिकले कम खर्चमा गुणस्तरीय सेवा स्वदेशमै पाउन सक्छन् ।

● **उमंगिता चौधरी**, कलंकी, काठमाडौं

सरकारले कारबाही गरोस्

वीर अस्पतालका निर्देशक प्राडा दिलीप शर्माले पछिल्लो समयमा नेपालका कतिपय निजी अस्पतालको ध्याउन्न बिरामीको रोग निदानका लागि गरिने परीक्षणका नमुना विदेशी ल्याबमा पठाउनेतिर मात्र केन्द्रित भएको बताएका रहेछन् । साथै, उनले नेपालकै सरकारी अस्पतालमा हुने परीक्षणका नमुनासमेत भारततिर पठाइरहेको बताएका रहेछन् । यस्तो हो भने त्यस्ता निजी अस्पतालका सञ्चालक तथा चिकित्सकलाई सरकारले कडा कारबाही गरोस् ।

● **निरञ्जन उप्रेती**, सिनामंगल, काठमाडौं

चालकलाई कारबाही गरियोस्

कलिला स्कुले नानीबाबुलाई बोक्ने स्कुलबसका चालकले बिहानैदेखि ड्युटी समयमै मापसे गरेको भेटिनु सामान्य विषय हुँदै होइन । यसअघि पनि वेलावेलामा स्कुल बस दुर्घटनामा परेका, कलिला स्कुले बालबालिका घाइते भएका तथा कतिपयको ज्यानसमेत गएका समाचार सुनिँदै आएको थियो । चालकले बिहानैदेखि मापसे गरेर सवारी चलाउँछन् भने तिनले गराउने भनेकै दुर्घटना हो । यस्ता चालकलाई कडा कारबाही गरियोस् ।

● **अमृता कुइँकेल**, सानोभञ्याङ, काठमाडौं

सजिलो छैन रहमानलाई

यही ३ फागुनमा प्रकाशित नयाँ पत्रिकामा चुनावपछि बंगलादेशमा तारिक रहमानको पार्टीको भारी जित र स्वयं तारिक रहमानको तारिफमा लेखिएको विचार पढेँ । सायद १७ वर्ष लन्डन प्रवासले तारिक रहमानमा प्रजातान्त्रिक चरित्रको विकास भएको मैले पनि महसुस गरेको हुँ । तर, उनी स्वाभाविक 'लिडर' नभएर 'मेड लिडर' नै हुन् । बंगलादेशको जस्तो इतिहास छ, त्यसमा उनको राजनीति फलामको च्युरा चपाउनुसरह नै हुने निश्चित छ ।

अन्तरिम सरकारप्रमुख मोहम्मद युनुसले अहिलेसम्म जमाते इस्लामीको इसारामा नाच्नुपरेको थियो । विद्यार्थीको दलले चुनाव नजित्नुका कारण उसको जमाते इस्लामीसँगको साँठगाँठ र त्यसैको उक्साहटमा गरेका आन्दोलन नै हो । जनता जहाँका पनि शान्तिपूर्वक नै बाँच्न चाहन्छन् । बंगलादेशका जनताले जेन-जी आन्दोलन र कट्टरवाद दुवैलाई चुनावमार्फत ठाडै नकारिदिएका छन् । तैपनि, जमाते इस्लामीले ठुलै मत ल्याएको छ । जसले तारिक रहमानलाई आरामले सास लिन पनि नदिने निश्चित छ । मोहम्मद युनुसले आफ्ना लागि 'स्पेस' बनाएका छन् जनमतसंग्रह गराए । तर, राष्ट्रपतिमा अधिकार बाँडफाँडले त्यहाँ द्वैध शासनको खतरा देखिँदै छ ।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
sy4256206@gmail.com

नारामा महिला समावेशी, प्रतिनिधित्व नगण्य

३० राजनीतिक दलमध्ये कुनैले पनि कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवार मनोनयन गर्ने प्रतिबद्धता पूरा गरेनन्



देश/विदेश

● डा. समिना लुफ्था

अन्ततः बंगलादेशमा बिहीबार सम्पन्न १३औं राष्ट्रिय निर्वाचनमा बंगलादेश नेसनल पार्टी (बिएनपी)ले दुईतिहाइ मत ल्याएर ऐतिहासिक विजय हासिल गऱ्यो । चुनाव तुलनात्मक रूपमा निष्पक्ष र मतदाताको उल्लेख्य सहभागिता थियो । निर्वाचन हिंसारहित भए पनि निर्वाचनपछि हुन सक्ने सम्भाव्य हिंसाबारे भने चासो बढेको छ । सम्भावित हिंसालाई मनन गर्दै बिएनपीले विजयोत्सव मनाएन । २४ जुलाईको विद्रोहपछिको निर्वाचनसँगै देश पुनः लोकतान्त्रिक मार्गमा फर्किएको छ, तथापि चुनावमा भएका महिलाको प्रतिनिधित्वलाई लिएर राजनीतिक दलको आलोचना बढिरहेको छ ।

अबामी लिगको अनुपस्थितिले मतदाताको उत्साहमा असर गऱ्यो । पार्टीमाथिको प्रतिबन्धका कारण धेरै समर्थक चुनावमा सहभागी भएनन् । केही कार्यकर्ता प्रतिशोधको डरले मतदानमा सहभागी भएनन्, किनभने ती खुला रूपमा पार्टीसँग आबद्ध थिए । राजनीतिक घटनाक्रमबिच कोही देश छाडेर भागेका छन् । मौन समर्थक, जसले सार्वजनिक रूपमा आफ्नो निष्ठाबारे बोलेनन्, तीमध्ये केहीले मतदान गरे ।

यस चुनावमा चिन्ताको एउटा प्रमुख क्षेत्र महिला प्रतिनिधित्व थियो । म लामो समयदेखि यसबारे लेख्दै आएकी छु । जुलाईको राष्ट्रिय बडापत्रमा दलहरूले कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवारलाई मनोनयन गर्ने वाचा गरेका थिए । तैपनि, निर्वाचनमा भाग लिने ३० राजनीतिक दलमध्ये कुनैले पनि त्यो प्रतिबद्धता पूरा गरेनन् । मतदान सुरु हुनुभन्दा धेरै अघि उनीहरूले आफ्नो वाचा तोडे । उच्चतम मनोनयन दर चार प्रतिशतभन्दा केही बढी मात्र थियो ।

महिला प्रतिनिधित्वको सन्दर्भमा राजनीतिक दलहरूले यस्तो कमजोर प्रदर्शन गरेकोमा लज्जित हुनुपर्छ । यो असफलता विशेषगरी पीडादायी छ, किनकि जुलाई विद्रोहमा महिला केन्द्रमा थिए । उनीहरूको सहभागिताले राजनीतिक स्थान सिर्जना गर्न मद्दत गऱ्यो, जहाँ यी दल चुनाव लड्न सक्षम भए । तैपनि, विद्रोहमा उनीहरूको आवाज र उपस्थिति संस्थागत वा औपचारिक राजनीतिक प्रतिनिधित्वमा रूपान्तरण भएको छैन । विगत पाँच दशकमा बंगलादेशको उपलब्धिलाई ध्यानमा राख्दै यो पछाडि हट्नु विशेषगरी चिन्ताजनक छ । देशले धेरै लैंगिकता र विकास सूचकमा राम्रो कार्य प्रदर्शन गरेको छ । देशलाई प्रायः यस क्षेत्रमा महिला सशक्तीकरणको च्याम्पियनका रूपमा वर्णन गरिएको छ । राजनीतिक सहभागिताका लागि यो कुनै समय दक्षिण एसियामै उच्च स्थानमा थियो । तर, विगत डेढ वर्षमा, संसद् र सरकारमा महिलाको नगण्य उपस्थिति (जम्मा तीनजना) का कारण देश पहिले नै महत्त्वपूर्ण क्षेत्रमा महिलाको प्रतिनिधित्वका दृष्टिले जोखिममा थियो । अब, संसद्मा केवल सात महिला निर्वाचित भएका छन् । यद्यपि, ३०० सिट रहेको सदनमा ५० सिट महिलाका लागि छुट्याइएको छ, जुन विभिन्न दलले प्राप्त गरेको मतभारका आधारमा वितरण हुनेछ । जे होस्, समग्र तस्बिर निराशाजनक छ । राजनीतिक सहभागिता र नेतृत्वमा लैंगिक समानताको सन्दर्भमा बंगलादेश पछाडि धकेलिँदै छ । यो गहिरो चिन्ताको विषय हो । नयाँ सरकारबाट अपेक्षाको सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण कुरा यो हो कि दुईतिहाइको दम्भमा हिंसालाई प्रश्रय दिनुहुँदैन । ऐतिहासिक रूपमा बंगलादेश



चुनावपछिको हिंसाका घटनाको साक्षी बनेको छ । प्रायः पराजित पक्ष साथै सीमान्तकृत समुदाय र महिला र बालबालिकालाई लक्षित गर्दै यस्ता हिंसा भएका थिए । देशले त्यो ढाँचाको पुनरावृत्ति सहन पनि सक्दैन । शान्ति र कमजोर समूहको सुरक्षा सुनिश्चिततालाई तत्काल प्राथमिकता दिनुपर्छ ।

नयाँ सरकारले देशभर कानुन र व्यवस्था कायम राख्ने कुरा पनि सुनिश्चित गर्नुपर्छ । यसबाहेक, यसले आफ्नो घोषणापत्रमा गरिएका प्रतिबद्धता, विशेषगरी महिला सशक्तीकरणको सम्बन्धमा सम्मान गर्नुपर्छ । अभियानको समयमा वाचा गर्न सजिलो हुन्छ, तर कार्यान्वयन गाह्रो हुन्छ । महिलालाई राजनीतिमा प्रवेश गर्न मात्र नभई यसमा अर्थपूर्ण भूमिका कायम राख्न सम्भव बनाउने संस्थागत उपाय हुनुपर्छ । त्यहाँ पर्याप्त अनिश्चितता पनि छन् । जुलाईको बडापत्र र पार्टी घोषणापत्रमा प्रतिज्ञाहरू थिए र केही अवस्थामा तिनीहरू द्वन्द्वमा छन् । यी प्रतिबद्धता कसरी मिलाउने भन्नेबारे भ्रम छ । देशलाई चाहिने भनेको लोकतन्त्रका लागि स्पष्ट मार्ग र नागरिकको अधिकार रक्षाका लागि स्पष्ट रूपरेखा हो । महिलाको वित्तीय सशक्तीकरणका लागि योजनाहरू कसरी वास्तविक निर्णय लिने शक्तिमा रूपान्तरण हुनेछन् भन्नेबारे पनि स्पष्टता हुनुपर्छ ।

विपक्षी दलका लागि परिणाम केही हिसाबले पहिले नै सफल छन् । जमात-ए-इस्लामीले यति धेरै सिट जित्ला भन्ने अपेक्षा थोरैले मात्र गरेका थिए । यो संसद्मा अहिलेसम्म जितेको सबैभन्दा धेरै सिट जस्तो देखिन्छ । एक वर्ष पुरानो पार्टी एनसिपीको प्रदर्शन भने उत्साहप्रद हुन सकेन । यद्यपि, उनीहरूका लागि एक महत्त्वपूर्ण उपलब्धि हो । अब अपेक्षा यो छ कि उनीहरूले जिम्मेवार विपक्षी दलका रूपमा काम गर्नेछन् । एकतर्फी आलोचनाले लोकतन्त्रलाई बलियो बनाउँदैन । आवश्यक कुरा रचनात्मक संलग्नता हो । उनीहरूले सहज लोकतान्त्रिक संक्रमण सुनिश्चित र अनावश्यक अवरोध सिर्जना गर्नबाट जोगिन सरकारसँग मिलेर काम गर्नुपर्छ । साझा लक्ष्य देशको लोकतान्त्रिक यात्राको रक्षा र सबै नागरिकको अधिकार सुरक्षित भएको सुनिश्चित हो ।

(डा. लुफ्था ढाका युनिभर्सिटीको डिपार्टमेन्ट अफ सोसोलोजीकी प्राध्यापक हुन्)
बंगलादेशको डेली स्टारबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

बंगलादेशका नयाँ प्रधानमन्त्री रहमानसँग भारतको अपेक्षा र चुनौती

बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) को सानदार चुनावी विजयको महत्त्व बुझ्नुअघि यो कसरी सफल भयो र यसको विकल्प थियो कि थिएन भनेर बुझ्नु आवश्यक छ। निश्चय पनि बंगलादेशको १३औँ राष्ट्रिय संसदीय चुनाव समावेशी थिएन। देशको सबैभन्दा ठुलो दल अवामी लिगलाई चुनावमा प्रतिबन्ध लगाइएको थियो। निर्वाचन एक हिसाबले जमात-ए-इस्लामीको आदेशमा गरिएको थियो। पूर्वप्रधानमन्त्री सेख हसिनालाई अपदस्थ गर्ने शासन परिवर्तन अभियानपछि (उनले अगस्ट ५, २०२४ मा ढाका छाडेकी थिइन्) यो जमात-ए-इस्लामी (जेइआई) त्यही पार्टी हो, जसले विगत १८ महिनादेखि बंगलादेशलाई पूर्ण नियन्त्रणमा राखेको छ र मोहम्मद युनुसले तिनीहरूको प्रवक्ताको रूपमा जमातका निर्णय कार्यान्वयन गरेका छन्। यो पश्चिमा लोकतन्त्र (संयुक्त राज्य अमेरिका, बेलायत, इयु) र चीनको समर्थनमा पाकिस्तानमार्फत सावधानीपूर्वक डिजाइन गरिएको शासन परिवर्तन अभियानको मुख्य तत्त्व थियो।



● बिना सिक्री

(लेखक बंगलादेशका लागि भारतका पूर्वउच्चायुक्त हुन्)।

■ जमातको मन्द उपस्थिति

यी १८ महिनामा जमातले लोकतन्त्रका हरेक संस्था कब्जा गऱ्यो, तिनीहरूलाई आफ्नै स्वरूप झल्किने तस्बिरमा पुनः आकार दियो। भिडतन्त्र र सडक शक्ति प्रयोग गरेर प्रमुख व्यक्तिलाई राजीनामा दिन बाध्य पारियो र उनीहरूको ठाउँमा सावधानीपूर्वक चयन गरिएका जमात सदस्यलाई नियुक्ति दिइयो। आफ्ना पहिलेका गठबन्धन साझेदार (बिएनपी) लाई त्यागेर जमातले समान विचारधारा भएका मुस्लिम राजनीतिक दल र संगठन मिलेर गठबन्धन बनाउन ध्यान केन्द्रित गऱ्यो, जसमध्ये धेरै युनुसको मन्त्रिपरिषद्मा समावेश थिए, इस्लामी आन्दोलन बंगलादेश, हिजबुत तहरिर, हेफाजत-ए-इस्लाम। यी सबै सरिया कानुनका कट्टर समर्थक हुन्। सन् १९७१ को मुक्ति युद्धको सम्झना मेटाउने र १९७२ को संविधानका प्रमुख उदारवादी र धर्मनिरपेक्ष तत्त्वलाई उल्ट्याउने लक्ष्य राख्दै जमातले सुधारका लागि आह्वान गऱ्यो। यसकै परिणाम थियो, जुलाई राष्ट्रिय बडापत्र, २०२५ को घोषणा।

अन्तिम उद्देश्य फेब्रुअरी १२ मा सम्पन्न निर्वाचनमार्फत राज्य कब्जा गर्नु थियो। जमात नेतृत्वमा रहेको युनुस-नियन्त्रित अन्तरिम शासनको १८ महिनाको अन्त्यमा बंगलादेशको जीवन दशकौँयताकै सबैभन्दा कम स्तरमा बिग्रिएको थियो। कानुन र व्यवस्थाको सट्टा भिडले पूर्ण अराजकता निम्त्याएको थियो। महिलाहरूको सुरक्षामा सम्झौता गरिएको थियो र अर्थतन्त्र निकम्मा भएको थियो, जुन पछिल्लो बंगलादेश र भारतबिचको पारस्परिक आर्थिक सहयोगको संरचनालाई ध्वस्त पार्ने युनुसको दृढ संकल्पको परिणाम थियो।

अन्ततः जमात आफैँ सिर्जना गरेको अव्यवस्थाको दोषबाट उम्कन सकेन। सार्वजनिक रूपमा जनताले जमातलाई उनीहरूको रणनीतिको देखावटी समर्थन गरे, जसले उसको विजयको अपेक्षालाई बलियो बनायो। तर, मतदान केन्द्रमा उनीहरू उक्त पार्टीदेखि टाढा भए र बिएनपीको पक्षमा भारी मत दिए। महिला, अल्पसंख्यक र अवामी लिगका सदस्यले बिएनपीलाई मतदान गरेमा उसले २०० भन्दा बढी सिट जित्न सक्छ भन्ने पहिलेको भविष्यवाणी सत्य साबित भएको छ। जेइआईलाई आफ्नो गिर्दो प्रतिष्ठा मेटाउन धेरै समय लाग्नेछ। बंगलादेशको विशाल 'जेन जेड' जनसंख्याले कथित जुलाई २०२४ को विद्रोहको 'नेतृत्व' गर्ने र आफूलाई इस्लामिक छत्र शिविरका सदस्य बताउने व्यक्तिद्वारा स्थापित नेसनल सिटिजन पार्टी (एनसिपी) लाई पनि अस्वीकार गऱ्यो। युवा मतदाता अब सन्तुलन खोजिरहेका छन्, किनकि तिनीहरूका लागि धर्म र संस्कृति एउटै सिक्काका दुई पाटा हुन्।



> भारत बंगलादेशसँग पारस्परिक लाभ र संवेदनशीलताको सम्मानमा आधारित विगत १५ वर्षमा विकसित र सुदृढ व्यापार, लगानी र कनेक्टिभिटी साझेदारीको निरन्तरता चाहन्छ। विगत १८ महिनामा युनुस शासनले केही विवादास्पद निर्णय गऱ्यो, जसले भारतको सुरक्षा वातावरणलाई प्रतिकूल असर पारेको छ।

आफ्नो सानदार चुनावी विजयपछि तारिक रहमान परिपक्व, राजनेताजस्तो दृष्टिकोणका साथ द्रुत गतिमा अगाडि बढेका छन्। उनले पार्टी कार्यकर्ताले आह्वान गरेको विजयी 'उत्सव'मा प्रतिबन्ध लगाए, जुन विगतमा प्रायः अल्पसंख्यकमाथि आक्रमणमा परिणत भएको थियो (जस्तै २००१ मा)। अवामी लिगलाई राजनीतिक मूलधारमा पुनः एकीकरण गर्ने दिशामा केही कदम चालिएको संकेत देखिएको छ। नतिजा घोषणा भएको २४ घन्टाभित्र युनुस प्रशासनले अवामी लिग कार्यालयमा लगाइएका ताला बिएनपी कार्यकर्ताले तोडेका विवरण सार्वजनिक भएका थिए। विशेषगरी जिल्ला र निर्वाचन क्षेत्र, जहाँ विगतमा अनौपचारिक बिएनपी-अवामी लिग सहयोगले राम्रोसँग काम गरेको थियो, त्यस्ता स्थानमा अवामी लिगप्रति सहानुभूति बढेको छ। अवश्य पनि जमातलाई टाढा राख्नका लागि अवामी लिग र बिएनपीबिच समझदारी र समन्वय महत्त्वपूर्ण छ। यद्यपि, अहिलेको अवस्थामा जमातको बिएनपीसँग बलियो सम्बन्ध छ। जनमत संग्रहमा पनि तारिक रहमानले 'होइन' भोटका लागि अभियान चलाए, तर ट्रयाक परिवर्तन गर्न र 'हो' लाई समर्थन गर्न दबाब दिइयो।

■ तारिक रहमानको प्रतिबद्धता

आफ्नो पहिलो पत्रकार सम्मेलन (फेब्रुअरी १४) मा तारिक रहमानले कानुन र व्यवस्था कुनै पनि हालतमा कायम राख्नुपर्छ भने। उनको अभिव्यक्तिले जनतामा रहेको तीव्र असन्तुष्टिमा युनुस-जमात प्रशासनको लापरबाहीलाई उजागर गर्छ। सोही पत्रकार सम्मेलनमा जब एक पाकिस्तानी पत्रकारले सेख हसिनाको सुपुर्दगीबारे सोधे, रहमानको प्रतिक्रिया स्थिर र संयमी थियो। 'यो एक कानुनी प्रक्रिया हो,' उनले जवाफ दिए। रहमानले बंगलादेशमा शक्ति र निर्णय लिने निकायमा जेईको पकड भत्काउन थालेका छन्, उनको पहिलो कदम क्याबिनेट सचिव परिवर्तन गर्नु हो। उनले अझै लामो बाटो तय गर्न बाँकी छ।

तारिक रहमानलाई उनको 'निर्णायक विजय'मा बधाई दिने प्रधानमन्त्री नरेन्द्र मोदी पहिलो विदेशी नेता थिए। मोदीले 'लोकतान्त्रिक, प्रगतिशील र समावेशी बंगलादेश'का लागि भारतको समर्थन र 'हाम्रा बहुआयामिक सम्बन्धलाई सुदृढ पार्न र हाम्रा साझा विकास लक्ष्यलाई अगाडि बढाउन' सँगै काम गर्ने तत्परता व्यक्त गरे। यो सन्देशले द्विपक्षीय सम्बन्धमा महत्त्वपूर्ण पुनर्स्थापनाका लागि आवाज तय गरेको छ।

■ भारतका प्रमुख चासोका विषय

भारतका लागि उच्च प्राथमिकताका दुई मुद्दामा हाम्रो सुरक्षा सीमारेखा र आर्थिक सहयोग ढाँचा हुन्, विशेषगरी पारस्परिक लाभ र संवेदनशीलताको सम्मानमा आधारित विगत १५ वर्षमा विकसित र सुदृढ भएको बलियो व्यापार, लगानी र कनेक्टिभिटी साझेदारीको निरन्तरता। विगत १८ महिनामा युनुस शासनले केही विवादास्पद निर्णय गऱ्यो, जसले भारतको सुरक्षा वातावरणलाई प्रतिकूल असर पारेको छ। भारतको उत्तरपूर्वी क्षेत्रमा विद्रोही समूहलाई समर्थन पुनः जागृत गर्ने, दोषी ठहरिएका आतंककारी र धार्मिक कट्टरपन्थीलाई रिहा गर्न अनुमति दिने, र पाकिस्तान र बंगलादेश सेनाबिच १९७१ पूर्वको युगको सम्झनामा अभूतपूर्व सम्बन्ध पुनर्जीवित गर्ने युनुस सरकारको निर्णय भारतको हितविपरीत छ। जमातले सधैँ भारतसँगको सीमामा (विशेषगरी पश्चिम बंगालसँग) आफ्ना गतिविधिमा ध्यान केन्द्रित गरेको थियो, अवैध आप्रवासीलाई देश निकाला गर्ने र स्थानीय जनसंख्यामा भारतविरोधी भावना फैलाउने। रहमान सरकारले ती विवादास्पद निर्णय उल्ट्याउने हाम्रो अपेक्षा हो।

■ कडा कदम चाल्ने तयारी

जमातले बिहीबारको चुनावमा ६८ सिट जितेको छ। यो उसका लागि अहिलेसम्मकै उच्च संख्या हो। निर्वाचित सिटमध्ये धेरै (४० भारत-बंगलादेश सीमामा रहेका निर्वाचन क्षेत्रमा छन्, विशेषगरी पश्चिम बंगाल र त्रिपुरासँग सीमा जोडिएका क्षेत्र। स्थानीय जिल्ला अधिकारीमा निर्वाचित सांसदको प्रभाव ठुलो हुन सक्छ। सीमा सुरक्षाका सबै पक्षमा तारिक रहमान सरकारसँगको सहकार्य महत्त्वपूर्ण छ। दुई सीमा सुरक्षा बलहरू बिएसएफ र बिजिबी (बोर्डर गाड्र्स बंगलादेश) कुनै पनि समस्या समाधान गर्न नजिकबाट काम गर्न आवश्यक छ। भारतका उत्तरपूर्वी राज्यमा 'नक्सा' प्रदर्शन गर्नेलगायत बयानबाजी त्यान्नुपर्छ। भारत र बंगलादेशबिचको चार हजार किलोमिटरभन्दा लामो सीमामा शान्ति र स्थिरता सुनिश्चित गर्न अगाडि बढ्दै के प्रधानमन्त्रीको रूपमा तारिक रहमान कडा कदम चाल्न युनुस शासनका केही निर्णयलाई उल्ट्याउन तयार होलान् ?

तारिक रहमानले 'बंगलादेश-पहिले' विदेश नीति पालना गर्ने संकेत गरेका छन्। भारतको गतिशील छिमेकी-पहिले विदेश नीति छ। यी दुई दृष्टिकोणबिच बलियो तालमेल छ। दुवै पक्षको वास्तविक प्रतिबद्धताका साथ पारस्परिक लाभका आधारमा सबै मतभेद समाधान गर्न बहुक्षेत्रीय जी-टु-जी संवाद सुरु गर्नुपर्छ।

- एनडिटिभीबाट

इतिहासमा आज

फेब्रुअरी १८



सन् १९३० : अमेरिकी अन्वेषक क्याइड टोबोघले यम पत्ता लगाए, पहिले ग्रहको दर्जा दिइएको यो आकाशीय पिण्ड पछि शिशु ग्रहका दर्जामा राखियो।

सन् १८०४ : अमेरिकाको ओहायो राज्यमा ओहायो विश्वविद्यालय स्थापना भयो।

सन् १८३४ : द म्यान नामक अमेरिकाको सबैभन्दा पुरानो मजदुर पत्रिका न्युयोर्क सहरबाट प्रकाशित भयो।

सन् १८६१ : युनाइटेड स्टेट्स अफ अमेरिका (युएसए)बाट अलग भएको घोषणा गरेको कन्फडरेट स्टेट्स अफ अमेरिका (सिएसए)ले जेफरसन डेभिसलाई पहिलो राष्ट्रपति चुन्यो।

सन् १८७९ : इजिप्सियन सेनाभित्रका राष्ट्रवादीले सरकारमा बढ्दो युरोपेली प्रभावविरुद्ध कायरोमा मन्त्रिपरिषद्लाई घेरेर प्रधानमन्त्री नुबर पासालाई नियन्त्रणमा लिए।

सन् १८७९ : फेन्च वास्तुकार फेडेरिक-अगस्ट बारथोल्डीलाई अमेरिकामा स्ट्याचु अफ लिबर्टीको डिजाइनका लागि सर्वाधिकार प्रदान गरियो।

सन् १९२७ : बेलायतकै शासनमा रहेको क्यानडासँग छिमेकी संयुक्त राज्य अमेरिकाको कूटनीतिक सम्बन्ध स्थापित भयो। यसलाई ब्रिटिस शासनबाट स्वशासनतर्फको क्यानडाको महत्त्वपूर्ण कदम मानिन्छ।

सन् १९३२ : जापानले चीनको मन्चुरिया भाग कब्जा गरेर त्यस भेगमा मन्चुको नामक स्वतन्त्र राज्य घोषणा गऱ्यो।

सन् १९६५ : द गाम्बिया बेलायतबाट स्वतन्त्र भयो।

बंगलादेशका नयाँ प्रधानमन्त्रीको रूपमा रहमानको शपथ

ढाका/ सन् २०२४ को जुलाई-अगस्टमा उठेको विद्यार्थी नेतृत्वको विद्रोहपछि बंगलादेशमा भएको पहिलो मतदानमा बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी)ले बहुमत हासिल गरेको केही दिनपछि यसका नेता तारिक रहमानले नयाँ प्रधानमन्त्रीको रूपमा शपथ लिएका छन्। 'म कानुनअनुरूप देशको प्रधानमन्त्री पदमा रहेर गर्नुपर्ने कर्तव्य इमानदारीपूर्वक पूरा गर्नेछु,' मंगलबार राजधानी ढाकामा संसद् भवनबाहिर आयोजित टेलिभिजन समारोहमा राष्ट्रपति मोहम्मद साहबुद्दिनसामु तारिकले शपथ लिए।

तारिकले प्रधानमन्त्रीको शपथ लिनुअघि नवनिर्वाचित सांसदहरूले शपथ लिएका थिए। उनीहरूलाई देशका प्रमुख निर्वाचन आयुक्त एएमएम नासिर उद्दिनले शपथ गराएका थिए। शपथग्रहण समारोहमा पाकिस्तानी विदेशमन्त्री, भारतका सभामुखसहित विदेशी प्रतिष्ठित व्यक्ति उपस्थित थिए।

मंगलबार नै तारिकको मन्त्रिपरिषद्मा रहने अधिकांश सदस्यले पनि शपथ लिने कार्यक्रम थियो। कडा सुरक्षाका बाबजुद सयौँ मानिस दिनभरि संसद् भवनबाहिरको मैदानमा भेला भएर त्यहाँको कार्यक्रमको अवलोकन गरेका थिए। फेब्रुअरी १२ मा भएको चुनावमा बिएनपीले दुईतिहाइभन्दा बढी मत प्राप्त गरेको छ। पार्टी र यसका सहयोगी दलले कम्तीमा २१२ सिट जितेका थिए।

संसद्का ३५० सिटमध्ये २९९ सिटमा प्रत्यक्ष निर्वाचन भएकोमा प्रमुख प्रतिद्वन्द्वी दल जमात-ए-इस्लामी र यसका सहयोगी दलले ७७ सिट जिते। हसिनाको अवामी लिगलाई भने यसपटक चुनावमा भाग लिन प्रतिबन्ध लगाइएको थियो।

विद्यार्थी आन्दोलनमाथिको दमनका कारण हसिना र उनको पार्टीविरुद्ध अघिल्लो सरकारले प्रतिबन्ध लगाएको थियो। हसिना पदच्युत भएपछि १८ महिनासम्म देशको नेतृत्व नोबेल पुरस्कार विजेता मोहम्मद युनुसले गरेका थिए।

भारत-अमेरिकाबिचको व्यापार सम्झौता अस्थायी राहत, बाँकी नै छ स्थायी समाधान



● आर. जगन्नाथन



भारत-अमेरिका भन्सार सम्झौताबारे बिस्तारै थप विवरण बाहिर आउँदै छ। अहिलेसम्मको अवस्था हेर्दा यो स्थायी रहेकोजस्तो देखिँदैन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका कारण अहिले विश्वभर नै ठुलो उथलपुथल आइरहेको कसैबाट लुकेको छैन। यस पृष्ठभूमिमा भारतले गरेको सम्झौता उसले आफूले सक्नेजति सबैभन्दा उत्तम विकल्पजस्तो देखिन्छ। यसैले भारतले अहिले हासिल भएको सम्झौतालाई अस्थायी मान्नुपर्छ, जसको नियमित रूपमा समीक्षा गर्नुपर्छ र आवश्यक परेमा यसलाई परित्याग गर्न पनि डराउनुहुँदैन। अहिलेको सम्झौता अस्थायी हुनुका मुख्य तीन कारण छन्।

पहिलो त ट्रम्पको कुनै पनि निर्णय अन्तिम हुँदैन। यदि उनी कुनै दिन खराब मुडका साथ बिउँझिए भने आफूले पहिले लिएको निर्णय आफैँ उल्ट्याउन सक्छन्। सन् २०२६ को दोस्रो भागमा अमेरिकी राजनीति कसरी अघि बढ्नेछ भन्ने अहिले नै भन्न सकिने अवस्था छैन। विशेषगरी यदि रिपब्लिकन पार्टीले यसै वर्ष नोभेम्बरको मध्यावधि चुनावमा राजनीतिक धक्का भोग्न सक्ने अनुमान छ। त्यसबाहेक अमेरिकी सर्वोच्च अदालतले ट्रम्पको व्यापार नीति कार्यान्वयन गर्ने शक्तिलाई सीमित पार्न सक्छ।

मानौँ कि ट्रम्पलाई आफ्नो पूर्ण कार्यकालभरि आफूले चाहेअनुरूप नीति कार्यान्वयन गर्ने अवस्था रह्यो भने पनि भारतले पछिल्लो सम्झौताबाट बाहिरिने वा यसलाई पूर्ण रूपमा लागू नगर्नेबारे गम्भीरतापूर्वक विचार गर्नुपर्छ। सम्झौता अमेरिकाको पक्षमा धेरै ढल्किँदा यो झन् गर्नुपर्ने हुन्छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले आफ्ना मित्र देशका नेतालाई 'प्रिय साथी' भनेर सम्बोधन गर्दा पनि अपमान गरेको देखिन्छ। भारतले पाकिस्तानविरुद्ध सञ्चालन गरेको 'अप्रेसन सिन्दूर'पछि अमेरिकाले कति चाँडो पाकिस्तानको पक्ष लियो भन्ने कुरा भारतले बिर्सिनुहुँदैन। साथै, अमेरिकाले बंगलादेशी कपडामाथि बढी अनुकूल व्यापार सम्झौता गरेको कुरा पनि ध्यान दिनुपर्छ। सम्भवतः भारतभन्दा बंगलादेश अमरिकाप्रति नतमस्तक हुन तयार भएकाले पनि यस्तो सहुलियत दिएको हुनुपर्छ।

दोस्रो, यो व्यापार सम्झौता अब व्यापारमा मात्र सीमित छैन। अहिले यसलाई भारतको विकल्पहरू सीमित गर्न प्रयोग गरिँदै छ।

> भारतीय अधिकारीले अमेरिकासँग भएको व्यापार सम्झौतालाई वर्तमान भूराजनीतिक परिस्थितिमा सबैभन्दा व्यावहारिक विकल्प भनेका छन्। यसले पनि अमेरिकासँग भएको सम्झौता अस्थायी रहेको संकेत गर्छ। भारतले यो समयलाई आन्तरिक रूपमा बलियो हुन प्रयोग गर्नुपर्छ।

चाहे त्यो कच्चा तेल खरिदमा होस् वा डिजिटल करमै। अर्थात्, अन्ततः यो भारतको सर्वोत्तम हितविरुद्ध जान सक्ने सम्भावना देखिँदै छ। ट्रम्पले भारतको संवेदनशीलता बुझ्नेछन् भनेर विश्वास गर्न सकिँदैन। विशेषगरी, रुससँगको भारतको लामो समयदेखिको सम्बन्धलाई बिर्सिएर भारतलाई पूर्ण सम्बन्धविच्छेदका लागि दिइएको दबाबले त्यस्तै संकेत गर्छ।

उसो त कमजोर रुसले भारतको कुनै पनि चासोलाई सघाउनेछैन। भारतको मुख्य प्रतिद्वन्द्वी चीन हो। चीनलाई सन्तुलनमा राख्नका लागि भारतलाई रुस चाहिन्छ। र, रुसलाई पनि चीनलाई सन्तुलनमा राख्नकै लागि भारतको आवश्यकता छ। यो केवल थप तेल वा रक्षा उपकरण बेच्ने कुरामा मात्र सीमित कुरा होइन। अहिले सम्बन्ध घनिष्ट देखिए पनि रुस पूर्ण रूपमा चीनको प्रभावमा पर्न चाहँदैन, जसरी भारत पूर्ण रूपमा संयुक्त राज्य अमेरिकाको अगाडि झुक्न चाहँदैन। रुसी विदेशमन्त्री सर्गेई लाभरोभले पहिले नै उल्लेख गरिसकेका छन् कि संयुक्त राज्य अमेरिकाले रुसलाई दबाब दिएर भारतको सम्बन्धलाई कमजोर पार्न खोजिरहेको छ। यो भारतका लागि सन्देश हो, साथमा संयुक्त राज्य अमेरिकाका लागि पनि। भारतले रुसलाई आश्वस्त पार्ने खालको कदम चाल्नुपर्छ।

तेस्रो, नयाँदिल्लीले चीन र संयुक्त राज्य अमेरिका दुवैलाई लाभ उठाउने गरी अघि बढेमा मात्र भारतको सर्वोत्तम हित हुन्छ। तर, चीन र अमेरिका दुवैको चासो भारत चाँडै बलियो होस् भन्नेमा छैन। भारतको उत्पादन क्षेत्रलाई फाइदा पुऱ्याउने हो भने चिनियाँ आपूर्ति शृंखला भारतमा आउनु आवश्यक छ। भारतलाई उच्च प्रविधिको स्रोत तथा उत्पादन र सेवाको ठुलो बजारको रूपमा अमेरिका चाहिन्छ। चीन वा अमेरिकाविना अघि बढ्न खोज्यो भने भारतको वृद्धिदर धेरै सुस्त हुनेछ।

भारतलाई चीन र अमेरिकालाई साथमा लिएर अघि बढ्न पनि सजिलो हुनेछैन, किनभने भारतको चुनौती आन्तरिक हुन्। किनकि, भारतीय अर्थतन्त्र अझै पूर्ण रूपमा उदार भइसकेको छैन। यसको आर्थिक वृद्धि र रोजगारीमा धेरै प्रतिबन्ध कायमै छन्। अमेरिका र चीन एउटा कुरामा मौन रूपमा सहमत छन्, तिनीहरू हाम्रो गति सुस्त होस् भन्ने चाहन्छन्। उनीहरू गठबन्धनमार्फत चल्ने र उनीहरूलाई उपयुक्त हुने कमजोर भारतीय सरकार चाहन्छन्।

व्यापार विज्ञ अजय श्रीवास्तवले टाइम्स अफ इन्डिया (फेब्रुअरी ११, २०२६) मा लेखेझैँ भारतले यस व्यापार सम्झौतामा अमेरिकाले भन्दा बढी छुट दिनुपरेको छ। अमेरिकाले भारतलाई अधीनस्थ स्थितिमा धकेल्न चाहन्छ। उनी लेख्छन्, 'यो सम्झौताले निर्यातमा तत्काल राहत प्रदान गर्छ। तर, त्यसका लागि भारतले ऊर्जा, डिजिटल नीति र रणनीतिक पंक्तिबद्धतामा गहिरो मूल्य तिर्नुपर्ने भएको छ। वार्ताअगाडि बढ्दै जाँदा भारतले अब छोटो अवधिको लाभ दीर्घकालीन अवरोधमा परिणत नहुने कुरा सुनिश्चित गर्नुपर्छ।'

भारतका विदेश सचिव विक्रम मिश्रीले शशी थरुरको नेतृत्वमा रहेको संसदीय मामिला समितिमा अहिले अमेरिकासँग भएको व्यापार सम्झौतालाई वर्तमान भूराजनीतिक परिस्थितिमा सबैभन्दा व्यावहारिक विकल्प भनेका छन्। मिश्रीको यस भनाइले धेरै कुरा खुलस्त पार्छ। त्यसैले, अल्पकालीन फाइदा हुने कुरालाई ख्याल गर्दै भारतले भविष्यमा उपयुक्त अवसर आउँदा यस व्यवस्थामा परिवर्तन गर्ने आवश्यकतालाई बिर्सनुहुँदैन। बाँधिएको महसुस गर्दा भारतले सम्झौताबाट बाहिरिने विकल्प पनि चुन्नुपर्ने हुन सक्छ। यसैले, अहिले अमेरिकासँग भएको सम्झौता अस्थायी हो। भारतले यो समयलाई आन्तरिक रूपमा बलियो हुन प्रयोग गर्नुपर्छ।

आर. जगन्नाथन स्वराज्य पत्रिकाका पूर्वसम्पादकीय निर्देशक हुन्।

- द प्रिन्टबाट

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार ६ फागुन ०८२

फास्ट ट्र्याकको 'ट्र्याक' परिवर्तन

खोकना विवाद थाती राखे फर्सिडोलमा प्रस्थानविन्दु बनाइने, डिपिआर संशोधन गरिँदै

मिलन विश्वकर्मा/नयाँ पत्रिका

खोकना क्षेत्रको विवाद समाधान हुन नसकेपछि अन्ततः काठमाडौं-तराई/मधेश द्रुतमार्गको प्रस्थानविन्दु परिवर्तन गरिने भएको छ। खोकनाभन्दा ३.३ किलोमिटर तल फर्सिडोलमा प्रस्थानविन्दु बनाउने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) संशोधन गर्न लागिएको हो। फर्सिडोलमा टोल प्लाजा (शुल्क संकलनगृह) निर्माण गरिनेछ। खोकना क्षेत्रमा सडक निर्माण गर्ने विषय भने अहिले यथावत् अर्थात् थाती राखिनेछ।

काठमाडौंदेखि सुरु भएर निजगढ पुगेर टुंगिने ७०.९७ किमि लामो यो द्रुतमार्गलाई ११ खण्डमा विभाजन गरेर निर्माणकार्य भइरहेको थियो। त्यसमा अन्य भागलाई १० खण्डमा ठेक्का लगाएर काम भए पनि करिब ६ किमि लामो खोकनाखण्डमा भने टेन्डर हुन सकेको थिएन। त्यहाँ सडक निर्माण गर्दा परम्परागत सभ्यता र संस्कृति मासिने भन्दै स्थानीयले अवरोध गर्दै आएका थिए। सोही कारण प्रस्थानविन्दु नै परिवर्तन गर्नुपर्ने स्थानीयको माग थियो। पटक-पटक सरकार र स्थानीयबिच भएको वार्ताबाट सहमति हुन नसेकपछि खोकना खण्डमा सडक निर्माण यथावत् राखेर फर्सिडोलमा प्रस्थानविन्दु बनाउन लागिएको हो। स्थानीयले साढे पाँच किलोमिटर तल डुकुछापमा प्रस्थानविन्दु राख्न प्रस्ताव गरेका थिए। त्यसपछि फर्सिडोलमा प्रस्थानविन्दु राख्न लागिएको हो। अब फर्सिडोलमा प्रस्थानविन्दु राख्ने गरी डिपिआर संशोधन गरिनेछ।

प्रधानमन्त्री सुशीला कार्कीले खोकनालाई यथावत् राखेर वैकल्पिक रूपमा अघि बढ्न निर्देशन दिएपछि प्रस्थानविन्दु सर्ने भएको हो। ललितपुरको खोकनामा धार्मिक-सांस्कृतिक सम्पदा तथा आस्थामा असर पर्ने भन्दै स्थानीय समुदायका तर्फबाट चासो व्यक्त भइरहेको सन्दर्भमा प्रधानमन्त्री कार्कीले मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा भएको छलफलमा वैकल्पिक योजनामा अघि बढ्न निर्देशन दिएकी हुन्।

यसअघि गत माघ १३ गते प्रधानमन्त्री कार्कीले निर्माणाधीन द्रुतमार्गको निरीक्षण भ्रमण पनि गरेकी थिइन्। त्यसक्रममा पनि उनले विकास निर्माणका काम गर्दा स्थानीयका सरोकारलाई गम्भीरतापूर्वक लिनुपर्ने बताएकी थिइन्। प्रस्थानविन्दु परिवर्तन गरेर भए पनि राष्ट्रिय गौरवको यो आयोजना चाँडो सम्पन्न गर्नेतर्फ लाग्नुपर्ने उनको भनाइ थियो।

मंगलबार प्रधानमन्त्री कार्कीले अर्थमन्त्री रामेश्वर खनाल, कानुनमन्त्री अनिलकुमार सिन्हा, भौतिक पूर्वाधार तथा यातायातमन्त्री माधव चौलागाईं, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठ, प्रधानसेनापति अशोकराज सिग्देलसहित द्रुतमार्ग आयोजनासँग सम्बन्धित अधिकारीहरू, सम्बन्धित मन्त्रालयका सचिवहरूलाई बोलाएर छलफल गरेकी थिइन्। यसक्रममा सेनाका तर्फबाट आयोजनामा हालसम्म भएको प्रगति, समस्याहरू र सरकारसँग अपेक्षाका विषयमा ब्रिफिङ भएको थियो। सबै सम्बन्धित निकायका अधिकारीहरूलाई राखेर प्रधानमन्त्री कार्कीले विकास निर्माणका काममा अनावश्यक ढिलासुस्ती नगर्न र विवादमा अल्झिएर पनि नबस्न निर्देशन दिएकी छिन्। 'विकास निर्माणका काममा अनावश्यक ढिलासुस्ती गर्नुहुँदैन। सकेसम्म विवादको समाधान गर्ने हो। तर, विवाद भयो भने अनिश्चितकालसम्म त्यहीं अल्झिएर हुँदैन। विकल्प खोजेर अघि बढ्नुपर्छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'अब विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) संशोधन गरौं। सुरु विन्दु खोकना हुँदैन भने जहाँ कुरा मिल्छ, त्यहींबाट प्रस्थानविन्दु कायम गरौं। आयोजनाको काम जहाँसम्म सम्पन्न हुन्छ, त्यहाँसम्म भए पनि सञ्चालन गरौं।'

ठुलो लगानीको आयोजना अनिश्चितकालसम्म लम्बिँदै गएमा आर्थिक बोझ थेग्न गाह्रो पर्न सक्ने भएकाले पनि चाँडो सञ्चालन हुने गरी निकास खोज्नुपर्ने प्रधानमन्त्रीको भनाइ छ। सोही निर्देशनअनुसार खोकनाभन्दा ३.३ किलोमिटर तल फर्सिडोलमा टोल प्लाजा (शुल्क संकलनगृह) निर्माण गर्ने गरी डिपिआर संशोधन हुने प्रधानमन्त्री सचिवालयको भनाइ छ।

■ दूरी र लागत घट्ने

प्रस्थानविन्दु परिवर्तनसँगै द्रुतमार्गको दूरी कम हुनेछ। ३.३ किमि तल प्रस्थानविन्दु सार्दा द्रुतमार्गको लम्बाइ ७६.६७ किमि हाराहारीमा सीमित हुनेछ। यसैगरी, लागत पनि केही कम हुन सक्नेछ। परियोजनाको पछिल्लो संशोधित लागत अनुमान दुई खर्ब ११ अर्ब ९३ करोड रुपैयाँ छ। त्यो पनि अब केही कम हुन सक्छ। यद्यपि, यसबारे अन्तिम टुंगो संशोधित डिपिआर तयार भएपछि लाग्नेछ।



■ श्रम मन्त्रालयको प्रतिवेदन भन्छ-

श्रममन्त्रीले खारेज गरेको कार्यविधिविपरीत ९,५०० लिएर कामदारको स्वास्थ्य परीक्षण

अजित अधिकारी/नयाँ पत्रिका

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले खारेज गरेको कार्यविधिविपरीत व्यवसायीले वैदेशिक रोजगारीमा जाने कामदारबाट स्वास्थ्य परीक्षण शुल्कबापत नौ हजार पाँच सय रुपैयाँ लिने गरेको भेटिएको छ।

मन्त्री भण्डारीले श्रम मन्त्रलाय सम्हाल्नासाथ ४ पुसमा कामदारबाट स्वास्थ्य परीक्षण शुल्कबापत लिने रकम ६ हजार पाँच सय कायम गराउने निर्णय गरेका थिए। सो निर्णय कार्यान्वयन भए-नभएकोबारे मन्त्रालयबाटै खटिएको अनुगमन टोलीले भने खारेज भएको निर्णयविपरीत व्यवसायीले बढी शुल्क असुलिरहेको तथ्य फेला पारेको हो।

प्रहरीसहित खटिएको मन्त्रालयको अनुगमन टोलीले तयार गरेको आन्तरिक प्रतिवेदनमा 'स्वास्थ्य परीक्षण शुल्क अझै पनि नौ हजार पाँच सय लिने गरेको' उल्लेख छ। अनुगमन टोलीले विस्तृत प्रतिवेदन भने तयार गरिसकेको छैन। 'अनुगमनका क्रममा स्वास्थ्य परीक्षण गर्न सूचीकृत संस्थाहरूले तोकिएभन्दा बढी शुल्क लिएको भेटिएको छ। त्यसैले सोही व्यहोरा उल्लेख हुने गरी प्रतिवेदन बुझाउने तयारीमा छौं,' मन्त्रालय स्रोतले भन्यो।

तत्कालीन श्रमसचिव कृष्णहरि पुष्करले व्यवसायीसँगको मिलेमतामा परीक्षणको दायरा विस्तार र डिजिटल प्रणाली लागू गरेको जिकिर गर्दै शुल्क वृद्धिको निर्णय गराएका थिए। सो निर्णयविरुद्ध वैदेशिक रोजगार व्यवसायीले समेत आवाज उठाएपछि श्रममन्त्री भण्डारीले खारेज गरेका थिए। तर, सो निर्णयविरुद्ध स्वास्थ्य व्यवसायी महासंघले उच्च अदालत पाटनमा रिट दायर गरेको थियो। अदालतले भने १६ पुसमा सुनुवाइ गर्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको थियो। महासंघका निवर्तमान अध्यक्ष प्रबिन तिवारीले भने तोकिएभन्दा बढी शुल्क लिने गरेको तथ्यलाई अस्वीकार गरे। 'मन्त्रालयबाट खारेज भएको कार्यविधिविपरीत कामदारबाट पैसा लिन सम्भव छैन,' उनले भने, 'स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूको बिल-भरपाई हेरे पनि हुन्छ। राजेन्द्रसिंह भण्डारी मन्त्री भएर आएपछि पुरानो शुल्क हटाएर ६५ सय नै लिनु भन्ने निर्देशन छ, सोही निर्देशन हामी सबैले पालना गरिरहेका छौं।'

श्रम मन्त्रालयका प्रवक्ता पीताम्बर घिमिरेले भने प्रतिवेदन प्राप्त भइनसकेको बताए। 'म्यानपावर र स्वास्थ्य परीक्षण गर्ने संस्थाहरूमा अनुगमन



गर्न टोली खटाइएको हो, तर प्रतिवेदन प्राप्त भइसकेको छैन,' उनले भने, 'प्रहरीसहित खटिएको टोलीले प्रतिवेदन दिइसकेपछि मात्रै के-कसो भएको हो भन्ने थाहा हुन्छ।'

म्यानपावर व्यवसायीकै मिलेमतोमा हुन्छ स्वास्थ्य परीक्षण

मन्त्रालयको अनुगमन टोलीले म्यानपावर व्यवसायीको मिलेमतोमै विदेश जाने कामदारलाई आर्थिक भार बढ्ने गरी स्वास्थ्य परीक्षण गर्न लगाउने गरेको पनि भेट्टाएको छ। 'म्यानपावर कम्पनीले वैदेशिक रोजगारमा जाने कामदारलाई कार्यालयमा उपस्थित हुनेबित्तिकै विस्तृत नबुझी सुरुमा नै स्वास्थ्य परीक्षण गर्न मेडिकल-क्लिनिकमा पठाउने गरेको, एकै व्यक्तिलाई पटक-पटक स्वास्थ्य परीक्षण गराउन लगाउने, बिल-भरपाई एकपटकको मात्र दिने, स्वास्थ्य संस्था र म्यानपावर कम्पनीको मिलेमतोमा रकम असुली गर्ने नियतले वैदेशिक रोजगारमा जाने कामदारलाई संगठित रूपमा ठगी गर्ने गरेको,' अनुगमन टोलीले तयार गरेको अध्ययन प्रतिवेदनमा भनिएको छ।

सबै कामदारको स्वास्थ्य परीक्षण विवरण कर प्रयोजनका लागि दाखिला नगरी राजस्वसमेत छल्ने गरेको अनुगमन टोलीको निष्कर्ष छ। त्यस्तै, गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिएरसमेत कामदारलाई दुःख दिने गरेको आन्तरिक प्रतिवेदनमा उल्लेख छ। त्यस्तै, मलेसियाको रोजगारीका लागि ३६ संस्थाबाट मात्रै स्वास्थ्य परीक्षण गराई सिन्डिकेट लागू गर्नु ठीक नभएको अध्ययन टोलीको निष्कर्ष छ। 'सूचीकृत स्वास्थ्य संस्था धेरै भए पनि ३६ वटा स्वास्थ्य संस्थाले सिन्डिकेट गरी उक्त संस्थाबाट मात्र मेडिकल गर्नुपर्ने भएकाले वैदेशिक रोजगारमा जाने कामदारहरू होटेलमा धेरै लामो समय बस्नुपर्ने भएकाले झन् पीडा झेल्नुपरेको,' प्रतिवेदन लेखनका लागि तयार गरेको टिपोटमा उल्लेख छ। तर, महासंघका निवर्तमान अध्यक्ष प्रबिन तिवारीले भने मलेसियाले नै तोकेको मापदण्डअनुसार मेडिकल गर्ने संस्था सूचीकृत भएको दाबी गरे।

तत्कालीन श्रमसचिव पुष्करले बढाएका थिए परीक्षण शुल्क

तत्कालीन श्रमसचिव कृष्णहरि पुष्करले कामदारलाई आर्थिक भार पर्ने गरी स्वास्थ्य परीक्षण शुल्क वृद्धिको निर्णय गराएका थिए। जेन-जी आन्दोलनपछि गठित मन्त्रिपरिषद्मा श्रममन्त्री नभएका वेला उनले प्रधानमन्त्री सुशीला कार्कीलाई समेत भुक्याएर ३० कात्तिकदेखि लागू हुने गरी स्वास्थ्य परीक्षण शुल्क ६५ सय रुपैयाँबाट बढाएर ९५ सय रुपैयाँ कायम गराएका थिए। शुल्क वृद्धि गर्नुको कारणबारे नयाँ पत्रिकाले सोधेको प्रश्नमा उनले स्वास्थ्य मन्त्रालय र प्रधानमन्त्री कार्कीको सहमतिमा बढाएको जिकिर गरेका थिए।

'कामदारको स्वास्थ्य परीक्षण शुल्क वृद्धि गर्ने निर्णय स्वास्थ्य मन्त्रालयको सिफारिसमा प्रधानमन्त्रीज्यूसहितको उपस्थितिमा भएको हो। त्यसैले यसलाई धेरै विवादित गराउनु जरुरी छैन,' उनले त्यसवेला भनेका थिए। तर, श्रममन्त्री भण्डारी आएपछि पुष्करले गलत नियतका साथ स्वास्थ्य परीक्षण शुल्क वृद्धि गरेको पुष्टि भएको थियो। त्यसपछि पुष्करलाई मन्त्रालयाट सरुवा गरिएको छ।

■ मन्त्रालयको आन्तरिक प्रतिवेदनको मस्यौदामा उल्लेख प्रमुख बुँदाहरू

- म्यानपावर कम्पनीले वैदेशिक रोजगारमा जाने कामदारलाई म्यानपावरमा उपस्थित हुनेबित्तिकै विस्तृत रूपमा नबुझी सुरुमा नै स्वास्थ्य परीक्षण गर्न मेडिकल-क्लिनिकमा पठाउने गरेको, एकै व्यक्तिलाई पटक-पटक स्वास्थ्य परीक्षण गराउन लगाउने, बिल-भरपाई एकपटकको मात्र दिने, स्वास्थ्य संस्था र म्यानपावर कम्पनीको मिलेमतोमा रकम असुल गर्ने नियतले वैदेशिक रोजगारमा जाने कामदारलाई संगठित रूपमा ठगी गर्ने गरेको।
- स्वास्थ्य संस्थाहरूले कर छली गर्ने नियतले मेडिकल गरेका व्यक्तिको संख्याभन्दा लेखा परीक्षण प्रतिवेदनमा कम संख्या देखाउने गरी कर छली गरेको।
- गलत स्वास्थ्य परीक्षण प्रतिवेदन दिने गरेको।
- स्वास्थ्य परीक्षण शुल्क अझै पनि नौ हजार पाँच सय लिने गरेको।
- सम्पूर्ण टेस्टहरू नगरीकन हचुवाका भरमा मेडिकल रिपोर्ट दिने, तोकिएका टेस्ट नगरीकन ठगी गर्ने गरेको।
- एउटै पनि टेस्ट नगरीकन स्वास्थ्य परीक्षण प्रतिवेदन दिएको।
- सूचीकृत स्वास्थ्य संस्था धेरै भए पनि ३६ वटा स्वास्थ्य संस्थाको सिन्डिकेड गरी उक्त संस्थावाट मात्र मेडिकल गर्नुपर्ने भएकाले वैदेशिक रोजागरमा जाने कामदार होटेलमा धेरै लामो समय बस्नुपरेको, कामदारले पीडा झेल्नुपरेको।
- वैदेशिक रोजगारमा जाने कतिपय नेपाली कामदार स्वास्थ्य संस्थामा उपस्थित नभई स्वास्थ्य परीक्षणको प्रतिवेदन दिने गरेको।
- ३६ वटा स्वास्थ्य संस्थाले अनुमतीविना म्याक्रो टेक कम्पनीको भ्याट बिल काटी ३ हजार १ सय ६४ रुपैयाँ उठाई म्याक्रो टेकको सनराइज बैंकको खातामा अर्बौं रकम जम्मा गर्ने गरेको र सो रकम बैंक खातामार्फत मलेसिया ट्रान्सफर गर्ने गरेको।
- बायोमेट्रिक प्रणाली प्रयोग गरेबापत ३६ वटा स्वास्थ्य संस्थाले मलेसियालाई म्याक्रो टेक प्रालिले तिर्नुपर्ने शुल्क भुक्तानी गर्न सन् २०२० जुन १६ मा मलेसियन दूतावासले नेपाल राष्ट्र बैंक बालुवाटार काठमाडौंलाई पत्राचार गरेको।
- वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्था सूचीकरण, नवीकरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०७२ बमोजिमको मापदण्ड पालना गर्ने नगरेको।
- वैदेशिक रोजगारमा गएका कामदारको स्वास्थ्य परीक्षण गरेको विवरणको अभिलेख दुरुस्त नराखेको,
- स्वास्थ्य संस्थामा कार्यरत आवश्यक जनशक्ति कार्यविधिमा तोकिएकोभन्दा कम भएको।
- कार्यविधिबमोजिम स्वास्थ्य संस्थामा सेवाग्राहीको गुनासो सुन्ने अधिकारी स्पष्ट रूपमा व्यवस्था नगरेको, गुनासोपेटिका सबैले देख्ने ठाउँमा नराखेको, मापदण्डअनुसारको नागरिक वडापत्र सबैले देख्ने गरी नराखेको, स्वास्थ्य संस्थामा काम गर्ने कर्मचारीको पोसाक र परिचयपत्र प्रयोग नगरेको, स्वास्थ्य संस्थामा कार्यरत डाक्टरलगायत सम्पूर्ण कर्मचारीको हाजिर रजिस्टरसमेत नराखेको।

सात क्षेत्रका १०२ व्यवसायमा आउने विदेशी लगानीमा अब 'अटोमेटिक रुट'

नयाँ पत्रिका

सरकारले विभिन्न सात व्यावसायिक क्षेत्रमा आउने विदेशी लगानीको स्वीकृतलगायतका प्रक्रियालाई स्वचालित मार्ग (अटोमेटिक रुट)बाट अघि बढाउने भएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को अधिकार प्रयोग गरेर विभिन्न सात क्षेत्रका एक सय दुई प्रकार व्यावसायिक गतिविधिमा आउने लगानीको प्रक्रियालाई अटोमेटिक रुटबाट अघि बढाउने निर्णय गरेको हो।

कुन क्षेत्रमा आउने विदेशी लगानीमा कति अटोमेटिक रुट ?

- **ऊर्जामूलक उद्योग (चार प्रकारका व्यवसाय)**
- **कृषि तथा वन पैदावारमा आधारित उद्योग (१३ प्रकारका व्यवसाय)**
- **पूर्वाधार उद्योग (आठ प्रकारका व्यवसाय)**
- **पर्यटन उद्योग (चार प्रकारका व्यवसाय)**
- **सूचना प्रविधिमा आधारित उद्योग (नौ प्रकारका व्यवसाय)**
- **सेवामूलक उद्योग (२३ प्रकारका व्यवसाय)**
- **उत्पादनमूलक उद्योग (४१ प्रकारका व्यवसाय)**

यससम्बन्धी सूचना बुधबार राजपत्रमा प्रकाशन गरिएको छ। सूचनाअनुसार ऊर्जामूलक उद्योगका चार, कृषि तथा वन पैदावारमा आधारित १३, पूर्वाधार उद्योगका आठ र पर्यटन उद्योगका चार प्रकारका व्यावसायिक गतिविधिमा आउने लगानीलाई स्वचालित मार्गबाट अघि बढाइनेछ। यस्तै, सूचना प्रविधिमा आधारित उद्योगका नौ, सेवामूलक उद्योगका २३ र उत्पादनमूलक उद्योगका ४१ प्रकार व्यावसायिक गतिविधिमा आउने लगानीलाई विदेशीको प्रक्रियालाई पनि स्वचालित मार्गबाट अघि बढाइनेछ।

यसअघि ५० करोड रुपैयाँसम्मको विदेशी लगानीको स्वीकृति प्रक्रिया स्वचालित मार्गबाट अघि बढाउने गरिएको थियो। त्यसका लागि क्षेत्र तोकिएको थिएन। यसपालि क्षेत्र तोकेर स्वचालित मार्गबाट सेवा दिने व्यवस्था गरिएको हो। स्वचालित मार्गबाट हुने विदेशी लगानी स्वीकृतिको अधिकतम सीमा नहुने सूचनामा उल्लेख छ। सूचना प्रविधिमा आधारित उद्योगमा स्वचालित मार्गबाट लगानी स्वीकृति गर्दा न्यूनतम सीमा पनि लागू नहुने बताइएको छ। यसले ऊर्जा उत्पादन, कृषि प्रशोधन, आइटी सेवा, पर्यटन र उत्पादन उद्योगमा लगानी आकर्षित गर्ने मन्त्रालयको भनाइ छ।

नेपालकै ठुलो विद्युत् प्रसारणलाइन सञ्चालनमा



गुल्मीमा **भरत पाण्डेय**

नेपालको सबैभन्दा ठुलो विद्युत् प्रसारणलाइन बुर्तिबाङ-पौदीअमराई-तम्घास-सन्धिखर्क-गोरुसिंगे १३२ केभी डबल सर्किट प्रसारणलाइन सञ्चालनमा आएको छ। कपिलवस्तुको मोतीपुरदेखि बागलुङको बुर्तिबाङ जोड्ने ८९.५ किलोमिटर लामो प्रसारणलाइन सोमबारदेखि पूर्ण रूपमा सञ्चालन भएको हो।

मोतीपुरदेखि गुल्मीको रेसुंगा नगरपालिका ७ उनायचौरस्थित तम्घास सबस्टेसनसम्मको लाइन ०८१ असारदेखि नै सञ्चालन भए पनि तम्घासदेखि बागलुङको ढोरपाटन नगरपालिका- २, खल्टुबोटस्थित बुर्तिबाङ सबस्टेसनसम्मको प्रसारणलाइन शनिबारदेखि परीक्षण गरेर सोमबारदेखि नियमित सञ्चालन गरिएको आयोजना प्रमुख मनोजप्रसाद चौधरीले बताए। ०७६ सालदेखि निर्माण सुरु भएको उक्त डबल सर्किट प्रसारणलाइन निर्माणका लागि डिभिजन वन कार्यालयले समयमै रुख कटान आदेश नदिँदा ढिलाइ भएको थियो। आयोजनाका लागि गुल्मी खण्डमा ३ दशमलव ९,४३८ हेक्टर वन क्षेत्र प्रयोग र ८८.४४ किलोमिटर लम्बाइको १८ मिटर चौडा राइट अफ वेमा पर्ने नौ सय ४२ वटा रुख हटाउने आदेशका लागि मात्रै लामो समय कुर्नुपरेको थियो। मन्त्रालयले रुख कटानका लागि निर्णय गरेर विभागले आदेश दिए पनि डिभिजन वन कार्यालयले रुख कटान आदेशको प्रक्रिया अगाडि नबढाएका कारण प्रसारणलाइन निर्माण प्रक्रिया ढिलाइ हुँदा प्राधिकरणले ठेकेदार कम्पनीलाई जरिवानासमेत तिरेको थियो। आदेश प्राप्त भएपछि काम सुरु गरेर प्रसारणलाइन सञ्चालन गरिएको थियो।

सो प्रसारण लाइन सञ्चालनमा आएपछि अर्घाखाँची, गुल्मी तथा बागलुङ जिल्लामा विद्युत् आपूर्ति सुदृढ र भरपर्दो हुने प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्र शाक्यले बताए। '३३ केभीमा लाइनमा आउँदा दिनमा १०-१५ पटक लाइन ट्रिप हुने समस्या थियो भने १३२ केभीको प्रसारणलाइन बनेर रिलाएबल सप्लाई भएपछि लाइन स्टेबल भयो, यसको मुख्य उद्देश्य उद्योग व्यवसाय र होटेललाई सहयोग पुग्नका लागि हो, महसुल सस्तो, सहज बनाउनका लागि हो,' उनले भने, 'यसले कृषि आधारित, घरेलु वा साना-मझौला उद्योगलाई सहयोग पुग्छ नै, मध्यपश्चिमको पहाडी भेगको अर्थतन्त्रलाई सहयोग पुग्छ भन्ने विश्वास छ।

प्रसारणलाइनअन्तर्गत प्रत्येक सबस्टेसनमा तीन-तीनवटा फिडर निकालेर त्यसमार्फत राष्ट्रिय प्रसारणबाट ११ केभिएको डोमेस्टक लाइनमा सिधै जोडिएपछि लोकल लाइनमा पनि विद्युत्को समस्या नहुने आयोजना प्रमुख चौधरीले बताए। 'प्रत्येक सबस्टेसनमा तीन-तीनवटा फिडर निकालेको हुन्छ। त्यसमार्फत राष्ट्रिय प्रसारणबाट ११ केभीको डोमेस्टक लाइनमा सिधै जोडिएपछि लोकललाइनमा पनि विद्युत्को समस्या हुँदैन,' उनले भने, 'त्यसैले यी क्षेत्रका उपभोक्ताले विद्युतीय उपकरण चलाउँदा कुनै समस्या हुँदैन।'

सरकार र प्राधिकरणको चार अर्ब सात करोड ६१ लाख लागतमा सम्पन्न उक्त प्रसारण प्रणालीअन्तर्गत कपिलवस्तुको मोतीपुर, अर्घाखाँचीको फुदवाङ, गुल्मीको उनायचौर, गुल्मीकै पौदीअमराई र बागलुङको बुर्तिबाङमा पाँचवटा सबस्टेसनमार्फत उपभोक्तालाई विद्युत् वितरण गरिएको छ।

INVITATION FOR SEALED BIDS

Re-Publication Date: 2082/11/06

Due to the underqualified technical bid received for the procurement as per the notice published on 2082/10/16, this notice has been re-published as a call for the sealed tender supply for the followings:

- Contactless Visa Debit Card : 20,000.00
- Nepalpay Contactless Debit Card: 10,000.00

Terms & Conditions:

1. The bid document containing the detailed scope of work and terms and conditions can be obtained and submitted upon payment of a non-refundable fee of NPR 2,000 (Two Thousand Only) to the following account at any branch of the Bank:
   Account Name: Bid Application Fee | Account Number: 013-94901701021.
2. Sealed bids comprising separate Technical and Financial Proposals, must be submitted to the address mentioned below on or before 4:00 PM on the 7th day from the publication of this notice. The bids must be accompanied by a Bid Security of at least 5% of the bid price (including VAT) with a minimum validity of 60 days.
3. The bids will be opened in the presence of the Bidders' representatives who choose to attend at the address mentioned below at 11:00 AM on the 8th day from the publication of the bid notice.
4. In case of public holiday, the next working day will be considered in both the cases.
5. The Bank reserves the right to accept or reject, completely or partially any or all the bids without assigning any reasons, whatsoever.

For further details, please contact General Service Department, Muktinath Bikas Bank, Lazimpat, Kathmandu.

"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

For details: General Services Department, 1st Floor, Central Office, Lazimpat Kathmandu Nepal, Tel.: 01-5970887
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

कोशी प्रदेश सरकार
प्रदेश लगानी प्राधिकरणको कार्यालय
विराटनगर, नेपाल

वार्ताद्वारा परियोजना कार्यान्वयन गर्ने प्रयोजनका लागि सार्वजनिक सूचना


(प्रथम पटक प्रकाशित मिति २०८२/११/०६)

जिल्ला उदयपुर स्थित बेलका नगरपालिकाद्वारा बेलका नगरपालिका वडा नं. ९ स्थित स्वामी टोलमा निर्माण गरिएको तर संचालनमा आउन नसकेको फोहरमैला व्यवस्थापन परियोजनालाई इटहरी उप महानगरपालिका वडा नं.४, सुनसरी स्थित श्री रामपुर बहुउद्देश्यीय कृषि फार्म कम्पनीले सार्वजनिक निजी साझेदारी मोडलबाट फोहरमैला व्यवस्थापन सहित मल उत्पादन तथा पशुपालन गर्ने उद्देश्यले यस प्रदेश लगानी प्राधिकरणको कार्यालयमा पेश गर्नुभएको प्रस्तावका आधारमा कार्यालयबाट दिइएको अध्ययन अनुमती अनुसार उक्त कम्पनीद्वारा परियोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) पेश हुनआएको हुँदा सार्वजनिक निजी सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ को दफा २० र नियमावली, २०७७ को नियम २६(६) बमोजिम स्वीस च्यालेन्जका आधारमा प्रतिस्पर्धात्मक माध्यमबाट सो परियोजना अघि बढाउने उद्देश्य अनुरूप सो परियोजना सम्बन्धी कुनै दावी विरोध वा उजुर बाजुर भए गर्नुहुन तथा उक्त कम्पनीले पेश गरेको प्रस्ताव भन्दा उत्कृष्ट प्रस्ताव प्राप्त हुनसक्ने अभिप्रायले अन्य कुनै व्यक्ति, संस्था एवं कम्पनीबाट उल्लिखित परियोजनाका सम्बन्धमा प्रस्ताव प्राप्त गर्न यस कार्यालयबाट यो सार्वजनिक सूचना आह्वान गरिएको छ। सम्बन्धित इच्छुकले सूचना प्रकाशन भएको मितिले ३०(तीस) दिनभित्र प्रस्ताव पेश गर्नुहुन समेत अनुरोध छ।

नोट: उल्लिखित विषयमा थप जानकारीका लागि विराटनगर म.न.पा.-४, बरगाछी स्थित कार्यालयको ठेगाना वा कार्यालयको फोन नं. ०२१-४७५१०० वा मो.नं. ९८५२०३४१०३मा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ।

ग्लोबल आइएमईबाट अनलाइन अन्तर्राष्ट्रिय भुक्तानी गर्दा ५० प्रतिशत छुट

काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले अन्तर्राष्ट्रिय अनलाइन भुक्तानीमा ५० प्रतिशत छुट दिने भएको छ। बैंकले शैक्षिक प्रयोजनार्थ अध्ययन शुल्क, भिसा शुल्क, अनलाइन परीक्षा शुल्कका लागि आवश्यक अन्तर्राष्ट्रिय अनलाइन भुक्तानी गर्दा ५० प्रतिशत छुट प्रदान गर्ने योजना ल्याएको हो।



यो योजनाबाट बैंकले नेपाली विद्यार्थीलाई विशेष गरी शैक्षिक प्रयोजनका लागि आवश्यक सम्पूर्ण अन्तर्राष्ट्रिय अनलाइन भुक्तानीहरू जस्तै : आइइएलटिएस, टोफल, स्याट, जी-म्याट, पिटिई, एसिटी, एसिसिए, युएसएमएलई, कलेज फी, भिसा शुल्क, बिमा शुल्कलगायतका विभिन्न सेवाबापतको भुक्तानी गर्दा लाग्ने सेवा शुल्कमा उक्त छुट प्रदान गर्ने जनाएको छ। छुट ३१ जुलाई २०२६ सम्म लागू हुनेछ। यसका लागि बैंकले एक सय १७ वटा शाखामार्फत सेवा विस्तार गरेको जनाएको छ। छुट तथा सेवा उपलब्ध हुने बैंकका शाखा कार्यालयसम्बन्धी विवरण बैंकको वेबसाइटमा उपलब्ध छ।

बैंक ग्लोबल फाइनान्सको बेस्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अवार्ड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट सम्मानित भइसकेको छ। बैंकले देशभरका तीन सय ५२ शाखा कार्यालय, तीन सय ८५ एटिएम, एक सय ४७ शाखारहित बैंकिङ, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयमार्फत सेवा प्रदान गर्दै आइरहेको छ।

वर्ल्डलिंकले दियो कालीकोट स्वास्थ्य चौकीलाई सौर्यप्रणाली

काठमाडौं/ वर्ल्डलिंक कम्युनिकेसनले कालीकोटको आधारभूत स्वास्थ्यचौकीमा सौर्य ऊर्जा प्रणाली तथा औषधि भण्डारणका लागि डिपफ्रिज जडान गरेको छ। कम्पनीले पचालझरना गाउँपालिका- ७ स्थित नानीकोट स्वास्थ्य चौकीलाई सहयोग गरेको हो।



उक्त स्वास्थ्य चौकीमा गुणस्तरीय फ्रिज अभाव र नियमित विद्युत् आपूर्तिको कमीका कारण औषधि सुरक्षित भण्डारण तथा स्वास्थ्य सेवा सञ्चालनमा समस्या हुँदै आएको थियो। सो समस्या समाधान गर्न कम्पनीले तीन किलोवाट क्षमताको सौर्य प्रणालीसहित डिपफ्रिज जडान गरी स्वास्थ्य चौकीलाई हस्तान्तरण गरेको जनाएको छ। यसबाट औषधि, खोप तथा अन्य संवेदनशील सामग्री सुरक्षित राख्न सहज हुने विश्वास लिइएको कम्पनीकी सामाजिक उत्तरदायित्व विभागकी निर्देशक अनुपा भण्डारी जालानले भनिन्।

कम्पनीका अनुसार सोही वडाअन्तर्गत पंगेलीदेवी माध्यमिक विद्यालयका २५ जना विद्यार्थीलाई अनलाइन स्मार्ट बोर्डमार्फत अंग्रेजी भाषा कक्षा पनि सञ्चालन गरेको छ। लोकोपकार संस्थासँगको सहकार्यमा वर्ल्डलिंकले २५ जना विद्यार्थीमा सो कार्यक्रम सञ्चालन गरेको हो। सहभागी विद्यार्थीलाई प्रोत्साहनस्वरूप प्रमाणपत्र वितरण गरिएको थियो। भर्जुअल माध्यमबाट विद्यार्थीको आत्मविश्वास बढाउन सो कार्यक्रम प्रभावकारी हुने कम्पनीको भनाइ छ। वर्ल्डलिंकको यस पहलले ग्रामीण स्वास्थ्य सेवा सुधार र डिजिटल शिक्षाको पहुँच विस्तारमा सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ।

जनकपुरमा कजारियाको सोरुम सञ्चालन



काठमाडौं/ टायल उत्पादन ब्रान्ड कजारियाले जनकपुरमा नयाँ एक्सक्लुसिभ सोरुम सञ्चालनमा ल्याएको छ। बाबा अटोमाटा टेडिङ प्रालिद्वारा सञ्चालनमा ल्याइएको उक्त सोरुम जनकपुर तथा आसपासका क्षेत्रमा उच्च गुणस्तरका टायलप्रति बढ्दो मागलाई सम्बोधन गर्ने कम्पनीले जनाएको छ। सोरुम उद्घाटन कजारिया रमेश टायल्स लिमिटेडका निर्देशक हिमांशु अग्रवालले गरेका हुन्। सो सोरुमले ग्राहकलाई आधुनिक र व्यवस्थित खरिद अनुभव प्रदान गर्ने दाबी गरिएको छ।

कम्पनीका निर्देशक अग्रवालले भने, 'कजारियाजस्ता प्रतिष्ठित ब्रान्डहरूको जनकपुरजस्ता प्रमुख सहरमा विस्तार हुनु नेपालको निर्माण तथा पूर्वाधार क्षेत्रमा बढ्दो सकारात्मक गतिशीलताको संकेत हो। यस्ता पहलले उपभोक्तालाई गुणस्तरीय तथा विश्वसनीय उत्पादनमा पहुँच प्रदान गर्नुका साथै रोजगारी सिर्जना र क्षेत्रीय आर्थिक वृद्धिमा समेत टेवा पुऱ्याउँछन्।'

एसिया-प्रशान्त क्षेत्रका लागि आचार्य आइसिए राजदूत



काठमाडौं/ विश्वव्यापी संस्था इन्टरनेसनल करिकुलम एसोसिएसन (आइसिए)को राजदूतमा दीप्ति आचार्य नियुक्त भएकी छिन्। संस्कृति इन्टरनेशनल स्कुलकी संस्थापक निर्देशक आचार्यले नेपाल तथा छिमेकी देशमा आइसिएको प्रतिनिधित्व गर्नेछिन्। उनले आइसिएअन्तर्गत सञ्चालित शिक्षकहरूको सञ्जाल विस्तार र सुदृढ गर्न भूमिका खेल्ने बताइएको छ।

राजदूतका रूपमा नियुक्त भएपछि आचार्यले अन्य विद्यालयलाई पनि मार्गदर्शन गर्ने, तालिम सञ्चालन गर्ने तथा अन्तर्राष्ट्रिय पाठ्यक्रमहरूको गुणस्तरीय कार्यान्वयनलाई क्षेत्रभर प्रवर्द्धन गर्ने काम गर्नेछिन्। यो 'आइसिए एम्बासडर' कार्यक्रमले शैक्षिक नेतृत्वकर्तालाई छनोट गर्ने गर्छ।

महालक्ष्मीको बीजचित्र फोटोग्राफीका विजेतालाई पुरस्कार वितरण

काठमाडौं/ महालक्ष्मी विकास बैंक बीजचित्र फोटोग्राफी प्रतियोगिताको तेस्रो संस्करणको पुरस्कार वितरण गरिएको छ। बीजचित्र फोटोग्राफी प्रतियोगिता सञ्चालन गर्दै आइरहेकोमा यस वर्ष संस्करण-३ सफलतापूर्वक सम्पन्न गरेको छ।



काठमाडौंमा आयोजित उक्त कार्यक्रममा प्रथम, द्वितीय, तृतीय स्थान र पब्लिक च्वाइस अवार्ड हासिल गर्ने फाटोग्राफरलाई पुरस्कार वितरण गरिएको हो। प्रतियोगितामा सुयोग कुँवर प्रथम, पारस बज्राचार्य दोस्रो र देवानन्द पोखेल तेस्रो भएका छन्। विजेताले प्रमाणपत्रका साथमा क्रमशः २५ हजार, २० हजार र १५ हजार नगद पुरस्कार प्राप्त गरेका बैंकले जनाएको छ। यस्तै, सबैभन्दा बढी भोट प्राप्त गरी शर्मनराज भण्डारीले पब्लिक च्वाइस अवार्ड जिते। उनले प्रमाणपत्रसहित १० हजार रुपैयाँ प्राप्त गरेको बैंकले जनाएको छ।

साथै, उत्कृष्ट १५ फोटोग्राफरलाई प्रमाणपत्र प्रदान पनि गरिएको थियो। यस्ता कार्यबाट स्थानीय व्यवसाय, उद्यमशीलता, स्थानीय कलाको प्रवर्द्धन तथा प्रचारप्रसार गर्न सहयोग पुग्ने विश्वास बैंकले लिएको छ। बैंकका अनुसार विश्व फोटोग्राफी दिवसका अवसरमा ११ भदौदेखि ३१ असोजसम्म विभिन्न फोटो संकलन गरिएको थियो। प्रतियोगितामा सहभागी हुन स्थानीय साना तथा मझौला व्यापार भल्कने फोटो खिचेर पठाउन भनिएकामा विभिन्न फोटोग्राफरमार्फत फोटो प्राप्त भएका थिए।

प्रतियोगितामा समावेश सम्पूर्ण फोटो उत्कृष्ट तथा स्थानीय तहमा सञ्चालित व्यवसायमार्फत सकारात्मक सन्देश प्रदान गर्ने खालका थिए। प्राप्त फोटोमध्ये निर्णायक समितिले उत्कृष्ट १५ वटा फोटो छनोट गरेको थियो।

नागरिक लगानी कोषलाई 'ए प्लस' रेटिङ

काठमाडौं/ आइसिआरए (इक्रा) नेपाल लिमिटेडले नागरिक लगानी कोषलाई 'ए प्लस रेटिङ' प्रदान गरेको छ। कम्पनीले कोषलाई आइसिआरएएनपी-आइआर 'ए प्लस' रेटिङ प्रदान गरेको हो। यो रेटिङ प्राप्त गर्नेलाई वित्तीय दायित्वहरूको समयमै सेवा गर्ने सन्दर्भमा पर्याप्त सुरक्षा भएको संस्था मानिन्छ। आइसिआरए नेपालको मूल्यांकन समितिले उक्त निर्णय गरेको हो।

०४७ सालमा स्थापना भएको नागरिक लगानी कोषले ०४८ माघ १ गतेदेखि सेवा सुरु गरेको थियो। कोषले कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकाश कोष योजना, राष्ट्रसेवक कर्मचारीको जीवन बिमा कोष, नागरिक एकांक योजना, नागरिक पेन्सन योजना र नेपाल कृषि अनुसन्धान परिषद् बिमा कोषजस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ। हाल कोषमा करिब सात लाखभन्दा बढी सहभागी छन्।

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं. २०२३ पौष ०३ गते

स्वर्गारोहण: वि.सं. २०८२ माघ २३ गते

स्व. ओम कुमार गुरूङ्ग

हाम्रा सहकर्मी श्री ओलिना गुरूङ्गको पूजनीय पिता **ओम कुमार गुरूङ्ग**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

सानिमा बैंक www.sanimabank.com

पो.ब.नं.: २०३९४, 'अलकापुरी', नक्साल, काठमाडौं, फोन: +९७७-१-५९७००३३
फ्याक्स: +९७७-१-४५२८९६९, ईमेल: sanima@sanimabank.com

Nepal Electricity Authority
Trishuli Hydropower Station
(Tel No. 01-0560423)

Invitation for Electronic Bids

(Date of publication 18 February, 2026 (06/11/2082))

Tender No./Types of Bidding	Description of Works/Jobs
NEA-THPS-2082/083-MST-03	Repair and Maintenance of Barrage (Main) Gate & other Miscellaneous Works at Headworks of Trishuli Hydropower Station

Please visit official website of PPMO **(www.bolpatra.gov.np/egp)** for more details

भाखा नाघेको कर्जा बुझाउने बारे जोइन बचत तथा ऋण सहकारी संस्था लि.को २१ दिने सूचना

(सूचना प्रकाशित मितिः २०८२/११/६)

यस संस्थाको तपसिल बमोजिमका सदस्यहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा संस्थाले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, यस संस्थाको कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं। साथै तपसील बमोजिमका सदस्यहरुलाई संस्थाबाट कर्जा लिन मञ्जूरीनामा (जमानत) दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन सुचित गरिन्छ।

तपशिल

ऋणिको विवरण	ऋणिको विवरण
ऋणीको नाम: **प्रकाश तामाङ** बाबु: चोक्ता तामाङ बाजे: आइत बहादुर तामाङ ठेगाना: धर्मस्थली, काठमाडौं कर्जा शीर्षक: व्यावसायिक साँवा रकम रु. रु.७९,९३,९७२।- मिति २०८२।११।०५ सम्मको ब्याज तथा अन्य रकम: रु.८२५,९०६।- जम्मा तिर्नुपर्ने रकम : रु.८८,१९,८७८।- जमानत बस्नेको नाम: मर्कु तामाङ	ऋणीको नाम: **अर्जुन प्रसाद लामिछाने** बाबु: तारानाथ लामिछाने बाजे: लोक नाथ लामिछाने ठेगाना: टोखा, काठमाडौं कर्जा शीर्षक: व्यावसायिक साँवा रकम रु. रु.१,५०,००,०००।- मिति २०८२।११।०५ सम्मको ब्याज तथा अन्य रकम: रु.६,००,४९२।- जम्मा तिर्नुपर्ने रकम : रु.१,५६,००,४९२।- जमानत बस्नेको नाम: फडिन्द्र बहादुर राय क्षेत्री

जोइन बचत तथा ऋण सहकारी संस्था लि.
Join Saving & Credit Co-operative Ltd.
सोह्रखुट्टे, काठमाडौं, फोन नं. ०१-४९५६६२४,९८५१३३३७४८





मणिपुर बचत तथा ऋण सहकारी संस्था लि.
काठमाण्डौं-०१, बत्तिसपुतली, फोन नं: ०१-४५७४५२३

कर्जा चुक्ता भुक्तानी गर्ने बारे ३५ दिने सार्वजानिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/११/०६

तपशिल उल्लेखित ऋणी सदस्यले यस संस्थाबाट उपभोग गर्नु भएको ऋणको साबा ब्याज रकम नतिरी नबुझाई ऋण लिदाको बखत गर्नुभएको लिखत तमसुकमा उल्लेखित शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक-पटक मौखिक, लिखित तथा घरदैलो सम्म पुगी तरताकेता गर्दा समेत उक्त ऋणको साबा ब्याज रकम समेत चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले यो सुचना प्रकाशित गरिएको छ। प्रथम पटक प्रकाशित भएको मितिले पैतिस (पैतिस) दिन भित्र यस संस्थामा सम्पर्क गरी तपाईले संस्थालाई बुझाउनु पर्ने बाकी ऋणको साबा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुर रकम समेत चुक्ता भुक्तानी गर्नु हुन यसै सार्वजानिक सुचना मार्फत सूचित गरिन्छ। अन्यथा बागमति प्रदेश सहकारी ऐन २०७४ को दफा ६४, बागमति प्रदेश सहकारी नियमावली २०७५ को दफा १९, संस्थाको विनियमावली २०६५ साथै नेपाल प्रचलित कानुन बमोजिम तपाईको कर्जा असुली न्यायिकरणमा दर्ता समेतको लागि थप कानुनी प्रक्रिया अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ।

तपशिल :

ऋणीको व्यक्तिगत विवरण	ऋणीको फोटो	२.व्यक्तिगत धनजमानीको विवरण	धनजमानीको फोटो
नाम : श्री अर्जुन चौहान बाबुको नाम, थर : मान बहादुर चौहान बाजेको नाम, थर : कृष्ण बहादुर चौहान स्थायी फुलासी गा.वि.स वडा नं.-९, रामेछाप हाल : काठमाण्डौ महानगरपालिका वडा नं.-०९,सिनामगल ना.प.नः२९०३४/६९९ रामेछाप।		**नाम : कविता कार्की चौहान** ससुराको नाम, थर : मान बहादुर चौहान पतिको नाम, थर : अर्जुन चौहान स्थायी फुलासी गा.वि.स वडा नं.-९, रामेछाप हाल : काठमाण्डौ महानगरपालिका वडा नं.-०९, सिनामगल ना.प.नः२९१०३४/१०००१,रामेछाप।	
		श्री साधुराम गिरी स्थायी ठेगाना : सापिङ्ग गा.वि.स. वडा नं.-०३, काभ्रेपलान्चोक अस्थायी/हालको ठेगाना : काठमाण्डौं महानगरपालिका वडा नं.-०९,वत्तिसपुत्तली ना.प.नः ०१-६९-०९४९४-/१०००१,रामेछाप।	
नाम : पुनम थापा पिताको नाम, थर : राम बहादुर थापा बाजेको नाम, थर : लेख बहादुर श्रेष्ठ स्थायी ठेगाना : गोरखा न.पा-०१, ताप्ले गोरखा , अस्थायी ठेगाना :काठमाण्डौ म.न.पा वडा नं. -०९ ,सिनामगल ना.प.न :- १३८६६३/गोरेखा।		**नाम : लेख बहादुर श्रेष्ठ** पिताको नाम, थर : भक्त बहादुर श्रेष्ठ बाजेको नाम, थर : नर बहादुर श्रेष्ठ स्थायी ठेगाना : कठजोर गा.वि.स वडा नं.-०९, रामेछाप अस्थायी ठेगाना : काठमाण्डौ -०९, सिनामगल ना.प.न : ७३३३१/रामेछाप	

१८ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०८२ साल फाल्गुन ६ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस ज्योति विकास बैंक लि.को मिति २०८२/११/०५ गते मगलवार अपरान्ह ५:०० बजे बसेको सञ्चालक समितिको ५४३ औं बैठकको निर्णयानुसार यस विकास बैंकको १८ औं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न लिखित विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं।

सभा हुने मिति, समय र स्थान

मिति : २०८२ साल फाल्गुन २८ गते विहिबार (तदनुसार १२ मार्च, २०२६)
समय : बिहान ११:०० बजे।
स्थान : लिसारा रिसेप्सन, नक्साल, काठमाडौं।

छलफलका विषयहरु

(क) सामान्य प्रस्ताव:

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको ज्योति विकास बैंक लि.को २०८२ आषाढ मसान्तसम्मको वित्तीय अवस्थाको विवरण तथा आर्थिक वर्ष २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।
३. यस विकास बैंकको सहायक कम्पनी ज्योति क्यापिटल लि.को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको बैंकको एकीकृत वित्तीय विवरण (Consolidated Financial Statement) छलफल गरी पारीत गर्ने।
४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

(ख) विशेष प्रस्ताव:

(ग) विविध:

साधारणसभा सम्बन्धी अन्य जानकारी:

१. यस विकास बैंकको १८ औं वार्षिक साधारणसभा प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजको काम मिति २०८२/११/१४ गते एक दिन बन्द रहने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/११/१४ मा शेयर दाखिल खारेजको काम बन्द (Book Close) हुनुभन्दा अघिल्लो दिन सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस विकास बैंकको शेयर रजिष्ट्रार श्री एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र मतदान गर्न पाउने छन्। नेपाल स्टक एक्सचेञ्जमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरका आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लिखित मिति भित्र शेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ।
२. वार्षिक प्रतिवेदन पुस्तिकाको विद्युतीय प्रति शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ईमेल ठेगानामा पठाउने र बैंकको वेबसाइट www.jbbl.com.np मा समेत राख्ने व्यवस्था गरिएको छ। साथै बैंकको प्रत्येक शाखा कार्यालय तथा केन्द्रीय कार्यालयबाट उक्त वार्षिक प्रतिवेदनको भौतिक प्रति प्राप्त गर्न सकिनेछ।
३. साधारणसभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहने छ। सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदन पुस्तिकामा समावेश भएको प्रवेश-पत्र साथमा लिई आउनु पर्नेछ। कुनै शेयरधनी महानुभावले कारणवस पुस्तिका नपाउनु भएमा आफ्नो फोटो भएको कुनै परिचय पत्र वा हितग्राही खाता (D-MAT) खोलिएको वा कुनै एक सक्कल शेयर प्रमाण-पत्र साथमा लिई आउनु पर्नेछ। परिचय दिने कागजात नदेखाई सभाकक्षमा प्रवेश गर्न पाइने छैन।
४. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गर्न सक्नेछन्। प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंकको केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौंमा सभा सुरु हुनु भन्दा कम्तीमा ७२ घण्टा अगावै दर्ता गराई सक्नु पर्नेछ।
५. एक जना शेयरधनीले एउटै मितिमा एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ। तर, प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले सभामा भाग लिन र मतदान गर्न पाउने छ। यस्तो अवस्थामा अघिल्लो मितिको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर भएको मानिनेछ।
६. शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले विकास बैंकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ। त्यसरी प्रतिनिधि (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा मनोनित गरेको प्रतिनिधिले निज बैंकको शेयरधनी नभएता पनि शेयरवालाको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नेछ।
७. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन्।
८. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नेछन्। तर संरक्षक आफै शेयरधनी नभएमा संरक्षकले अरु शेयरधनीको प्रतिनिधि (प्रोक्सी) भई सभामा भाग लिन सक्ने छैनन्।
९. शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध गरिन्छ। आवश्यक देखेमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ।
१०. साधारण सभा सम्बन्धमा थप जानकारीको लागि बैंकको केन्द्रीय कार्यालय कमलपोखरी–१, काठमाडौंमा सम्पर्क राख्नु हुन वा बैंकको वेबसाईट www.jbbl.com.np हेर्नुहुन समेत अनुरोध गरिन्छ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

सडक डिभिजन पोखरा, कास्की

प्राविधिक प्रस्ताव स्वीकृती तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सुचना

प्रकाशित मिति २०८२/११/०६

यस डिभिजनबाट तपसिलको निर्माण कार्यको लागि तपसिलका सूचना नं, मिति र पत्रिकामा बोलपत्र आह्वान गरिएकोमा पेश हुन आएका बोलपत्रहरुको प्रविधिक प्रस्ताव खोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली २०६४ को निमय ५९, ६०, ६१ र ६२ बमोजिम मुल्याङ्कन गरी योग्यताको सबै आधारमा सफल हुने तपसिल बमोजिमका सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुको आर्थिक प्रस्तावहरु तपशिलको स्थान, मिति र समयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

सूचना नं, मिती, पत्रिका र ठेक्का नं	निर्माण कार्यको विवरण	सफल बोलपत्रदाताहरु
Tender Notice No: 14-082/83 Published date. 2082/09/18 (Karobar National Daily) Contract No: RDPKR/337011694/082/83-43(Re)	Upgrading of Gharmikhola Armalakot Road Pokhara-16	• M/S Om Laxmi-Dewatri-Dhrubatara JV, Gothatar, Kathmandu • M/S Global Construction, Pokhara • M/S Anish and Aashish/Sherpa JV, Pokhara • M/S Arc D/Bhairab JV, Pokhara • M/S Amritman-Sarangkot-Shanti JV, Pokhara • M/S Mahesh/ Construction JV, Bharatpur
आर्थिक प्रस्ताव खोलिने मिति,समय र स्थान : २०८२/११/१३ गते दिनको १.०० बजे सडक डिभिजन पोखरा		

डिभिजन प्रमुख

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बुधबार ६ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

१२ वर्षपछि विश्वकपमा नेपालको पहिलो जित

१०औँ संस्करणमा स्कटल्यान्डलाई सात विकेटले हराउँदै नेपालले सन् २०१४ को विश्वकपछि जित हात पारेको हो

मुम्बईमा **रमेश सुवेदी**

उपकप्तान दीपेन्द्रसिंह ऐरीले आक्रामक रूपमा अर्धसतकीय इनिङ्स खेलेपछि नेपालले १२ वर्षपछि आइसिसी टी-२० विश्वकप क्रिकेटमा पहिलो जित निकालेको छ। १०औँ संस्करणको विश्वकपमा मंगलबार वानखेडे रंगशालामा नेपालले समूह 'सी'को आफ्नो अन्तिम खेलमा स्कटल्यान्डलाई सात विकेटले हराउँदै सन् २०१४ को विश्वकपछि पहिलोपटक दुई अंक जोड्यो। स्कटल्यान्डले पहिलो ब्याटिङ गरी २० ओभरमा सात विकेट गुमाउँदै एक सय ७० रन योगफल खडा गरेको थियो। नेपालले १९.२ ओभरमा तीन विकेट गुमाएर जित हात पारेको हो।

नेपालको जितमा नायक बनेका दीपेन्द्रसिंहले २३ बलमा चार चौका र तीन छक्का प्रहार गरी सर्वाधिक ५० रनको योगदान दिएका थिए। उनी खेलका म्यान अफ दी म्याचसमेत भए। गुल्सन झा र दीपेन्द्रसिंहबिच चौथो विकेटका लागि ३६ बलमा ७३ रनको साझेदारी गर्दै नेपाललाई १२ वर्षपछि जित दिलाएका हुन्। गुल्सनले नै विजयी चौका प्रहार गरेका थिए। चालू विश्वकपमा नेपाल इंग्ल्यान्डसँग चार रन, इटालीबाट १० विकेट तथा वेस्ट इन्डिजसँग नौ विकेटले पराजित भएको थियो। समूह चरणबाटै बाहिरिसकेको नेपालले दुई अंकका साथ पुछारमै रह्यो।

१७१ रन लक्ष्य पछ्याएको इनिङ्समा नेपालले उत्कृष्ट ओपनिङ साझेदारी पाएको थियो। कुशल भुर्तेल र आसिफ सेखले पहिलो विकेटका लागि ९.१ ओभरमा ७४ रनको साझेदारी गरेको थियो। पहिलो विकेटका रूपमा गुमाएको भुर्तेलले ३५ बलमा ४३ रन जोड्न चार छक्का र एक चौका प्रहार गरेका थिए। सेट ब्याट्सम्यान सेख ११.५ ओभरमा आउट हुँदा २७ बलमा ३३ रन बनाएका थिए। उनले दुई छक्का ठोके। कप्तान रोहितकुमार पौडेल १३.२ ओभरमा पेभेलिन फर्किए। उनले १४ बलमा १६ रन जोडे। त्यसपछि दीपेन्द्रसिंह र गुल्सनबिच नटआउट साझेदारी भएको थियो। गुल्सनले १७ बलमा दुई छक्का र एक चौका प्रहार गरी २४ रनको महत्त्वपूर्ण योगदान दिए। स्कटल्यान्डका लागि माइकल लिक्सले तीन विकेट लिएका थिए।



यसअघि टस हारी पहिलो ब्याटिङ गरेको स्कटल्यान्डले नेपालविरुद्ध स्तरीय ब्याटिङ प्रदर्शन गरेको थियो। नेपालका कप्तान रोहितकुमार पौडेलले इनिङ्सको पहिलो ओभरै दीपेन्द्रसिंह ऐरीलाई बलिङ गर्न लगाएका थिए। ओपनर जर्ज मुन्सी र माइकल जोनेसले विफल पारे। दुवैले पहिलो विकेटका लागि ९.६ ओभरमा ८० रनको साझेदारी गर्दै नेपालमाथि दबाब बनाएका थिए। मुख्य बलरहरूले विकेट लिन नसकेको पिचमा कप्तान रोहितले पहिलो सफलता दिलाए। रोहितले मुन्सीलाई सन्दीप जोराबाट विकेट आउट गराए। स्कटल्यान्डले विकेट गुमाए पनि रनरेटलाई ओरालो लाग्न दिएन। ओपनर जोनेसले ब्रान्डोन म्याकमुलेनसँग दोस्रो विकेटका लागि ५२ रनको साझेदारी गर्दै टोलीलाई १५.२ ओभरमा १३२-२ को स्थितिमा राखे। नेपाललाई दोस्रो सिनियर बलर सोमपाल कामीले दिलाएका हुन्।

विश्वकपमा दीपेन्द्रका दुई अर्धशतक

चालू विश्वकपमा मंगलबारसम्म दीपेन्द्रसिंह सर्वाधिक रन बनाउने सूचीको दोस्रो स्थानमा उक्लिएका छन्। उनले यस संस्करणमा लगातार दुई अर्धशतक बनाएका छन्। विश्वकपमा नेपालबाट दुई अर्धशतक खेल्ने उनी मात्र एक्ला ब्याट्सम्यान हुन्। उनले यसअघि समूह चरणमा इंग्ल्यान्डविरुद्ध ४४ रन र वेस्ट इन्डिजविरुद्ध ५८ रन जोडेका थिए। सुवास खकुरेलले सन् २०१४ मा हङकङसँगको खेलमा अर्धशतक बनाएका थिए।

शीर्ष स्थानमा रहेका न्युजिल्यान्डका सेफार्टले चार खेलमा सर्वाधिक १७३ रन जोडेका छन्। दोस्रो स्थानमा रहेका दीपेन्द्रसिंहले चार खेलमा १६९ रन जोडेका छन्। उनीपछि श्रीलंकाका कुशल मेन्डिस छन्। उनले तीन खेलमा १६८ रन जोडेका छन्। भारतका आक्रामक ब्याट्सम्यान इसन किसन १५८ रनका साथ चौथो स्थानमा छन्।

विश्वकपमा नेपालका लागि धेरै विकेट लिने बलर सोमपाल



आइसिसी टी-२० विश्वकपमा सोमपाल कामी नेपालबाट धेरै विकेट लिने बलर बनेका छन्। १० औँ संस्करणअन्तर्गत मंगलबार स्कटल्यान्डका तीन ब्याट्सम्यानलाई आउट गरेसँगै सोमपालले समग्र तीनवटा विश्वकप सहभागितामा १० विकेट लिएका हुन्। उनले दीपेन्द्रसिंह ऐरीलाई पछि पारेका छन्। दीपेन्द्रले सात खेलमा आठ विकेट लिएका छन्।

सन् २०१४, ०२४ र ०२६ को विश्वकपमा कुल आठ खेलमै बलिङ गरी सोमपालले १० विकेट पूरा गरेका हुन्। स्कटल्यान्डविरुद्ध सोमपालले २५/३ को उत्कृष्ट प्रदर्शन गरेका थिए। उनले अहिललेसम्म २४ ओभर बलिङ गरी १४४ रन दिएका छन्।

उनको इकोनोमी ६.१६ रहेको छ। दोस्रो स्थानमा रहेका दीपेन्द्रले दुई विश्वकप यात्रामा सात इनिङ्समा २२.३ ओभर बलिङ गरेका छन्। उनले १३८ रन खर्चदा ६.१३ इकोनोमी रनरेटमा बलिङ गरेका छन्। विश्वकपमा नेपालका लागि तेस्रो धेरै विकेट लिने बलर वसन्त रेग्मी हुन्। सन् २०१४ को डेब्यु विश्वकपमा वसन्ते तीन खेलमा पाँच विकेट लिएका थिए। स्पिनर शक्ति गौचन पाँच विकेटका साथ चौथो स्थानमा छन्। नेपालका ओपनर तथा पाट टाइम बलर कुशल भुर्तेल पाँचै विकेटका साथ पाँचौँ स्थानमा रहेका छन्। भुर्तेलले ६ इनिङ्समा २० ओभर बलिङ गरेका छन्। १०औँ संस्करणको विश्वकपमा डेब्यु गरेका नन्दन यादवले चार खेलमा पाँच विकेट लिए। यसैगरी, जितेन्द्र मुखियाँले तीन खेलमा तीन विकेट लिएका थिए। उनी सन् २०१४ को विश्वकपमा नेपालका मुख्य सिमर थिए।

अंक तालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
भारत	३	३	०	६	३.०५
अमेरिका	४	२	२	४	०.७८
पाकिस्तान	३	२	१	४	-०.४०
नेदरल्यान्ड्स	३	१	२	२	-१.३५
नामिबिया	३	०	३	०	-२.४४

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	३	३	०	६	२.४६
जिम्बावे	३	२	०	५	१.९८
आयरल्यान्ड	४	१	२	३	-०.१५
अस्ट्रेलिया	३	१	२	२	०.४१
ओमान	३	०	३	०	-४.५४

समूह 'सी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	३	३	०	६	१.८२
इंग्ल्यान्ड	४	३	१	६	-०.२०
स्कटल्यान्ड	४	१	३	२	०.१८
इटाली	३	१	२	२	-०.५८
नेपाल	४	१	३	२	-१.३४

समूह 'डी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
द. अफ्रिका	३	३	०	६	१.४७
न्युजिल्यान्ड	४	३	१	६	१.२२
अफगानिस्तान	३	१	२	२	-०.२१
युएई	३	१	२	२	-०.७९
क्यानडा	३	०	३	०	-१.८६

आजका खेल

द. अफ्रिका	बिहान ११:१५ बजे	युएई	
नामिबिया	दिउँसो ३:१५ बजे	पाकिस्तान	
भारत	राति ७:१५ बजे	नेदरल्यान्ड्स	

■ वानखेडेमा जितको साक्षी



मुम्बईस्थित वानखेडे रंगशालामा नेपालको समर्थन गर्दै समर्थक। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

यस्तो पनि

एकपटक मात्र विश्वकप खेल्ने राष्ट्र

भारत र श्रीलंकाले १०औँ टी-२० विश्वकप संयुक्त रूपमा आयोजना गरिरहेका छन्। सन् २००७ देखि सुरु भएको विश्वकपमा भारत, इंग्ल्यान्ड, वेस्ट इन्डिज, अस्ट्रेलिया, पाकिस्तान, श्रीलंका, न्युजिल्यान्ड र दक्षिण अफ्रिका लगातार विश्वकपमा छन्। विश्वकपमा तीन राष्ट्रले अहिलेसम्म समान एकपटक खेलेका छन्। सन् २००७ को पहिलो संस्करणमा ग्लोबल छनोटबाट केन्याले पहिलोपटक स्थान बनाएको थियो। केन्या समूह चरणभन्दा अगाडि बढ्न सकेन। त्यसपछि केन्याले विश्वकपमा स्थान बनाएको छैन।

सन् २०२४ मा युगान्डा पनि विश्वकपमा पुगेको थियो। केन्याले समूह चरणमा सबै खेल गुमाएको थियो। चालू विश्वकपमा इटाली पहिलोपटक विश्वकप खेलिरहेको राष्ट्र हो। युरोपियन छनोटमा इटाली दोस्रो स्थानमा रहँदै विश्वकपमा पुगेको हो। इटालीले छनोट खेलमा स्कटल्यान्डलाई हराउँदै स्थान पक्का गरेको थियो। डेब्यु विश्वकपमा इटालीले नेपालमाथि सनसनीपूर्ण १० विकेटको जित निकालेको थियो। यसबाहेक अन्य खेलमा इटालीले गतिलो प्रदर्शन गर्न सकेन। यसैगरी, हङकङ, पपुवा न्युगिनी र क्यानडाले समान दुईपटक विश्वकप खेलेका छन्। सन् २०१६ पछि हङकङ विश्वकपमा छनोट भएको छैन। पपुवा न्युगिनीले २०२१ र २०२४ को संस्करण खेलेको थियो।

जिम्बावे पहिलोपटक सुपर ८ मा, पूर्वविजेता अस्ट्रेलिया बाहिरियो



आयरल्यान्डसँगको खेल रद्द हुँदा जिम्बावे पाँच अंकका साथ सुपर ८ मा पुग्यो। तीन खेलबाट दुई अंक मात्र जोडेको अस्ट्रेलिया समूह 'बी'बाट बाहिरियो।

एजेन्सी

आयरल्यान्डसँग वर्षाका कारण खेल रद्द भएपछि पाँच अंकसहित जिम्बावे आइसिसी टी-२० विश्वकप क्रिकेटको सुपर ८ मा प्रवेश गरेको छ। जिम्बावे सुपर ८ मा पुग्दा पूर्वविजेता अस्ट्रेलिया एक खेलअगाडि नै प्रतियोगिताबाट बाहिरिएको छ। जिम्बावेले चार खेलमा पाँच अंक जोडेको हो। अस्ट्रेलियाले अर्को खेलमा जित निकाल्दा पनि चार अंक हुनेछ। यो अंकमा जिम्बावेलाई भेटाउन सक्दैन।

श्रीलंकाको क्यान्डीस्थित पालेकेले रंगशालामा मंगलबार जिम्बावे र आइरल्यान्डबिच खेलमा टस नै हुन सकेन। वर्षा नरोकिएपछि खेल सम्भव नहुँदा दुवैले अंक बाँडे। आयरल्यान्ड पनि चार खेलमा तीन अंक मात्र जोडेर बाहिरिएको छ। ओमान यसअघि नै बाहिरिसकेको छ।

योसँगै सुपर ८ खेल्ने सात टोलीको टुंगो लागेको छ। अब समूह 'ए'बाट पाकिस्तान, अमेरिका र नेदरल्यान्ड्समध्ये एक टोली सुपर ८ मा पुग्नेछ। समूह 'ए'बाट भारत यसअघि नै सुपर ८ मा पुगिसकेको छ। समूह 'बी'बाट श्रीलंका, समूह 'सी'बाट इंग्ल्यान्ड र वेस्ट इन्डिज अनि समूह 'डी'बाट दक्षिण अफ्रिका र न्युजिल्यान्ड सुपर ८ मा पुगिसकेका छन्। अस्ट्रेलिया विश्वकपबाट बाहिरिनुको पछाडि जिम्बावेसँगको २३ रनको हार पनि नै मुख्य रह्यो। समूह 'बी'बाट श्रीलंका र अस्ट्रेलिया अगाडि बढ्ने राष्ट्रका रूपमा लिइएको थियो।

जिम्बावेले १९ वर्षपछि अस्ट्रेलियालाई हराएको थियो। टी-२० विश्वकपमा अस्ट्रेलियाले जिम्बावेसँग दुईपटक प्रतिस्पर्धा गर्दा हारको सामना गरेको छ। सुपर ८ को आशा जीवितै बनाउन अस्ट्रेलियाले श्रीलंकालाई सोमबारको खेलमा हराउनुपर्ने थियो। तर, श्रीलंकाले अस्ट्रेलियामाथि ८ विकेटको सानदार जित निकाल्यो। यस हारले पनि अस्ट्रेलियाको सुपर ८ मा पुग्ने सम्भावना धर्मराएको थियो। अस्ट्रेलिया पहिलो खेलमा आयरल्यान्डलाई ६७ रनले हराएको थियो। आयरल्यान्डसँग जिम्बावे हारे मात्रै अस्ट्रेलियाको सुपर ८ मा पुग्ने सम्भावना यथावत् रहन्थ्यो।

दंग जिम्बावेली क्रिकेटर

यसअघि जिम्बावेले विश्वकपमा सुपर ८ को स्थान बनाउन सकेको थिएन। पहिलोपटक समूह चरण पार गर्दा जिम्बावेका खेलाडी दंग छन्। कप्तान सिकन्दर राजाले सबै खेलाडीले अगाडि चरण स्थान बनाउन मिहिनेत गरेको बताएका छन्। 'हामीले योपटकको विश्वकपमा इतिहास बनाएका छौं। यसका लागि सबैले उत्तिकै योगदान गरेका छन्,' राजाले भने, 'अब सुपर ८ का खेलमा केन्द्रित हुनुपर्छ।' उनले खेलाडीहरूले ड्रेसिङ रुममा सामान्य किसिमको मनोरञ्जन गरेको बताए। 'अवश्य पनि सुपर ८ मा पुग्नु हाम्रा लागि ठुलो उपलब्धि हो। ड्रेसिङरुममा खेलाडीहरू दंग थिए, हामीले सामान्य रूपमा सफलताको खुसी मनायौं।'

इतिहासमै अस्ट्रेलिया दोस्रोपटक समूह चरणमै सीमित



टी-२० विश्वकप इतिहासमा अस्ट्रेलिया दोस्रोपटक समूह चरणबाटै बाहिरिएको हो। सन् २००९ को संस्करणमा रिकी पोन्टिङको कप्तानीमा रहेको अस्ट्रेलिया समूह चरणबाटै बाहिरिएको थियो।

त्यसपछि अस्ट्रेलिया एकैपटक १०औँ संस्करणको समूह चरणमै सीमित भयो। विश्वकप इतिहासमा अहिलेसम्म आठ खेल रद्द भएका छन्। चालू विश्वकपमा आयरल्यान्ड र जिम्बावेबिच रद्द भएको पहिलोपटक हो। सन् २०१६ को संस्करणमा दुई खेलमा टस नै भएन। यसैगरी, सन् २००७, ०१२, २०२२ र ०२४ को संस्करणमा समान एक खेल रद्द भएका थिए।

समारा बने शतक लगाउने कान्छा खेलाडी



मुम्बई/ क्यानडाका युवराज समारा समग्र विश्वकप क्रिकेटकै शतक लगाउने कान्छा खेलाडी बनेका छन्। १०औँ संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेटमा समाराले मंगलबार न्युजिल्यान्डविरुद्ध ११० रनको शतकीय इनिङ्स खेलेका हुन्। उनको उमेर १९ वर्ष १४१ दिन हो। यसअघि विश्वकप इतिहासमा समाराअघि पाउल स्टेलिङले २० वर्ष १९६ दिनमा नेदरल्यानड्सविरुद्ध शतकीय इनिङ्स खेलेका थिए। उनले सन् २०११ को एकदिवसीय विश्वकपमा यो रेकर्ड राखेका थिए। अब पाउलको रेकर्ड एसोसिएट राष्ट्र क्यानडाका समारालेतोडेका छन्।

टी-२० विश्वकपमा कीर्तिमानी प्रदर्शन गरे पनि समाराले क्यानडालाई न्युजिल्यान्डविरुद्ध जित दिलाउन सकेनन्। चेन्नईमा पहिलो ब्याटिङ गरेको क्यानडाले २० ओभरमा चार विकेट गुमाएर १७३ रनको बलियो योगफल खडा गरेको थियो। जसमा समाराले ६५ बलमा ११ चौका र ६ छक्काको सहयोगमा ११० रनको योगदान दिएका थिए।

प्रत्युत्तरमा न्युजिल्यान्डले १५.१ ओभरमा दुई विकेटको क्षतिमा १७६ रन जोड्यो। न्युजिल्यान्डको जितमा ग्लेन फिलिप्सले ३६ बलमा ७६ रन बनाउनुका साथै तीन क्याच लिएका थिए।

क्यानडाले पहिलो विकेटका लागि १३.६ ओभरमा ११६ रनको शतकीय साझेदारी गरेको थियो। ओपनर दिलिप्रित बज्वाले ३९ बलमा ३६ रन जोडेका थिए। न्युजिल्यान्डका लागि ग्लेनबाहेक राचिन रविन्द्राले ३९ बलमा चार चौका र तीन छक्का प्रहार गरी ५९ रन जोडेका थिए। लक्ष्य पछ्याएको इनिङ्समा न्युजिल्यान्डको गतिलो सुरुवात भएन। इनिङ्सको २.४ ओभरमा न्युजिल्यान्डले पहिलो विकेट गुमाएको थियो। टिम सेफेर्ट ६ रनमा आउट भएका थिए। त्यसपछि फिन एलान इनिङ्सको ३.१ ओभरमा पेभेलियन फर्किए। न्युजिल्यान्डले पहिलो दुई विकेट गुमाउँदा स्कोर बोर्डमा ३० रन जोडेको थियो। त्यसपछि राचिन र ग्लेनबिच दोस्रो विकेट निमित्त १४६ रनको नटआउट साझेदारी भएको थियो।

कीर्तिमानले भरिएको प्रतिस्पर्धा

न्युजिल्यान्डसँग खेलमा क्यानडाले थुप्रै रेकर्ड बनाएको छ। ओपनर समाराले टी-२० विश्वकपमा सबैभन्दा युवा खेलाडीका रूपमा अर्धशतक र शतक लगाए। क्यानडाका लागि टी-२० विश्वकपमा उनले सबैभन्दा धेरै व्यक्तिगत रन बटुले। एसोसिएट राष्ट्रबाट टी-२० विश्वकपमा पहिलो शतक लगाउन उनी पहिलो खेलाडी बने। यसअघि सन् २०२४ को संस्करणमा आरोन जोनेसले क्यानडाविरुद्ध ९४ रन बनाएका थिए। क्यानडाले न्युजिल्यान्डविरुद्ध कुल बनाएको योगफलमा समाराले ६३.८५ प्रतिशत योगदान दिएका थिए। टोलीको कुल योगफल धेरै प्रतिशत योगदान दिने उनी तेस्रो खेलाडी हुन्। सन् २०१४ मा न्युजिल्यान्डले श्रीलंकाविरुद्ध खेल्दा केन विलियम्सले ७० प्रतिशत रनको योगदान दिएका थिए। सन् २०१२ मा न्युजिल्यान्डका लागि ब्रेन्डान म्याककुलमले ६४.४ प्रतिशत रनको योगदान दिए। न्युजिल्यान्डले बंगलादेशविरुद्ध १९१-३ को प्रदर्शन गरेको थियो।

■ म्यान अफ दी म्याच **दीपेन्द्रसिंह ऐरी** भन्छन्-

स्कटल्यान्डले दिएको लक्ष्य पछ्याउन उत्कृष्ट सुरुवात हुनुपर्ने थियो। हामीहरूको ओपनिङ भनेजस्तै भयो। भुर्तेल र शेखले पावर प्लेमा उत्कृष्ट ब्याटिङ गरे। विकेटको कन्डिसनअनुसार डट बल धेरै नखेल्ने योजना बनाएँ। एक वा दुई रन लिँदै इनिङ्स बिल्डअप गर्दै गयौं। विश्वकपमा १२ वर्षपछि जित निकाल्दा खुसी छु। अझ यसमा मैले पनि योगदान गर्न पाएँ। इटाली र वेस्ट इन्डिजसँगको खेलमा गल्ती गर्‍यौं। माथिल्लो स्तरीय खेल खेल्दै गल्ती सच्याउँदै जाने हो। यस किसिमको खेलले हामीहरूको क्षमता पनि बढ्दै जान्छ। विशेष गरी मुम्बईसम्म आउनुभएका नेपाली दर्शकलाई धेरै धन्यवाद छ। उहाँहरूकै कारण यहाँसम्म पुगेका हौं।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com